# तनहुँ जिल्लाको रानीपोखरी क्षेत्रका मगर जातिमा प्रचलित सोरठी : एक अध्ययन

*त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत*

*पृथ्वी नारायण क्याम्पस, नेपाली विषयको स्नातकोत्तर तह*

*दोस्रो वर्ष (५१०-६) पत्रको प्रयोजनको लागि प्रस्तुत*

## अध्ययन-पत्र

अध्ययन कर्ता

वेद बहादुर लोप्चन तामाङ

त्रि.वि.वि.दर्ता नं. : ७-२-४८-२३५३-२०००

रोल नं. : ९५७००२७

(प्राइभेट परीक्षार्थी)

नेपाली विभाग

त्रिभुवन विश्व विद्यालय

पृथ्वी नारायण क्याम्पस

पोखरा, २०७१

# त्रिभुवन विश्व विद्यालय
# पृथ्वी नारायण क्याम्पस, पोखरा
# (नेपाली विभाग)

## स्वीकृति-पत्र

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह नेपाली दोस्रो वर्षका परीक्षार्थी **श्री बेद बहादुर लोप्चन तामाङ**ले दसौं पत्र (५१०-६) को प्रयोजनका लागि यस विभागमा प्रस्ततु गर्नुभएको **तनहुँ जिल्लाको रानीपोखरी क्षेत्रका मगर जातिमा प्रचलित सोरठी : एक अध्ययन** नामक अध्ययन-पत्र स्वीकृत गरिएको छ ।

<u>मूल्याङ्कन कर्ता</u>

| क्र.सं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | विभागीय प्रमुख | ............................ | ............................... |
| २. | विशेषज्ञ | ........................... | ............................... |
| ३. | निर्देशक | ........................... | .............................. |

मिति : ...........................

# सिफारिस-पत्र

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, पृथ्वी नारायण क्याम्पस, नेपाली विषय, स्नातकोत्तर तह प्राइभेट दोस्रो वर्षका छात्र **श्री वेद बहादुर लोप्चन तामाङ**ले दसौं पत्र (५१०-६) को प्रयोजनका लागि यो अध्ययन कार्य **तनहुँ जिल्लाको रानीपोखरी क्षेत्रका मगर जातिमा प्रचलित सोरठी : एक अध्ययन** शीर्षकमा मेरो निर्देशनमा अत्यन्तै परिश्रमका साथ तयार पारेको यस अध्ययनप्रति म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि पृथ्वी नारायण क्याम्पस नेपाली विभाग समक्ष प्रस्तुत गर्न सिफारिस गर्दछु ।

........................................

निर्देशक

प्रा.डा.पशुपति नाथ तिमल्सेना

नेपाली विभाग

पृथ्वी नारायण क्याम्पस

पोखरा

मिति : वि.सं. २०७१।०८।२३

ई.सं. २०१४।१२।०९

# कृतज्ञता ज्ञापन

प्रस्तुत अध्ययन-पत्रको शीर्षक **तनहुँ जिल्लाको रानीपोखरी क्षेत्रका मगर जातिमा प्रचलित सोरठी : एक अध्ययन** रहेको छ । प्रस्तुत अध्ययन-पत्र मैले त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु प्रा.डा.पशुपति नाथ तिमल्सेनाको कुशल निर्देशनमा तयार गरेको हुँ । आफ्नो अमूल्य समयलाई पनि थाती राख्दै यो अध्ययन-पत्र तयारीको सन्दर्भमा अति आवश्यक सल्लाह, निर्देशन, सामग्री र सुझाव दिएर अविस्मरणीय सहयोग गर्नुहुने श्रद्धेय गुरूप्रति म सधैं कृतज्ञ एवं ऋणी रहने छु ।

प्रस्तुत अध्ययन-पत्र शीर्षकमा अध्ययन गर्ने स्वीकृति प्रदान गरी अध्ययन-पत्र लेख्ने अवसर प्रदान गर्नुहुने विभागीय प्रमुखज्यू तथा नेपाली विभागप्रति म आभार प्रकट गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु । यस अध्ययन-पत्र तयार गर्न आवश्यक पर्ने सामग्री सङ्कलनका लागि सहयोग गर्ने क्षेत्रीय पुस्तकालय पोखरा, त्यस्तै गरेर आवश्यक तथ्याङ्क सङ्कलनमा सहयोग पुऱ्याउने गा.वि.स. को कार्यालय रानीपोखरी तथा गीत सङ्कलनका क्रममा गीत गाएर अमूल्य सहयोग प्रदान गर्नुहुने सम्पूर्ण मेरा प्रिय महानुभावहरूप्रति आभार व्यक्त गर्दछु । मलाई सधैं विद्या आर्जन गर्न उत्प्रेरित गर्ने मेरो बाबा-आमा सुकबहादुर तामाङ तथा जेकुमाया तामाङ, अध्ययन कार्यमा विशेष सहयोग पुऱ्याउने मेरो धर्मपत्नी भक्तिमाया तामाङप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

यस अध्ययन कार्यलाई सम्पन्न गर्न अत्यन्त सरल र सुलभ तरिकाले शुद्धसँग कम्प्युटर टङ्कन गरी सहयोग गर्ने जुम साइवर, सृजनाचोक पोखराका सञ्चालक ऋषिराम बराल र मेरा प्रिय साथी मिनबहादुर पुन र विन्दु थापामगरप्रति पनि विशेष धन्यवाद दिन चाहन्छु । साथै, मलाई प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने महानुभावहरूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यस अध्ययन-पत्रलाई आवश्यक मूल्याङ्कनका लागि नेपाली विभाग, पृथ्वी नारायण क्याम्पस पोखरा समक्ष प्रस्तुत गर्दछु ।

मिति : वि.सं. २०७१।०८।२३
ई.सं. २०१४।१२।०९


वेद बहादुर लोप्चन तामाङ
रोल नं.: ९५७००२७
(प्राइभेट परीक्षार्थी)
नेपाली विभाग
पृथ्वी नारायण क्याम्पस, पोखरा

# विषय-सूची

**सिफारिस-पत्र**

**स्वीकृति-पत्र**

**कृतज्ञता ज्ञापन**

**विषय-सूची**

**सङ्क्षिप्त रूप**

| | | पृष्ठ |
|---|---|---|
| **अध्याय-एक : अध्ययन-पत्रको परिचय** | | **१-५** |
| १.१ | शीर्षक | १ |
| १.२ | अध्ययन-पत्रको प्रयोजन | १ |
| १.३ | समस्या कथन | १ |
| १.४ | अध्ययनको उद्देश्य | २ |
| १.५ | पूर्वकार्यको समीक्षा | २ |
| १.६ | अध्ययन-पत्रको औचित्य र महत्त्व | ४ |
| १.७ | अध्ययनको क्षेत्र र सीमा | ४ |
| १.८ | सामग्री सङ्कलन विधि | ५ |
| १.९ | अध्ययन-पत्रको अध्ययनगत रूपरेखा | ५ |
| **अध्याय-दुई : लोकनाटकको सैद्धान्तिक परिचय** | | **६-२०** |
| २.१ | लोक साहित्य | ६ |
| २.२ | लोक नाटकको परिचय | ९ |
| २.३ | लोक नाटकको परिभाषा | ११ |
| २.४ | लोक नाटकको उत्पत्ति | १३ |
| २.५ | लोक नाटक र शास्त्रीय नाटकमा भिन्नता | १५ |
| २.६ | लोक नाटकको तत्वहरू | १६ |
| २.७ | लोक नाटकको वर्गीकरण | १८ |

**अध्याय-तिन : रानीपोखरी गा.वि.स. र लोक साहित्यिक परम्परा** **२१-२८**

३.१ रानीपोखरी गा.वि.स.को सामान्य परिचय २२

३.२ रानीपोखरी शब्दको उत्पत्ति र नामकरण २३

३.३ रानीपोखरी गा.वि.स.को भौगोलिक चिनारी २४

३.४ रानीपोखरी गा.वि.स.को जनसङ्ख्या विवरण २४

३.५ सामाजिक स्थिति २५

३.६ शैक्षिक स्थिति २६

३.७ स्थानीय चाडपर्वहरू र सोरठी २७

**अध्याय-चार : रानीपोखरी क्षेत्रको मगर जातिमा प्रचलित सोरठीको अध्ययन र विश्लेषण** **२९-५४**

४.१ सोरठीको परिचय २९

४.२ सोरठीको विश्लेषण ३४

४.३ सोरठी लोकनृत्यको परम्परा ३६

४.४ सोरठी लोकनृत्यको संरचना ३७

४.५ सोरठीको विशेषता ४८

**अध्याय-पाँच : उपसंहार** **५५-६२**

५.१ सारांश ५५

५.२ निष्कर्ष ५८

**सन्दर्भ सामग्री** ६३

**परिशिष्ट** **६४-७७**

# सङ्क्षिप्त रूप

| | |
|---|---|
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| ई.सं. | ईस्वी सम्वत् |
| की.मी. | किलोमिटर |
| गा.वि.स. | गाउँ विकास समिति |
| त्रि.वि.वि. | त्रिभुवन विश्व विद्यालय |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प्रा. | प्राध्यापक |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| पृ.ना.क्या. | पृथ्वी नारायण क्याम्पस |
| पृ.सं. | पृष्ठ सङ्ख्या |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम सम्बत् |

# अध्याय एक

# अध्ययन-पत्रको परिचय

## १.१ शीर्षक

यस अध्ययन-पत्रको शीर्षक **तनहुँ जिल्लाको रानीपोखरी क्षेत्रका मगर जातिमा प्रचलित सोरठी : एक अध्ययन** रहेको छ ।

## १.२ अध्ययन-पत्रको प्रयोजन

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्र (५१०-६) पूरा गर्ने प्रयोजनको निम्ति यो अध्ययन-पत्र प्रस्तुत गरिएको छ ।

## १.३ समस्या कथन

नेपाली लोक साहित्यको अति लोकप्रिय विधा लोक नाटक अन्तर्गत पर्ने सोरठी नाच प्राचीन कालदेखि नै यस भेगमा लोक संस्कृतिको रूपमा प्रचलित छ । यो नाच विशेष गरी मगर, गुरुङ्ग र दुरा जातिमा विभिन्न अवसरमा नाचिने प्रचलित लोक नाटक हो । यस सोरठी नाचको बारेमा विभिन्न अध्ययन अनुसन्धान भएको पाइएतापनि तनहुँ जिल्लाको रानीपोखरी क्षेत्रमा यो नाचको बारेमा कुनै अध्ययन, विश्लेषण गरिएको छैन । यस क्षेत्रमा प्रचलित लोक नाटक सोरठी नाचको ढाँचा, स्वरूप, संरचना एवं वर्गीकरण विश्लेषण, यस नाचले समाजमा पारेको प्रभाव तथा युवा वर्गमा यस नाचप्रति चिन्ता र चासोका विषयमा के कस्तो अवधारणा छ यसको बारेमा जानकारी लिनु यस अध्ययनको खास समस्या हो । यस विषयको महत्त्वपूर्ण समस्याहरूलाई बुँदागत आधारमा निम्नानुसार देखाउन सकिन्छ :-

१) तनहुँ जिल्लाको रानीपोखरी क्षेत्रमा बसोबास गर्ने मगर जातिमा प्रचलित सोरठीको स्वरूप र परम्परा के कस्तो छ ?

२)	मगर समुदायमा प्रचलित सोरठीको सांस्कृतिक महत्त्व र प्रभाव के-कस्तो छ ?

३)	सोरठीको कथ्यवस्तु र शिल्प विधि आधार के-कस्तो छ ?

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन-पत्रको मुख्य उद्देश्य तनहुँ जिल्लाको रानीपोखरी क्षेत्रमा प्रचलित सोरठी नाचको अध्ययन, विश्लेषण र वर्गीकरण गर्नु रहेको छ । मगर जातिको बहुलता रहेको जिल्लाकै नमूना क्षेत्र रानीपोखरी सोरठी नाचको उर्वर क्षेत्र हो । सोरठी संस्कृतिले धनी क्षेत्र भए तापनि अध्ययन अनुसन्धानको अभावमा परि यो लोक नाटक लोप भएर जान सक्ने सम्भावना रहेको छ । तसर्थ मगर समुदायमा जातीय, सांस्कृतिक परम्पराको रूपमा प्राचीन समयदेखि प्रचलित सोरठी नाचलाई नेपालको मौलिक संस्कृतिको रूपमा चिनाउन र यसलाई दीर्घकालीन समयसम्म जोगाई राख्न पनि यस किसिमको आवश्यकता परेको हो । यसका साथै यस अध्ययन-पत्रको उद्देश्यहरूलाई निम्नानुसार बुँदागत आधारमा प्रस्तुत गर्न सकिन्छ :-

१)	तनहुँ जिल्लाको रानीपोखरी क्षेत्रमा बसोबास गर्ने मगर जातिमा प्रचलित सोरठीको स्वरूप र परम्पराको पहिचान गर्ने,

२)	मगर समुदायमा प्रचलित सोरठीको सांस्कृतिक महत्त्व र प्रभावलाई स्पष्टसित झल्काउने,

३)	सोरठीको कथ्यवस्तु र शिल्प विधि आधारलाई स्पष्ट पार्ने,

## १.५ पूर्वकार्यको समीक्षा

लोक साहित्यको क्षेत्रमा विभिन्न विद्वान्, अध्येताहरूले विभिन्न ठाउँमा सोरठी नाचबारे अध्ययन अनुसन्धान, विश्लेषण एवं वर्गीकरण गरेका छन् । अन्य ठाउँका विभिन्न जातिमा प्रचलित सोरठी नृत्यका बारेमा व्याख्या, विवेचना गरे पनि तनहुँको रानीपोखरी क्षेत्रका मगर समुदायमा प्रचलित लोकनृत्य सोरठीको बारेमा अझैसम्म कसैले अध्ययन गरेको पाइएको छैन । त्यसकारण यो लोक नाटकको विषयमा अध्ययन गर्नु आवश्यक देखियो । सोरठीका बारेमा यसभन्दा पूर्व गरिएका खोज, अध्ययन एवं अनुसन्धान निम्नानुसार रहेको पाइन्छ ।

कालीभक्त पन्तका 'हाम्रो लोक सांस्कृतिक इतिहास' कृतिमा सोरठीको बारेमा सामान्य चर्चा गरिएको छ । अनुसन्धानकर्ताहरूले कसैले लोक साहित्यको विधा मध्ये लोकगीत कसैले लोकनाटकमा राखेर चर्चा गरेको पाइन्छ । यो वास्तवमा कुन विधा अन्तर्गत पर्दछ भन्ने बारेमा

समेत एकरूपता आउन नसकेको परिप्रेक्ष्यमा यस रानीपोखरी क्षेत्रमा गरिएको यस अध्ययनले लोक संस्कृतिलाई बचाई राख्न रानीपोखरीको मौलिक पहिचान दिन र अध्ययन तथा अध्यापन क्षेत्रमा लाग्नेहरूका लागि उपयोगी हुनेछ (पन्त, २०२८:१९) ।

चूडामणि बन्धु, 'नेपाली लोक साहित्य' भन्ने पुस्तकमा नचरी लोक नाटकको बारेमा चर्चा गरिएको छ, जो सोरठी नृत्यसँग धेरै हदसम्म मिल्दोजुल्दो पाइन्छ (बन्धु, २०५८:२०३) ।

दिनेश घिमिरेले तनहुँ जिल्लाको क्यामिन गा.वि.स.को गुरुङ्ग जातिमा प्रचलित पाङदुरे मारुनी लोकनृत्यको अध्ययन गरेका छन् । जसमा यसलाई लोकनृत्य भनेर चिनाइएको छ र यो लोकनृत्य ऐतिहासिक सोरठीको गाथामा आधारित भनिएको छ (घिमिरे, २०६१:३१) ।

मोतीलाल पराजुलीबाट 'सोरठी नृत्य नाटिका' भन्ने सैद्धान्तिक अध्ययन गरिएको पुस्तकमा यस नाचको चर्चा गरिएको छ । यस पुस्तकमा पुरुष नारीका भेषमा नाच्ने सामूहिक नाच भनेर चिनाइएको छ (पराजुली, २०६३:६-७) ।

केशरजंग बरालले 'मगर आवाज' पत्रिकामा सोरठी नाच सम्बन्धमा लेख प्रकाशित गर्दै सोरठी नाचलाई ठाउँ अनुसार 'नाचन्या, नचरी, कराङ नाच, पाङदुरे' जस्ता नामले पनि चिनिन्छ भनेका छन् । यस नाचको नामकरण सम्बन्धमा यस सम्बन्धी ज्ञाताका अनुसार मगर भाषाको शब्द 'श्राङदी' बाट सोरठी भएको हो भनेर उल्लेख गरिएको पाइन्छ । सोरठी नाचको सोह्र ताल, सोह्र हाँगा भएकाले यस नाचलाई सोरठी भनिएको हो भन्ने तर्क राख्दै यो नाच विशेष गरी दसैंका कालरात्री पछि दसैं, तिहार, व्रतबन्ध, जात्रा, पहिलो छोरो जन्मदा पुतबधाइँ गर्ने र नयाँ घर बनाउँदा पनि यो नाच नाचिन्छ भनेर बरालले व्याख्या गरेका छन (बराल, २०६५:६) ।

मोतीलाल पराजुलीका अनुसार सोरठीमा पुरुष कलाकारले नारीको भेष धारण गरेर नृत्य गर्ने सामूहिक नाच भनेर व्याख्या गरिएको छ । तसर्थ, प्रायः सोरठीमा यो एक अर्थपूर्ण र महत्त्वपूर्ण नाचको रूपमा तनहुँ रानीपोखरीका मगरहरूबिच पनि रहेको छ ।

केशरजंग बरालका अनुसार मगर भाषाको श्राङ्दी शब्दबाट सोरठी भन्ने नामकरण भएको उल्लेख छ । मगर भाषामा श्राङ्दी सोह्रवटा भन्ने भएकोले सोह्र ताल, सोह्र हाँगा भएकोले यस नाचलाई सोरठी भनिएको र यो विशेष समयमा मात्र नाचिन्छ ।

यी माथिका विद्वान् तथा अध्ययन अनुसन्धानकर्ताहरूबाट यस लोक नाटक सोरठी नृत्यको अध्ययन विश्लेषण भएको पाइन्छ । तर अझैसम्म पनि रानीपोखरी क्षेत्रमा प्रचलित रामायण तथा श्रवण कुमारको कथामा आधारित सोरठी नृत्यको अध्ययन विश्लेषण कुनै पनि पक्षबाट हुन नसकेकोले उक्त अभावको पूर्ति गर्नु यस अध्ययन-पत्रको मुख्य उद्देश्य रहेको छ ।

## १.६ अध्ययन-पत्रको औचित्य र महत्त्व

मगर समुदायमा प्रचलित लोक संस्कृति सोरठी नाच अध्ययन अनुसन्धानको अभावमा भविष्यमा यस रानीपोखरी क्षेत्रबाट नै लोप भएर जान सक्ने भएकोले नेपाली लोक संस्कृतिको अभिन्न अङ्गको रूपमा रहेको यस लोक नाटक सोरठीको अध्ययन, विश्लेषण, सङ्कलन एवं वर्गीकरण गरी थोरै मात्रामा भए पनि मलजल दिएर यस लोक नाटकको अस्तित्व बचाउनु नै प्रस्तुत अध्ययन-पत्रको औचित्य र महत्त्व रहेको छ । तसर्थ प्राचीन कालदेखि लोकजन मानसमा हुर्कँदै आएको लोक नाटक सोरठी नृत्यको बारेमा अध्ययन, विश्लेषण गर्नु यस अध्ययन-पत्रको औचित्य रहेको छ ।

## १.७ अध्ययनको क्षेत्र र सीमा

सोरठी लोकनृत्य नेपालको पूर्व पश्चिम छरिएर रहेका मगर समुदायमा प्रचलित रहेको पाइन्छ । गण्डकी अञ्चलमा पर्ने तनहुँ जिल्लाको सदरमुकाम दमौली बजारदेखि झण्डै ८० की.मी.टाढा पश्चिम दक्षिणको बिचमा अवस्थित विविध लोकसंस्कृतिले धनी गा.वि.स. रानीपोखरीमा बढी मगर जाति रहेको क्षेत्रमा नै यस सोरठी नाचको विषयको बारेमा अध्ययन-पत्रको क्षेत्र किटान गरिएको छ । त्यहाँ बसोबास गर्ने मगर जातिमा प्रचलित सोरठी नाच मुख्य गरी रामायणको आख्यानमा आधारित रहेर अध्ययन गरिएको छ । विभिन्न समूहमा छलफल, अवलोकन, अर्न्तवार्ता, प्रश्नावली आदिका आधारमा तथ्याङ्क सङ्कलन गरी यस क्षेत्रमा प्रचलित लोक नाटक सोरठीको सङ्कलन, अध्ययन, विश्लेषण र वर्गीकरण गर्नु यस अध्ययनको क्षेत्र र सीमा रहेको छ । यस क्षेत्रमा लोक संस्कृतिका अन्य विधासँग सम्बन्धित विभिन्न सामग्री उपलब्धता भए पनि प्रस्तुत अध्ययन सोरठी नाचमा मात्र केन्द्रित रहेको छ । यस अध्ययनले सबै ठाउँमा रहेको मगर जातिको सोरठी नाचका बारेमा वास्तविक प्रतिनिधित्व नगर्न पनि सक्छ ।

## १.८ सामग्री सङ्कलन विधि

प्रस्तुत विषयको अध्ययन-पत्र तयार पार्नका लागि निम्न किसिमका अध्ययन विधिहरू अंगालिएको छ :-

**(क) पुस्तकालय विधि**

सोरठी नृत्यको बारेमा सैद्धान्तिक अवधारणाको ज्ञान प्राप्त गर्नका लागि पुस्तकालीय विधि अपनाइएको छ ।

**(ख) स्थलगत अवलोकन विधि**

आवश्यक पर्ने सामग्री सङ्कलनको निम्ति प्रत्यक्ष रूपमा सम्बन्धित ठाउँमा पुगेर सोरठी समूहका नाइके, गुरुवा, मादले एवं विज्ञ मानिसहरूसँग कथ्य रूपमा सङ्कलन, छलफल तथा अर्न्तवार्ता समेत गरिएको छ ।

**(ग) प्रश्नोत्तर विधि**

सोरठी नाचका पूराना विज्ञ व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाट गरी सम्बन्धित विषयको बारेमा तथ्यपरक तथ्याङ्क सङ्कलन गरी सार्वभौम मान्यता स्थापित गर्ने प्रयासमा यस प्रश्नोत्तर विधिलाई जोड दिइएको छ ।

## १.९ अध्ययन-पत्रको अध्ययनगत रूपरेखा

प्रस्तुत विषयको अध्ययन-पत्रलाई निम्नानुसार पाँच अध्यायमा वर्गीकरण गरी अध्ययन गरिएको छ :-

अध्याय-एक : अध्ययन-पत्रको परिचय

अध्याय-दुई : लोकनाटकको सैद्धान्तिक परिचय

अध्याय-तिन : रानीपोखरी गा.वि.स.र लोक साहित्यिक परम्परा

अध्याय-चार : रानीपोखरी क्षेत्रको मगर जातिमा प्रचलित सोरठीको अध्ययन र विश्लेषण

अध्याय-पाँच : उपसंहार

क) सन्दर्भ सामग्री

ख) परिशिष्ट

# अध्याय दुई

# लोक नाटकको सैद्धान्तिक परिचय

## २.१ लोक साहित्य

लोक र साहित्य जस्ता दुई शब्दको मिलापबाट लोकसाहित्य बनेको हो । जसको अर्थ लोक अर्थात जनताको साहित्य भन्ने हुन्छ । यो शब्द संस्कृतको 'लोकृदर्शने' धातुमा 'धञ्' प्रत्यय लागेको बनेको हो । यस धातुको अर्थ हेर्नु वा देख्नु हुन्छ । जसले देख्नेवाला प्राणी, संसार, जनता आदि अर्थ अभिव्यक्त गर्दछ । त्यस्तै पूर्वीय साहित्य सिद्धान्तमा साहित्य शब्दको व्युत्पत्ति र परिभाषा अनुसार- 'हितेन सह साहित्य, साहितत्य भाव साहित्य' अर्थात हितका लागि जनकल्याणको भावनाले अभिप्रेरित साहित्य भन्ने हुन्छ । जनताको कल्याण वा हितको भावनाले अभिप्रेरित शिष्ट अभिव्यक्ति नै लोक साहित्य हो भन्ने अर्थ बुझिन्छ । यसलाई ग्राम साहित्य, जनसाहित्य, अशिष्ट साहित्य आदि शब्दले पुकारेको समेत पाइन्छ (कोइराला, २०५६:१) ।

अंग्रेजीमा भने लोक साहित्यको अर्थबोध गर्ने शब्दका बारेमा विद्वान्हरूमा मतभिन्नता देखिन्छ । कसैले 'फोक लिटरेचर' (Folk Literature), कसैले फोक कल्चर (Folk Culture), लाई पर्यायवाची शब्दका रूपमा लिन्छन् भने फोक लोर (Folk Lore), लाई उपयुक्त ठानेको पाइन्छ ( गिरी, २०५७:१९) । लोकवार्ता अन्तरगत लोक साहित्य, लोक कथा, लोक नाटक, लोक काव्य, उखान-टुक्का एवं पहेलीका अतिरिक्त लोक व्यवहार, लोक धर्म, लोकरीति, लोक कला आदि विषय पनि पर्ने भएकोले लोक साहित्यलाई लोक वार्ताकै एक महत्त्वपूर्ण शाखाको रूपमा स्वीकार गरिनु उपयुक्त देखिन आउँछ ।

तसर्थ लोक साहित्य लोकको साहित्य हो र लोक वार्ता एक महत्त्वपूर्ण शाखा पनि हुन् । लोक साहित्यमा विशेषतः निरक्षर जनताका यथार्थ जीवनशैली, इतिहासका सत्य तथ्यहरूका साथै लोक दर्शन र लोक विश्वास समेत पाइन्छ ।

धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार- लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मिठो आकर्षणमय मौखिक साहित्य नै लोक साहित्य हो (थापा र सुवेदी, २०४१:११) ।

लोक साहित्यको सम्बन्धमा विभिन्न विद्वान्हरूबिच मतभिन्नता देखिए तापनि आदिम युगदेखि समाजमा सुनाइँदै, भनिदैं, गाउँदै आएका निरक्षर लोक जीवनका बुझाई, भोगाई एवं अनुभूतिका सरल, सहज, अलिखित, मौखिक अभिव्यक्ति नै समग्रमा लोक साहित्य हो । यसर्थ निष्कर्षमा के भन्न सकिन्छ भने परापूर्व कालदेखि मौखिक रूपबाट अपठित जनसमुदायको अन्तरहृदयबाट प्रष्फुटित आफूले जीवनयापनका क्रममा भोगेका यथार्थता एवं वास्तविक अभिव्यक्तिको समग्रता नै लोक साहित्य हो । यो गीत मार्फत्, कथा मार्फत्, नाटक मार्फत्, कविता मार्फत्, उखानटुक्का मार्फत र गाउँखाने कथा मार्फत् एक पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरित हुँदै आएका छन् । यसको रचयिता अज्ञात हुन्छ ।

विभिन्न विद्वान्हरूको उपर्युक्त मतहरूको अध्ययनबाट लोक साहित्यको विशेषतालाई निम्न लिखित बुँदाहरूमा समेट्न सकिन्छ :-

- लोक मानसको शाब्दिक अभिव्यक्ति,
- लोक आकांक्षा र आस्थाको प्रतिविम्बन,
- लोकानुभूतिको सरल अभिव्यक्ति,
- मौखिक परम्परा,
- निरन्तर परिवर्तनशील्ता,
- अतिकल्पनाको प्रयोग,
- मानव जीवनको हर्ष-विस्मात, सुख-दुःख, विरह-वेदना आदिको चित्रण,
- लोकज्ञानद्वारा पोषित,
- परम्पराको अनुशरण,
- अज्ञात रचयिता, इत्यादि ।

### २.१.१ लोक साहित्यको विधागत वर्गीकरण

लोक साहित्य लोक जीवनका ऐना हुन । यसले जनसाधारणको हृदयको भावनाको उजागर गर्दछ । जनसाधारणले भोगेका जीवन र जगतका अनुभव र अनुभूति यसमा पाइन्छन् ।

जीवन भोगका क्रममा खुसी र हाँसो पनि यसमा पोखिएका हुन्छन् र पीडा, व्यथा, तड्पन र जलन पनि यसमा पाइन्छन् । निरक्षर ग्रामीण भेगका जनताले जन्मदेखि मृत्युसम्मका विभिन्न संस्कार, पर्व, उत्सव, ऋतु, महिना आदिमा गीत, सङ्गीतमार्फत मनोरञ्जन प्राप्त गर्ने गर्दछन् । यसलाई निम्न आधारमा वर्गीकरण गर्न सकिन्छ :-

(क) भाषिक अभिव्यक्तिको आधारमा,

(ख) प्रस्तुतीकरणका आधारमा,

(ग) संस्कार, अनुष्ठानका आधारमा,

(घ) विषयवस्तुका आधारमा, इत्यादि ।

(क) भाषिक अभिव्यक्तिको आधारमा :- लोक साहित्यमा भाषिक अभिव्यक्तिको विशिष्ट महत्त्व रहेको हुन्छ । यसमा विषयवस्तु या कथ्य वस्तुलाई अभिनयात्मकका साथै भाषिक पक्षले पनि विशिष्ट भूमिका खेलेको हुन्छ जसले गर्दा लोक साहित्यिक पक्षलाई समाजमा हस्तान्तरण गर्न या परम्परागत गर्न महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । लोक साहित्यिक सामग्रीहरूलाई भाषाका सहायताले अभिव्यक्ति दिने क्रममा भाषाका पद्यात्मक, गद्यात्मक र चम्पूमूलक अभिव्यक्तिको प्रयोग भएको पाइन्छ । प्रस्तुत सोरठी लोक नाट्यमा पनि भाषाका गद्य, पद्य एवं चम्पूका आधारमा अभिव्यक्ति दिने काम गरिएको हुन्छ :-

(१) गद्यमूलक

(अ) आख्यानमुक्त- गाउँखाने कथा, युक्ति, उखान, टुक्का

(आ) आख्यानबद्ध- लोक कथा

(२) पद्यमूलक

(अ) गीतमूलक- आख्यानबद्ध लोक गाथा र लोक गीत

(आ) कवितामूलक- आख्यानमुक्त लोक गीत र लोक पद्य

(३) चम्पूमूलक- (गद्य+पद्य मिश्रित=चम्पूमूलक)

लोक नृत्य,

लोक गाथा,

लोक कथा, इत्यादि ।

(ख) प्रस्तुतीकरणको आधारमा :- प्रस्तुतीकरणको आधार भनेको लोक साहित्यमा यसको विशिष्ट महत्त्व रहेको हुन्छ । यसमा विषयवस्तु वा कथ्यवस्तुलाई अभिनयात्मक वा हाउभाउ देखाई प्रस्तुत गर्ने काम गरिएको हुन्छ ।

(१) श्रव्य : सुनेर

(२) दृश्य : हेरेर

(ग) संस्कार, अनुष्ठानका आधारमा :- लोक साहित्यिक क्षेत्रमा कुनै पनि विशेष संस्कार वा रीतिरिवाजको आधारमा हुने प्रस्तुती नै संस्कार, अनुष्ठानको आधार भन्ने बुझिन्छ । यसले लोक साहित्य एवं संस्कारलाई समाजमा हस्तान्तरण गर्न र परम्परागत गर्न महत्त्वपूर्ण योगदान दिएको हुन्छ ।

(१) संस्कारबद्ध लोक साहित्य

(२) संस्कारमुक्त लोक साहित्य

(घ) विषयवस्तुका आधारमा :- लोक जीवनका विभिन्न स्थिति र मानसिक अवस्थालाई सहजसँग लोकसमक्ष अभिव्यक्त गर्ने जे जति विभिन्न आधारहरु अपनाइन्छ तिनीहरुको आकार-प्रकार, विधि-विधान एवं अभिव्यक्ति शैली आदिमा केही न केही अन्तर हुने भएकोले लोक साहित्यलाई विभिन्न विधागत आधारमा वर्गीकरण गरिएकोमा विषयवस्तुका आधारमा पनि वर्गीकरण गरिएको छ । जो निम्न प्रकार रहेका छन् :-

(१) लोक गीत- लोक गीत, लोक पद्य

(२) लोक गाथा- आनुष्ठानिक लोक गाथा र मुक्त लोक गाथा

(३) लोक कथा,

(४) लोक नृत्य (लोक नाटक)- आनुष्ठानिक र मुक्त

(५) उखान टुक्का,

(६) गाउँखाने कथा, इत्यादि ।

## २.२ लोक नाटकको परिचय

लोक साहित्यको विभिन्न विधाहरू मध्ये लोक नाटक एउटा लोकप्रिय विधा हो । लोकमा प्रचलित नाटकलाई लोकनाटक भनिन्छ । प्राचीन भनाइ अनुसार नाटक सबै वर्गका व्यक्तिहरूले मनोरञ्जन प्राप्त गर्ने साधन हुन् । लोक नाटकको तात्पर्य विशिष्ट शिक्षित समाजभन्दा निरक्षर

साधरण जनसमुायले मनोरञ्जन गर्ने साधन भन्ने बुझिन्छ । लोक नाटक दुई शब्दको संयोगबाट बनेको छ । लोक + नाटक, लोक शब्दको अर्थ जनता वा समुदाय हो । नाटक शब्दको अर्थ अभिनय वा अवस्थाको अनुकरण गर्नु हो । त्यसैले यी दुई शब्दको अर्थलाई यहाँ छोटकरीमा केलाउने प्रयास गरिएको छ ।

### २.२.१ लोक शब्दको अर्थ

लोक शब्द नेपाली समाजमा प्रचलित प्राचीन शब्द हो । संस्कृत वाङ्मयमा 'लोक' शब्दको प्रयोग दुई किसिमले अर्थ्याइएको पाइन्छ । (१) स्थानका रूपमा र (२) सामान्य जनताको रूपमा । स्थानवाचक शब्दको रूपमा स्वर्गलोक, मर्त्यलोक जस्ता शब्द प्रचलित छन् भने जनताका रूपमा जन शब्द प्रचलित छ । जन शब्दको प्रयोग साधारण जनताका अर्थमा भएको पाइन्छ ।

### २.२.२ नाटक शब्दको अर्थ

नाटक शब्द नट् धातुबाट भएको हो । नट्को अर्थ चञ्चलता हो । यसर्थ नाटक भनेको मानवीय शरीरको अङ्गहरूको सञ्चालन हो । नाटकको पूर्वरूप नृत्य हो । अतः सम्पूर्ण कलाले युक्त अङग अङ्गादिको अभिनयबाट प्राप्त हुने आनन्दमा नै नाटक शब्दको अर्थ निहित रहेको हुन्छ (शर्मा र लुइँटेल, २०६३:४३५) ।

नाटकको पूर्ण रूप नै नृत्य वा नाटक हो । अतः लोक नाटक वा लोक नाटकको शाब्दिक अर्थ जनता, दुनियाँ वा संसारको सर्वाङ्गीण अभिनय भन्ने हुन्छ ।

### २.२.३ लोक शब्दको परिभाषा

जन र स्थानका रूपमा परिचित लोक शब्दलाई विभिन्न विद्वान्हरूले विभिन्न किसिमले परिभाषित गरेका छन् । केही विद्वान्हरूका परिभाषाहरू यस प्रकार छन्-

कुन्दन लाल उप्रेतीका अनुसार- सभ्यताहीन, अकृतिम जीवनशेलीमा विश्वास गर्ने अल्पशिक्षित मान्छेहरूको समूहलाई लोक भनेका छन् । लोक साहित्यका विद्वान् सत्येन्द्रले लोक शब्दको व्याख्या यरी गरेका छन्- लोक एउटा परम्परा प्रवाहको रूपमा विकसित भएको मनुष्य समाजको त्यो वर्ग हो, जुन वर्ग अभिजात्य संस्कार, शास्त्रीयता एवं पाण्डित्यपूर्ण चेतनाबाट विमुख हुन्छ (उप्रेती, १९८०:१७) ।

भारतीय विद्वान् वासुदेवशरण अग्रवालका अनुसार- हाम्रो जीवनको महासागर हो । जहाँ भूत, भविष्य र वर्तमान सञ्चित रहेको हुन्छ । यसमा लोकका सम्पूर्ण ज्ञान तथा अध्ययन समावेश भएकोले यो राष्ट्रको अमर स्वरूप हो ।

अंग्रेजी विद्वान् विलियम टाम्सका अनुसार 'फोक' शब्दले सभ्यताभन्दा टाढा रहेको सम्पूर्ण जात विशेषका प्रतिनिधित्व गर्दछ ।

समग्रमा हेर्दा लोक भनेको श्रमिक, अशिक्षित एवं अपरिष्कृत समुदाय मात्र नभई कुनै एउटा क्षेत्र विशेषको सम्पूर्ण जनसमुदाय हो । सामान्य अर्थमा यसलाई जनता वा जनसमुदाय भनिन्छ । यस अन्तर्गत शिक्षित, अशिक्षित, गरीब, धनी, साधारण, असाधारण सम्पूर्ण मानिसहरू पर्दछन् ।

### २.२.४ नाटकको परिभाषा

सम्पूर्ण कलाले युक्त भएका अङ्ग अङ्गादिको अभिनयबाट प्राप्त हुने आनन्दभित्र नाटकको परिभाषा लुकेको पाइन्छ । नाटकको परिभाषामा विद्वान्हरूबिच एकरूपता पाउन सकिदैंन । यहाँ केही विद्वान्हरूको परिभाषालाई उल्लेख गरिएको छ ।

आचार्य भरतको नाट्यशास्त्र नाटक सम्बन्धी पहिलो आधिकारिक ग्रन्थ हो । उक्त प्राचीन ग्रन्थमा नाट्य सम्पूर्ण त्रिलोकको भावको अनुकरण हो भनिएको छ । साहित्य दर्पणकार विश्वनाथका अनुसार दर्शकका सामु रङ्गमञ्चमा अभिनय भएपछि मात्र नाटकले सम्पूर्णता प्राप्त गर्दछ ।

उपर्युक्त विद्वान्हरूको परिभाषाबाट स्पष्ट हुन्छ कि नाटक घटनाको अनुकरण हो । नाटकमा अभिनयको प्रधानता हुन्छ । यसर्थ नाटक साहित्यको त्यो श्रव्यदृश्य विधा हो, जहाँ सम्पूर्ण लोकको वास्तविक वा काल्पनिक घटनाको अनुकरण हुन्छ ।

## २.३ लोक नाटकको परिभाषा

लोक साहित्यको विभिन्न विधाहरूमध्ये लोक नाटक पनि एउटा महत्त्वपूर्ण विधा हो । लोकमा प्रचलित नाटकहरूलाई लोक नाटक भनिन्छ । लोक नाटकको परिभाषा विभिन्न विद्वान्हरूले आ-आफ्नै किसिमले गरेका छन् । यहाँ केही लोक साहित्यशास्त्रीहरूको परिभाषा प्रस्तुत गरिएको छ ।

मोहन राज शर्मा र खगेन्द्र लुइँटेलका अनुसार- लोक भावना वा विचारको मौखिक अर्थात श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने कार्यव्यवहारमूलक एवं अनुकरणात्मक अवैयक्तिक भाषिक संरचनालाई लोक नाटक भनिन्छ (शर्मा र लुइँटेल, २०६३:४३७) ।

आदिम मानवको दैनिक क्रियाकलाप तथा अनुभवबाट विकसित परम्परागत नाट्यलाई लोक नाटक भनिन्छ (द इन्साइक्लोपिडिया ई. १९६३:४१८) ।

बालकृष्ण पोखरेलका अनुसार- कुनै घटना वा पक्षको सिङ्गो कथानकलाई लोकजीवनका सुख-दुःख, राष्ट्रिय मेला, पर्व वा कुनै ऋतुकालीन सन्दर्भलाई अंगालेर रीतिरिवाज अनुसार जनसाधारणमा खेलाइने वा देखाइने अभिनयलाई लोक नाटक भनिन्छ (पोखरेल, २०५५:११८८) ।

धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार- लोक नाटक लोक साहित्यको त्यो विधा हो, जुनसुकै कथावस्तुमा आधारित भएर कथात्मक गीतहरू विचरित हुन्छ । लोकनाटकमा गीत, सङ्गीत र नृत्य जस्ता साङ्गीतिक तत्त्वहरूको त्रिवेणी बनेको हुन्छ (थापा र सुवेदी, २०४१: ३४९) ।

चुडामणि बन्धुका अनुसार- लोक जीवनले उत्सव, पर्व तथा मनोरञ्जनको क्रममा जीवनको आशा, उमङ्ग तथा वहविलौना, उत्सव आदि भोगाइलाई आ-आफ्नै किसिमले व्यक्त गर्दछ । लोक अभिव्यक्तिको साथै यसै क्रममा अभिनय हुन सक्ने विषयवस्तु प्रदर्शित गर्दै गाउँघरमा ठाटी, पौवा, चौतारा वा सहरबजारका चोक र डवलीमा मनोरञ्जनका निम्ति देखाइने परम्परागत नाटकलाई लोक नाटक भन्न सकिन्छ (बन्धु, २०५८:२६२) ।

माथिका उल्लेखित परिभाषाहरूका आधारमा नेपाली समाजमा लोक नाटकको प्रचलन लोक जीवनको निकै प्राचीन तथा लोकप्रिय विधाका रूपमा देखिन्छ । मूलतः लोक नृत्य र लोक गीतबाट आफ्नो आधार निर्माण गरी सर्वसाधारण जनतालाई मनोरञ्जनको काम गर्ने उक्त विधाको रूपमा यसले आफ्नो स्थान सुरक्षित राखेको पाइन्छ । यसको मूल आधारभूमि लोक जीवन हो भन्ने कुरा प्रष्ट हुन्छ । समाजमा व्यक्तिहरूले विभिन्न उत्सव, चाडवाड आदिमा मनोरञ्जनको निम्ति लोक नाटकको प्रयोग गर्दछन् । लोक नाटक स्वाभाविक एवं नाट्यधर्मी हुन्छ । आफ्नो जीवनका दैनिक घटनादेखि लिएर समाज, संस्कृति आदि क्षेत्रका विराट फाँटबाट जुनसुकै विषयलाई लिएर पनि लोक नाटकको तयारी गर्न सकिन्छ । यसमा कुनै शास्त्रीय नियम पालन गर्नुपर्ने आवश्यकता मानिदैंन । लोक नाटकका निम्न विशेषताहरू हामी पाउँदछौं :-

(क) कथावस्तुमा स्वतन्त्रता,

(ख) सरल, सहज भावनाको प्रस्तुती,

(ग) गेयात्मक सरल भाषाको प्रयोग,

(घ) संवादात्मकता,

(ङ) निर्माणमा सहजता, इत्यादि ।

यसरी लोक जीवनको मनोरञ्जनका लागि गेयात्मकता र अभिनेयात्मकता जस्ता पक्षहरू यसमा समावेश भएको हुन्छ र यसको मूल आधार (क) नृत्य, (ख) सङ्गीत, (ग) अभिनय हुन् ।

यसरी विभिन्न विद्वान्हरूको भनाईबाट स्पष्ट हुन्छ कि लोक नाटक लोक जीवनका निकै प्राचीन र लोकप्रिय विधा हो । यसमा मानिसका सुख-दुःख, हाँसो-आँसुका अभिव्यक्ति छचल्किएको हुन्छ । यसको प्रदर्शन विभिन्न चाडपर्व तथा उत्सवहरूमा गरिन्छ । यहाँ लोक जीवनका अर्न्तभावनाहरू सरल र सहज रूपमा प्रस्फुटित भएका हुन्छन् । यसमा कुनै वनावटीपन हुँदैन । लोक नाटकमा प्रयोग हुने भाषा र संवाद सरल, सुबोध्य र स्थानीय हुन्छन् । लोक नाटकमा नृत्य, गीत र सम्भावित सानातिना घटना, संवादयुक्त कथावस्तु पनि पाइन्छ । नेपाली समाजमा यस प्रकारको अभिनयात्मकता कथा, गीत अर्थात गीत सङ्गीत र नृत्य सहितको विधाको रूपमा घाटु, धामीनाच, चाँचरी, गाइजात्रा, इन्द्रजात्रा, मारुनी, बालुन आदि लोक नाटकहरू प्रचलित रहेका छन् । यसका अतिरिक्त मालसिरी, भैलो, देउसी र जुहारी आदिलाई पनि लोक नृत्यकै रूपमा लिन सकिन्छ ।

तसर्थ कुनै व्यावसायिक उद्देश्य नभई विशुद्ध मनोरञ्जनसँग सम्बन्धित लोक जीवनका सुख-दुःख, हाँसो-आँसु, आशा-उमङ्ग र पिर-जलन, पीडा एवं व्यथाहरूलाई विषयवस्तु बनाई लोकले चाहे अनुसारको ठाउँमा मञ्चन हुन सक्ने स्वतःस्फूर्त स्वाभाविक शुद्ध र विकार रहित नाट्य अभिनय नै लोक नाटक हो । जसमा आफ्नै विशिष्ट गुरु परम्परा मंगलाचरणबाट आरम्भ, निश्चित भेषभूषा जस्ता विशेषताहरू समेत रहेका हुन्छन् ।

## २.४ लोक नाटकको उत्पत्ति

लोक नाटकको उत्पत्ति कहिले र कसरी भयो, यो निश्चय गरेर भन्न कठिन छ । केही धर्मग्रन्थमा लेखिए अनुसार यस लोकको उदय नै भगवानको नाट्य प्रवृत्तिबाट भएको हो । यस अर्थमा लोक नाटकको उत्पत्ति पनि भगवानबाटै भएको हो । भगवान शंकरको ताण्डव नृत्य, रामचरित्र, कृष्णचरित्र जस्ता नाच र नृत्यबाट नै लोक नाटकको उत्पत्ति हुन गएको कुरा

गंगाराम शाह, आफ्नो शोधपत्र सिराहा जिल्लामा प्रचलित थारु जातिको लोक नाटकहरूको सङ्कलन र विश्लेषणमा उल्लेख गर्छन् । प्राचीन समयबाट नै काठमाडौँ उपत्यकामा नाटक देखाउने परम्परा थियो भन्ने कुरा वर्तमान समयमा रहेका केही डबलीहरूबाट थाहा हुन्छ । कसैको विवाह, ब्रतबन्ध, पास्नीका समयमा नाटकहरूको आयोजना गरिन्थ्यो भने कतिपय धार्मिक नाटकहरू विशेष अवसरमा प्रदर्शित हुन्थे । काठमाडौँ उपत्यकामा नाटक देखाउने चलनको अवशेषको रूपमा डबलीहरू अहिले पनि हुँदैछन् । नाटकको प्रदर्शनको आप्नो निश्चित विधि थियो । पात्रहरू डबलीमा हात जोडे विन्ति गर्थे, पृष्ठभूमिमा बाजा बजाइन्थ्यो । नृत्यनाथको स्तुति गरेपछि पात्रहरूको प्रवेश हुन्थ्यो र आरती गरेर नाटकको समाप्ति गरिन्थ्यो ।

लोक नाटकको उत्पत्तिको इतिहास मानव सृष्टिको प्रारम्भमा नै गाँसिएको पाइन्छ । प्राचीन मानवीय भावनाका अभिव्यक्ति साङ्केतिक हावभावका रूपमा हुन्थ्यो । त्यसैले सामाजिक भावनासँग तादात्म्य राखेपछि शारीरिक हलचल नृत्यका रूपमा गाँसिएर नाटकीय रूपमा आयो । अतः नाटकको उत्पत्तिको विजका रूपमा लोक नाटकहरू नै रहेको पाइन्छ । नेपालमा प्रचलित घाटु नाच, देवी नाच, लाखे नाच, सोरठी वालन आदिमा पुरानो परम्परा स्थापित छ । यसका प्रचलनगत स्वरूपहरू विभिन्न पाइन्छन् । त्यसैले लोक नाटकको उत्पत्तिका बारेमा निर्क्योलमा पुग्न कठिन छ । काल्पनिक एवं मौखिक स्रोतका आधारमा ठोस उपलब्धी प्राप्त नहुनु स्वाभाविकै पनि हो ।

लोक नाटकको उत्पत्तिका बारेमा केही विचार तथा मतहरू देखा परेका छन् । ती निम्नानुसार छन्-

कृष्णदेव उपाध्यायका अनुसार- मानव सृष्टिको प्रारम्भिक चरणमा लोक अभिव्यक्तिको प्रारम्भ भएपछि लोक साहित्यको जन्म भएको मानिन्छ । सभ्यताको विकासका क्रममा विभिन्न रुची एवं प्रचलनले हावभाव तथा अभिनयको विकास भयो र यसको नाटकीय रूप धारण गरेको हो । प्राचीन नरनारीहरू हर्ष र विस्मात् दुवै स्थितिमा एकत्रित भई नृत्य र गीतको आयोजना गर्दथे । अन्न थन्क्याउने अवसरमा, सन्तानोत्पादनको खुसीयालीमा, नाच, गान र बजानको आयोजना गराइन्थ्यो । त्यस्ता अवसरमा देवदेवताप्रति कृतज्ञता ज्ञापन गर्नुका साथै मनोरञ्जन गरिन्थ्यो । यस्तै अवसरबाट नाटकको उत्पत्ति भएको हो (उपाध्याय, २०४४:३९) ।

पाश्चात्य विद्वान् मैकडोलनको अनुसार नाट्य उत्पत्तिको पहिलो रूप नाच हो । नाचको लोक नाटकसँग घनिष्ट सम्बन्ध रहेको छ । नाचको प्रारम्भ शारीरिक अवयव सञ्चालनबाट भएको हो (भट्टराई, २०३९:३५१)

रिजवका अनुसार नाटकको उत्पत्ति वीरहरूको पूजाबाट भएको हो । प्राचीन कालमा वीरहरूको मृतात्माको सम्मान गरिन्थ्यो । अहिले पनि मृतात्माको सम्मान तथा चीरशान्तिको लागि विभिन्न कार्यक्रमहरूको आयोजना गरिन्छ । वीरहरूको श्रद्धा तथा सम्मानमा उनीहरूको प्रवृत्तिको अनुकरण गरिन्थ्यो । त्यही अनुकरणात्मक प्रवृत्तिबाट नाट्य जन्मेको हो । अतः पौराणिक तथा ऐतिहासिक वीरहरूको जीवनगाथाबाट नाट्य कलाको जन्म भएको हो । रामलीला, गोपीचन्द्र, सोरठी, घाटु आदि लोक नाटकहरूमा पनि पौराणिक र ऐतिहासिक वीरहरूको जीवन चरित्र पाइन्छ (भटट्राई, २०३९:३५१) ।

यसरी विभिन्न जाति र समुदायमा प्रचलित लोक नाटकहरू जस्तै सोरठी, वालन, घाटु जस्ता नाटकहरू विद्यमान रहेका छन् । अहिले सोरठी र घाटु मगर, गुरुङ्गहरूकै समाजमा हुर्केर व्यापक नेपाली समाजकै अङ्ग बनेको छ । अतः समग्रमा हेर्दा नाटकको उत्पत्ति पनि त्यही आदिम मानवको प्रकृतिको प्रेरणाबाट भएको हो तर कुन मिति र समयमा भयो त्यो भने अझै अनुसन्धानको विषय बन्दै आएको छ । नेपाली समाजमा यस प्रकारको अभिनेयात्मक कथा, गीत, सङ्गीत र नृत्य सहितको विधाका रूपमा सोरठी, घाटु, धामी नाच, चाँचरी, गाइजात्रा, इन्द्रजात्रा, मारुनी, बालुन आदि प्रचलित लोक नाटक छन् भने मालसिरी, देउसी, भैलो, जुहारी आदिलाई पनि लोक नाटककै रूपमा लिन सकिन्छ ।

## २.५ लोक नाटक र शास्त्रीय नाटकमा भिन्नता

नाटकका रूपमा लोक नाटक र शास्त्रीय नाटकमा समानता भए पनि यी दुवै थरी नाटकमा केही भिन्नता पनि छन् । यी भिन्नताहरूलाई निम्नानुसार देखाउन सकिन्छ ।

### (क) अभिनय र पात्रको भिन्नता

नाटकहरू अभिनयात्मक विधा हुन् । लोक नाटकमा परम्परागत शैलीमा अभियन गरिन्छ । शास्त्रीय नाटकहरूको अभिनय शास्त्रीय नियमका आधारमा हुन्छ । शास्त्रीय आधारमा नाटकहरूको अभिनयले आधुनिक लिखित नाटकको स्वरूपलाई स्पष्ट गर्दछन् । यसमा विषयवस्तु अनुसार विभिन्न भूमिकामा खेल्ने पात्र हुन्छन् । लोक नाटकका पात्रहरू लोक जीवनको विचार र व्यवहारको प्रतिनिधित्व गर्ने खालका हुन्छन् ।

### (ख) मञ्चको भिन्नता

नाटकहरूको प्रदर्शन मञ्चमा हुन्छ । लोक नाटकहरूको प्रदर्शन लोक परम्परा अनुसार खुल्ला चौर, आँगन वा डबलीमा गरिन्छ भने शास्त्रीय नाटकहरूको लागि नाट्यशालाहरू बनाइन्छन् । यस्ता नाट्यशाला बनाउँदा शास्त्रीय विषयका आधारमा बनाउनु आवश्यक पर्छ ।

(ग) **कथानकको भिन्नता**

नाटकहरूले घटना र अवस्थाको अनुकरण गर्छन् । अनुकरणको क्रममा पात्रहरूले कथानक निर्माण गर्छन् । लोक नाटक भित्र पौराणिक र ऐतिहासिक विषयवस्तु लिएका कथाहरू हुन्छन् भने शास्त्रीय नाटकहरू ऐतिहासिक र पौराणिक भन्दा काल्पनिक नाटक बढी हुन्छ ।

(घ) **गीत र संवादको भिन्नता**

गीत र संवाद नाटकका अभिन्न अङ्ग हुन् । नेपालका केही लोक नाटकमा एकालापका स्थितिमा भन्नुपर्ने कुराहरू गीतमै भन्ने चलन छ । नेपाली सोरठी र घाटुका अभियन गर्दा पात्रहरू गाउँदैनन् । गुरुवाले कथानकलाई गीतको रूपमा प्रस्तुत गर्दछन् । शास्त्रीय नाटकहरूमा पात्रहरूका बिच भएका संवादको आधिक्य रहन्छ ।

(ङ) **भाषा र शैलीमा भिन्नता**

कुनै पनि नाटकका आ-आफ्नो भाषा र शैली हुन्छ । लोक नाटक परम्परागत हुनाले यसमा पुरानो भाषा र शैलीका अवशेष पाइन्छ भने स्थानीय भाषा र शैलीको प्रभाव पनि भेटिन्छ । शास्त्रीय नाटकमा भाषाको परिमार्जित रूपको र परिष्कृत शैलीको प्रयोग पाइन्छ ।

## २.६ लोक नाटकको तत्त्वहरू

लोक साहित्यको विविध विधामध्ये लोक नाटक पनि एउटा विधा हो । निकै लामो इतिहास बोकेको यस विधाले नेपाली जनमानसमा गहिरो छाप छाड्न सफल भएको छ । लोक नाटक लोक जीवन वा परम्परागत लोक संस्कृतिको संवाहक हो । हाम्रा पुर्खाले अवलम्बन गरेका परम्परागत विचार र सांस्कृतिक पक्षलाई यसले बोकेर हिडेको छ । यसको संरचनामा लिखत नाटकले जस्तै विभिन्न अङ्ग र अवयवहरू समावेश गरेको पाइन्छ । कुन्दन लाल उप्रेतीले लोक नाटकको मूल तत्त्वमा नृत्य, गीत र अभिनयलाई लिएका छन् ।

थापा र सुवेदीले पनि लोक नाटकको संरचनामा गीत, नृत्य र अभिनय जस्ता साङ्गीतिक तत्त्वलाई समेटेका छन् ।

यस प्रकार संगठित लोक नाटकलाई केलाउँदा यसको आदिम स्वरूपमा यिनै नृत्य, सङ्गीत र अभिनय जस्ता तत्त्वहरूको समन्वय भएको छ । यिनै लोकतत्त्वहरूसँग सम्बन्धित लोक नाटकका केही प्रमुख तत्त्वहरू यस प्रकार छन् ।

### २.६.१ कथानक

कथानक लोक नाटकको एक प्रमुख तत्त्व हो । कथानक विना लोक नाटक बन्न सक्दैन । लोक नाटकमा विभिन्न विषयसँग सम्बन्धित कथा लोक नाटक भित्र रहेका छन् । यस भित्रका धेरैजसो कथाहरू गीतका माध्यमबाट विचरित भएका हुन्छन् । यसरी लोक नाटकमा कथानकको अनिवार्यता रहेको हुनाले यसलाई प्रमुख तत्त्वका रूपमा लिन सकिन्छ ।

### २.६.२ पात्र

पात्र लोक नाटकको अर्को महत्त्वपूर्ण तत्त्व हो । पात्रहरूका भेषभूषा, नृत्य, अभिनय, सङ्गीत, मादल, झ्याली आदि बाजा बजाउनेहरूले पनि पात्रको भूमिका निर्वाह गर्दछन् । लोक नाटकमा पात्रका माध्यमबाट नै जीवन र जगतप्रतिको चिन्तन प्रस्फुटित हुन्छ । कुनै नाटकमा हाँस्य पात्रको पनि प्रयोग भएको हुन्छ । लोक नाटकमा मानव एवं मानवेतर पात्र पनि समावेश गरिएको हुन्छ । यी पात्रहरूको माध्यमबाट नै लोक नाटकका कथावस्तुलाई दोहोऱ्याउने काम गरिन्छ ।

### २.६.३ अभिनय

अभिनय लोक नाटकको महत्त्वपूर्ण तत्त्व हो । नाटकलाई जीवन्त बनाउने तत्त्व नै अभिनय हो । यसले लोक नाटकलाई प्रभावकारी र दर्शनीय बनाउँदछ । लोक नाटकमा गीतले व्यक्त गर्ने भावभन्दा अभिनयले व्यक्त गर्ने भाव बढी प्रभावकारी हुन्छ । लोक नाटकमा आङ्गिक र वाचिक अभिनय गरिन्छ ।

### २.६.४ सङ्गीत

घटना विवरण गीत र सङ्गीतको कारणले गर्दा नै लोक नाटकलाई गीति नाटक भनिन्छ । लोक नाटकको कथावस्तु गीतका माध्यमबाट अभिव्यक्ति हुन्छ । गीतबाट नै भाषाको प्रत्युत्तर हुन्छ । लोक नाटकको गीत अत्यन्त कर्णप्रिय र सरल हुन्छ । लोक नाटक गेयात्मक भएकाले गीत वा सङ्गीतलाई पनि यसको प्रमुख तत्त्वका रूपमा लिन सकिन्छ ।

### २.६.५ भेषभूषा

दर्शकहरूलाई नाटकतिर ध्यानाकर्षण गराउने कार्यमा रूपयोजन वा भेषभूषाको पनि ठूलो महत्त्व रहेको छ । ठाउँ अनुसार पात्रको भेषभूषा फरक-फरक हुन्छ । यहाँ लोक जीवनमा प्रचलित हाँडीको मोसो, मकैको जुँगा र थोत्रा कपडाहरूको प्रयोग गरिन्छ । यसरी परम्परागत भेषभूषाले लोक नाटकलाई आकर्षक र दर्शनीय बनाउने हुनाले यो पनि लोक नाटकको महत्त्वपूर्ण तत्त्व हो ।

### २.६.६ भाषा/संवाद

भाषा र संवादलाई लोक नाटकको महत्त्वपूर्ण तत्त्वको रूपमा लिन सकिन्छ । लोक नाटकलाई दर्शकका अगाडि अभिनय गर्ने क्रममा पात्रहरूको माध्यमबाट संवाद अगाडि बढ्छ । लोक नाटकको भाषा सरल र संवाद छोटो हुन्छ । संवाद सरल र छोटो भएकोले पठित र अपठित सबै दर्शकहरूले बुझ्िने हुन्छ । लोक नाटकमा पात्रहरू अशिक्षित हुने भएकाले उनीहरू गाउँले अथवा स्थानीय भाषाको प्रयोग गर्दछन् । अतः भाषा र संवाद लोक नाटकको प्रमुख तत्त्व हुन् ।

### २.६.७ उद्देश्य

लोक नाटक भित्र उद्देश्यले ठूलो स्थान ओगटेको हुन्छ । धार्मिक, सांस्कृतिक तथा सामाजिक विषयवस्तुलाई प्रस्तुत गर्ने वा मनोरञ्जन गर्ने उद्देश्यबाट लोक नाटकहरू प्रदर्शन गरिन्छन् । लोक नाटकमा परम्परादेखि चलि आएका मानवीय भावना, संस्कृति र विषयवस्तुसँग सम्बन्धित घटनाहरू समावेश भएका मानवहरूको विरेचन हुन्छ । यस्तै उद्देश्य बोकेर लोक नाटक अगाडि बढेको हुनाले उद्देश्य पनि लोक नाटकको एक महत्त्वपूर्ण तत्त्व हो ।

## २.७ लोक नाटकको वर्गीकरण

लोक नाटक नेपाली जनसमुदायमा निकै समय अगाडिदेखि लोकप्रिय र मनोरञ्जन प्रदान गर्ने विधाका रूपमा प्रयोग हुँदै आएको हो । विभिन्न चाडपर्व, जात्रा र उत्सवहरूमा यसको मञ्चन र प्रदर्शन गरिन्छ । यी विभिन्न सन्दर्भ र प्रयोजन विशेषमा प्रयोग गरिने लोक नाटकहरू भिन्नाभिन्नै प्रकारका देखिन्छन् । यिनलाई यिनका प्रयोजन र प्रकृतिका आधारमा वर्गीकरण गर्नु निकै गाह्रो कामका रूपमा देखा पर्दछ तापनि लोक नाटकलाई वर्गीकरण गर्ने केही प्रमुख आधारहरू यस प्रकार छन्-

### २.७.१ विषयवस्तुको आधारमा लोक नाटकको वर्गीकरण

लोक नाटकको वर्गीकरणको मुख्य आधार विषयवस्तु हो । लोक साहित्यका विद्वान्हरूले विषयवस्तुको आधारमा पनि लोक नाटकको वर्गीकरण गरेका छन् । यस अनुसार लोक नाटकलाई निम्न बमोजिम वर्गीकरण गर्न सकिन्छ ।

**(क) ऐतिहासिक लोक नाटक**

इतिहास प्रसिद्ध घटनालाई लिएर तयार गरिएको लोक नाटकलाई ऐतिहासिक लोक नाटक भनिन्छ । यस्ता लोक नाटकमा इतिहासका वीर पुरुष

वा साहसिक व्यक्तित्त्वहरूलाई नायकको रूपमा प्रस्तुत गरी तिनको वीरतापूर्ण कार्यलाई अभिनयात्मक रूपमा प्रस्तुत गरिन्छ । विशेषतः वीररसप्रधान हुन यस्ता लोक नाटकमा वीर पुरुषका साहसिक कार्यको वर्णन गरिएको हुन्छ ।

**(ख) पौराणिक अथवा धार्मिक लोक नाटक**

पुराण अथवा धर्मसँग सम्बन्धित लोक नाटकलाई धार्मिक लोक नाटक भनिन्छ । यस्ता लोक नाटकहरूको कथावस्तु धार्मिक ग्रन्थबाट लिइएको हुन्छ । यस्ता नाटकको मुख्य उद्देश्य समाजमा सत्चरित्रको शिक्षा दिनु हो ।

**(ग) सामाजिक लोक नाटक**

समाजले भोगेका र अनुभव गरेका जुनसुकै विषयवस्तुमा आधारित नाटकलाई सामाजिक लोक नाटक भनिन्छ । यस्ता नाटकमा समाजमा देखिने प्रतिनिधिमूलक पात्र र यथार्थ घटनाको जीवन्त प्रस्तुती हुन्छ । यस्ता नाटकमा सामाजिक समस्यालाई पनि उठाइएको हुन्छ ।

### २.७.२ तत्त्वको आधारमा लोक नाटकको वर्गीकरण

लोक साहित्यको व्याख्याता सत्येन्द्रले लोक नाटकभित्र रहेका निहित तत्त्वका आधारमा लोक नाटकको वर्गीकरण गरेका छन् । उनले लोक नाटकलाई निम्नलिखित तिन भागमा विभाजन गरेका छन् ।

**(क) नृत्यप्रधान लोक नाटक**

नृत्य लोक नाटकको महत्त्वपूर्ण तत्त्व हो । नृत्यद्वारा प्रदर्शन गरिने नाट्यलाई नृत्यप्रधान लोक नाटक भनिन्छ । यसमा मानिसका उन्मुक्त भाव सहज रूपमा नृत्यद्वारा प्रदर्शन हुन्छ । जस्तै : मारुनी नाच ।

**(ख) सङ्गीतप्रधान लोक नाटक**

सङ्गीत लोक नाटकको अनिवार्य तत्त्व हो । लोक नाटकको कथावस्तु सङ्गीतको रूपमा विचरित हुन्छ । सङ्गीतको भूमिका प्रधान भएका लोक नाटकलाई सङ्गीतप्रधान लोक नाटकका रूपमा चिन्न सकिन्छ ।

**(ग) संवादप्रधान लोक नाटक**

संवाद पनि लोक नाटकको अर्को आवश्यक तत्त्व हो । सङ्गीत कम र बातचित बढी भएको नाटक संवादप्रधान लोक नाटक हो । यस्ता नाटकले दर्शकलाई आत्मविभोर बनाउनुका साथै तार्किक शक्तिको पनि विकास गराउँछ ।

### २.७.३ कलाको आधारमा लोक नाटकको वर्गीकरण

लोक नाटक मानवीय जनजीवनमा आधारित मनोरञ्जनात्मक कला हो । यो कलात्मक नाटकलाई भारतीय लोक नाटकको व्याख्याता श्याम परमारले दुई भागमा बाँडेका छन् ।

(क) **सामाजिक लघु प्रहसन**

समुदायमा जातजातिहरूद्वारा समय समयमा गरिने छोटा स्वरूपका नाट्यलाई सामाजिक लघु प्रहसन भनिन्छ ।

(ख) **मध्यरात्रिमा शुरू भई बिहानसम्म अभिनय हुने गीतिनाट्य**

यो लामो कथा भएको नाट्य हो । यसमा धार्मिक, सामाजिक, ऐतिहासिक र लौकिक घटनाहरू मिसिएका हुन्छन् । यस्ता नाटकहरूले समाजमा मनोरञ्जनका साथै शिक्षा प्रदान गर्दछन् । यस्ता नाटकलाई बृहत नाटकहरू अन्तर्गत राख्न सकिन्छ । गीतिमय कथावस्तु भएका बृहत किसिमका नाटकहरूलाई मध्यरात्रिमा शुरु भई बिहानसम्म अभिनय हुने गीति नाटक भन्न सकिन्छ ।

लोक साहित्यको अति नै महत्त्वपूर्ण विधाहरूमध्ये लोक नाटक पनि एक महत्त्वपूर्ण विधा हो । लोक नाटक भन्नाले कुनै व्यावसायिक प्रयोजन नभई मनोरञ्जनसँग सम्बन्धित लोक जीवनले भोगेका आशा, उमङ्ग, सुख, दुःख, पिर, व्यथा, पीडा, जलन एवं विलौनाहरूलाई विषयवस्तु बनाई लोकले चाहे अनुसारको ठाउँमा मञ्चन हुन सक्ने स्वतःस्फूर्त स्वाभाविक शुद्ध र विकाररहित नाट्य अभियन नै लोक नाटक हुन् । जसमा आफ्नै विशिष्ट गुरूपरम्परा मंगलाचरणबाट आरम्भ र निश्चित भेषभूषा जस्ता विशेषताहरू अन्तर्निहित हुन्छ ।

तनहुँ जिल्लाको रानीपोखरी क्षेत्रका मगर जातिमा प्रचलित लोक नाटकहरू मध्ये सबैभन्दा बढी प्रचलित प्राचीन नृत्य (नाच) सोरठी नृत्य हो । यो नृत्य विशेष गरी रामायण र कृष्णचरित्र आदि गाथामा आधारित भएको देखिन्छ । यस नाचको विशेषता नै पुरुषलाई सिंगारेर स्त्री बनाएर नचाउनु रहेको हुन्छ । तसर्थ यस नाचलाई मारुनी नाच पनि भन्ने गरिएको पाइन्छ ।

मूलतः लोक नृत्य र लोक गीतबाट आफ्नो आधार निर्माण गरी सर्वसाधारण जनतालाई मनोरञ्जन प्रदान गर्ने र संस्कारयुक्त शिक्षा दिने उत्तम विधाका रूपमा यसले आफ्नो स्थान सुरक्षित राखेको पाइन्छ । रानीपोखरी क्षेत्रका मगर जातिमा प्रचलित सोरठीको उत्पत्ति र विकास सम्बन्धी ठोस प्रमाण भने पाइँदैंन । यो गुरु परम्पराबाट एक-अर्काले बचाउँदै आएको पाइन्छ र यसबारे विस्तृत अध्ययन आउँदो अध्यायमा चर्चा गरिएको छ ।

# अध्याय तिन

# रानीपोखरी गा.वि.स. र लोक साहित्यिक परम्परा

रानीपोखरी गा.वि.स. नेपालको गण्डकी अञ्चल तनहुँ जिल्लाको पूर्वी दक्षिणी भेगमा भएको एक विशिष्ट गा.वि.स.मध्ये एक हो । यस गा.वि.स.मा ९ वटा वडाहरू छन्, जसमा वडा नं.१, ६ र ७ मा मगरहरूको बहुलता ९५% भन्दा बढी रहेको छ भने वडा नं.९ मा ब्राह्मण क्षेत्रीको बसोबास बढी रहेको छ । यस गा.वि.स.मा मगर बाहेक ब्राह्मण, क्षेत्री, गुरुङ्ग, नेवार, साही, कामी, दमाई र अन्य जातिका मानिसहरू पनि बसोबास गर्दछन् । यो गा.वि.स. लोकसंस्कृतिले धनी मानिने गा.वि.स.मध्ये एक पर्दछ । यहाँ परापूर्व कालदेखि नै ऋषीमुनीहरू तपस्या गर्ने तपोभूमिको रूपमा यो ठाउँ परिचित छ । तसर्थ स्थानीय बासिन्दाहरूले यसलाई ऋषिङ क्षेत्र पनि भन्ने गर्दछन् ।

उहिले उहिलेका बाइसे चौविसे राज्यहरूको समयमा राजाहरूले यस स्थानमा राज्य गरेका थिए । एकजना सेन राजाले आफ्नी प्यारी रानीलाई नुहाउनको लागि एक विशिष्ट पोखरी बनाएका थिए र त्यसै पोखरीमा रानीले नुवाईधुवाई गर्ने गर्दथिन् । त्यसैले यस स्थानको नाम रानीपोखरी रहन गएको भन्ने स्थानीय बासिन्दाहरूको भनाई रहेको पाइन्छ । यस गाविसमा लोकसाहित्यिक परम्परा रहिरहँदै आएको पाइन्छ । जस्तै गाउँखाने कथा भन्ने, लोक कथा सुनाउने र विशेष गरेर लोक नाटक अन्तर्गतका नृत्यहरू जस्तै कौरा नाच, सोरठी नाच, मारुनी नाच, तीजगीतहरू यस क्षेत्रका विशेष आकर्षणका लोक साहित्यिक परम्परा हुन् । परापूर्व समयदेखि नै यस गाविसका बासिन्दाहरू धार्मिक स्वभावको रहँदै आएको र त्यहाँका स्थानीय चाडहरूमा विशेष गरी दसैं, तिहार, तीज, चैते दसैं, माघेसंक्रान्ति, फागु पूर्णिमा र अन्य चाडहरू मनाउँदै आइरहेका पाइन्छन् ।

रानीपोखरी क्षेत्रका बासिन्दाहरू अति नै मिलनसार, मृदुभाषी र सहयोगी एवं सोझा र पाहुना सत्कार गर्न अति नै सिपालु छन् । पाहुनालाई आफ्नो घरको इश्वर मान्नु भन्ने धार्मिक मान्यता यहाँ पाइन्छ । यहाँका बासिन्दाहरूमा आफ्नो संस्कृति र संस्कार एवं क्षेत्रप्रति अति प्रेम

रहेको पाइन्छ । यहाँका लोक साहित्यमा जनसाधरणले भोगेका जीवन र जगतका अनुभव र अनुभूति पाइन्छन् । जीवन भोगका क्रममा खुसी र हाँसो पनि यसमा पोखेको पाउँछौं । यसलाई व्यक्त गर्न मेला, पर्वमा दोहोरी गीत र नृत्य प्रतियोगिताका साथै कौरा नाच, मारुनी नाचहरू देखाइन्छ भने पीडा, व्यथा, जलन र विरह व्यक्त गर्न घाटु नाच र अन्य वियोगान्त गीतहरू गाइन्छन् । रानीपोखरीबासीहरू जन्मदेखि मृत्युसम्मका विभिन्न संस्कार, पर्व, उत्सव, ऋतु र महिना आदिमा गीत सङ्गीतद्वारा मनोरञ्जन प्राप्त गर्ने एवम् आफ्नो संस्कृति र संस्कार अनुसार परम्परा निभाउने गर्दछन् ।

## ३.१ रानीपोखरी गा.वि.स.को सामान्य परिचय

नेपालको पश्चिमाञ्चल विकासक्षेत्रभित्र पर्ने गण्डकी अञ्चलको तनहुँ जिल्लाको सदरमुकाम दमौली हो । यस तनहुँ जिल्लामा रहेका ४८ गा.वि.स.मध्येको एक विशिष्ट सांस्कृतिक पहिचान बोकेको गा.वि.स. रानीपोखरी हो । गण्डकी अञ्चलको सदरमुकाम पोखरादेखि ८५ कि.मी र तनहुँ जिल्लाको सदरमुकाम दमौलीदेखि ८० किमी टाढा पश्चिम दक्षिण तर्फ कला, साहित्य, धर्म, संस्कृति एवं विभिन्न सांस्कृतिक विविधताले युक्त रमणीय गाउँ रानीपोखरी हो । पूर्व र उत्तरमा गोलबद्ध रूपमा कोरदरबार गा.वि.स., पश्चिममा भिमाद गा.वि.स. र दक्षिणमा रम्जाकोट गा.वि.स.सँग भौगोलिक सिमाना जोडिएका रानीपोखरी गा.वि.स.जिल्लामा नै बढी मगर जातिका वसोवास रहेको गाउँले परिचित छ । राजनैतिक सिमानाका हिसाबले यसरी अवस्थित रहेको यस गा.वि.स.को भौगोलिक स्वरूप हेर्दा कुल क्षेत्रफलको ५०% भूभाग कृषि क्षेत्र (आवादी) ले ओगटेको छ । झण्डै ४०% जति भूभाग वन क्षेत्रले ढाकेको छ भने बाँकी १०% भूभाग भिरालो रुखो तथा पत्थरिलो क्षेत्रले ढाकेको छ ।

अधिकांश जसो मगर समुदायका वसोवास रहेको यस गा.वि.स.मा ब्राह्मण, क्षेत्री, नेवार, शाही, कामी, दमाई, सार्की, गुरुङ्ग आदि जातजातिहरू पनि रहेका छन् । सोझा, सिधा र परिश्रमी स्वभाव भएका रानीपोखरीका जनताहरू कृषि पेशामा नै जीवन निर्वाह गर्दै आएका छन् । आफ्नो छुट्टै किसिमको मूल्य, मान्यता, रीतिरिवाज, भेषभूषा र संस्कृतिमा रमाउने रानीपोखरीबासीहरूको गाउँको पहिचान गराउने स्थानीय चाडपर्व र मेलाहरूले धनी छन् । विशषतः चैते चाड, हडेलो यहाँका स्थानीय चाडपर्व हुन् भने दसैं मेला, माघे सङक्रान्ति, कोजाग्रत पूर्णिमा मेला, अक्षय तृतिया मेला यस गा.वि.स.लाई चिनाउने चाडपर्व तथा मेलाहरू हुन् । बाँस र चोयाबाट बनाउने नाङलो, काइयो, स्याखु, थुन्से, डोको, डालो आदि वस्तु उत्पादन

गरिनुका साथै भेडा बाखाका उनबाट काम्लो, राडी, पाखी जस्ता लत्ताकपडा उत्पादन गर्नु यस गा.वि.स.को प्रमुख मौलिक विशेषता हो । पर्यटन सम्भावना बोकेको हरियो वन र नदी, नाला र झरनाहरू र प्राकृति सम्पदाले यस क्षेत्रलाई अझै परिचित बनाउने काम गरिरहेका छन् । विगत ८।१० वर्षदेखि कच्चि मोटरबाटोको निर्माण भएको यस गा.वि.स.मा केन्द्रिय विद्युतिकरणले जोडेको छ । गा.वि.स.को शैक्षिक स्थिति मध्यम खालको छ । विगत केहि वर्षदेखि यस गा.वि.स.बाट पनि १०+२ को शिक्षा लिने अवसर प्रदान गर्न सफल भएको छ । जसले गर्दा निम्न कोटीका शैक्षिक जनशक्ति भए पनि उत्पादन गर्न सफल भएको छ भन्न सकिन्छ ।

## ३.२ रानीपोखरी शब्दको उत्पत्ति र नामकरण

यस गा.वि.स.को नाम कसरी रानीपोखरी रहन गयो ? भन्ने विषयमा खासै अध्ययन अनुसन्धान भएको पाइँदैन । यद्यपि यहाँका बुढापाका, बुद्धिजीवी, केही विज्ञ व्यक्तिहरूले आ-आफ्नै किसिमले अडकलबाजी एवं तर्कहरू भने राखेको पाउन सकिन्छ । स्थानीय बुढापाका र बुद्धिजीवी व्यक्तिहरूको भनाई अनुसार वर्तमान रानीपोखरी गा.वि.स.को नाम रानीपोखरी रहनुका आधारहरू तल प्रस्तुत गरी हेर्न सकिन्छ ।

स्थानीय बुद्धिजीवी व्यक्ति विन्दु थापा मगरका अनुसार- यस क्षेत्रमा बाइसे चौविसे राज्यहरूको समयकालका तत्कालीन सेन राजाले आफ्नो प्रिय रानीलाई नुहाउनको लागि एक विशेष किसिमको पोखरी बनाएका थिए र रानीले त्यसै पोखरीमा नुहाउने गर्दथिन् । त्यसैको आधारमा त्यस स्थानको नाम रानीपोखरी रहन गएको हो र पछि यसै स्थान रानीपोखरी गा.वि.स.को नामले यो परिचित भएको हो ।

उहाँकै अनुसार यहाँका मानिसहरू माझमा यस गा.वि.स.लाई ऋषिङ रानीपोखरी भनेर पनि भनिन्छ । ऋषिङ क्षेत्रचाहिँ रानीपोखरी र कोरदरबार गा.वि.स.का केही स्थानहरूलाई समेत भनिन्छ । परापूर्व समयमा त्यस ठाउँमा ऋषिमुनीहरूले तपस्या गर्ने तपोभूमिको रूपमा परिचित यस स्थानमा एकजना ऋषिमुनीले तपस्या गरेका थिए । ऋषिले तपस्या गरेको ठाउँमा एउटा कुवा थियो, दुई नदीहरूको बिचमा रहेको उक्त कुवामा ऋषिले पानी प्रयोग गर्ने गर्दथे । तसर्थ उक्त स्थानलाई ऋषिङ रानीपोखरी भनेर स्थानीय बासिन्दा भन्ने गर्दछन् । उक्त कुवा हालसम्म पनि छ । हालसम्म पनि उक्त कुवामा तीजको बेलामा त्यस क्षेत्रका तिन गा.वि.स.का महिलाहरूले कुवामा गएर नुवाइधुवाई गरी ब्रत बस्ने गर्दछन् । बडो अचम्म रूपले त्यस कुवामा अझैसम्म मुल फुटिरहेको छ । तर हाल कुवाको रेखदेखको कमीले गर्दा जीर्ण अवस्थामा छ ।

यस्ता ऐतिहासिक प्राकृतिक सम्पदाहरूलाई सम्बन्धित निकायहरूले जगेर्ना गर्न ध्यान पुऱ्याउन अति आवश्यक रहेको स्थानीय बासिन्दाहरूको गुनासो रहेको पाइन्छ ।

## ३.३ रानीपोखरी गा.वि.स.को भौगोलिक चिनारी

तनहुँ जिल्लाको निर्वाचन क्षेत्र नं.२ अन्तर्गत पर्ने प्राकृतिक सौन्दर्यले भरीपूर्ण रानीपोखरी गा.वि.स. साँच्चीकै रमणीय ठाउँहरूले बनेको छ । तनहुँ जिल्लाको सदरमुकाम दमौलीदेखि ८० किमी टाढा पश्चिम दक्षिण तर्फ कला, साहित्य, धर्म, संस्कृति एवं विभिन्न सांस्कृतिक विविधताले युक्त रमणीय गाउँ रानीपोखरी हो । पूर्व र उत्तरमा गोलबद्ध रूपमा कोरदरबार गा.वि.स., पश्चिममा भिमाद गा.वि.स. र दक्षिणमा रम्जाकोट गा.वि.स.सँग भौगोलिक सिमाना जोडिएको छ । कोरदरबार गा.वि.स.सँगको सिमाना सानो पहाडमा अवस्थित गोर्खाली चौपारीले छुट्याएको छ । उहिले उहिलेका समयमा गोर्खाका राजा र सिपाहीहले लडाईमा जाँदा यस ठाउँलाई बाटो बनाएका थिए र हातहतियार विसाउने र थकाई मार्न, रातोरात यो डाँडोमा चौपारी बनाइएकोले यस स्थानलाई गोर्खाली चौपारी भनिएको भन्ने तथ्य बुझिन आएको छ । सो गाउँसँग यस गाउँको आधा जसो भूभागले आपसमा हेराहेर गरेको पाइन्छ । भौगोलिक वनावट अनुसार गा.वि.स.को अन्नको भण्डार मानिने खेतका फाँटहरू टम्म मिलेर बसेको छ । स्थानीय जनताको जीवन बचाउने काम यहीँ फाँटमा झुल्ने अन्नबालीले गरेको छ । कहीँ समथर परेको फाँट त कहीँ उठेका डाँडा टाकुरा, भने कतै हरियो रानीवनले भरिएका भूवनावटले यस क्षेत्र सजिएको छ । विशेषत: तिन भागमा विभक्त यस क्षेत्रका मध्य भागमा बाक्लो बस्ती रहेको छ ।

## ३.४ रानीपोखरी गा.वि.स.को जनसङ्ख्या विवरण

**वडागत जनसङ्ख्या विवरण**

| वडा नं. | परिवार सङ्ख्या | पुरुष सङ्ख्या | महिला सङ्ख्या | जम्मा जनसङ्ख्या |
|---|---|---|---|---|
| ज्ञ | डछ | द्दटट | द्दटद्द | छ्ड्ड |
| द्द | ढ्छ | ज्ञद्धछ | ज्ञडछ | घडण |
| घ | ज्ञढ | ढ्ठ | टज्ञ | ज्ञ़्ण ड |
| ढ | द्दघ | ज्ञ़्ण ण | द्धढ | ज्ञद्धढ |
| छ | छ्य | ज्ञद्धद्ध | ज्ञटघ | घटद्द |
| ट | द्धद्द | घद्दद्द | घज्ञद्द | टघढ |

| | | | | |
|---|---|---|---|---|
| ठ | ज्ञ्द्द्ध | द्धठट | द्धटढ | ढद्धछ |
| ड | टद्ध | द्दठ | ज्ञढढ | द्धद्दट |
| ढ | घक्क्ष | ज्ञ ण घ | ढडद्द | ज्ञढडछ |
| जम्मा | डछ्ट | द्दडघछ | द्दठद्दठ | छ्क्ष्टद्द |

स्रोत : रानीपोखरी गा.वि.स.को भिलेज प्रोफाइल-२०७०

## ३.५ सामाजिक स्थिति

नेपाल र नेपालीको समाज भिन्न ठाउँअनुसार विछट्टै विविधता रहेको आ-आफ्नै किसिमको रहनसहन, सामाजिक क्रियाकलाप एवं आफ्नै मौलिक सांस्कृतिक विशेषता बोकेका नेपाली समाजको नमूना नेपालमा देख्न सकिन्छ । त्यस्तै समाजको एउटा ज्वलन्त उदाहरणको रूपमा रानीपोखरी गा.वि.स.लाई लिन सकिन्छ । सरल, परिश्रमी, स्वावलम्बी तथा सोझोपना विशेषता बोकेका, विविधतामा एकताको परिचय दिएका मगर, ब्राह्मण, क्षेत्री, नेवार, शाही, गुरुङ्ग, सार्की, कामी, दमाई  आदि जात, जनजातिहरू बसोबास यस गा.वि.स.मा रहेको छ । पेसाले धेरैजसो जनजातिहरू कृषिमा निर्भर रहेता पनि यसको अतिरिक्त वैदेशिक रोजगार, नोकरी, शिक्षक, कर्मचारी, मजदुर आदि पेशा अपनाएर जीविकोपार्जन गर्ने गरेका छन् । धर्म हिन्दू, बौद्ध, क्रिश्चियन, इस्लाम धर्म मान्ने मानिसहरू भएता पनि हरेक चाडपर्व, व्रतवन्ध, विवाह, महोत्सव एक आपसमा एकताका सूत्रमा बाँधिएर मनाउने गर्दछन् । खेतवारीमा काम गर्दा, मर्दापर्दा किन नहोस् सबै काम गर्दा एकले अर्कालाई सक्दो सहयोग गर्ने बानी रानीपोखरीबासीहरूको छ ।

जनसङ्ख्याको दृष्टिकोणले ५०% भन्दा माथि जनसंख्या भएको मगर समुदायमा अझै पनि फुपू चेला र मामा चेली विवाह गर्ने प्रचलन छ । मगर युवाहरू प्राचीन समयदेखि नै बेलायत, भारत, फ्रान्स, नेपाल जस्ता देशहरूमा भर्ती हुने संस्कृति अझ अद्यावधि रहिआएको छ । यसको अतिरिक्त वर्तमान समयमा युवा जनशक्ति रोजगारीका निम्ति अमेरिका, अष्ट्रेलिया, जापान, कोरिया तथा खाडीका विभिन्न मुलुक विदेशिनेको सङ्ख्या कम छैन । यसको सकारात्मक असर विदेशी रेमिट्यान्स त प्रशस्त भित्रिएको छ तर नकारात्मक असर यहाँका दरिलो युवा शक्ति बाहिरिँदा रानीपोखरीको भूमि रुखो हुन सक्ने सम्भावना पनि बढ्दै गएको छ । नगन्य प्रतिशतमा मात्र व्यापार व्यवसाय, शिक्षक, कर्मचारी आदि पेशा अँगालेको पाइन्छ । विशेषत: वर्षको बाह्रै महिना भरि विभिन्न राष्ट्रिय तथा स्थानीय चाडपर्वहरू पर्ने भएकोले हरेक पर्वहरू धुमधामका साथ मनाउँदै नातागोता, इष्टमित्र, आफन्तबिच रमाइलो गर्ने सामाजिक

परिपाटी छ । पितृसत्तात्मक समाज भए पनि यस गा.वि.स.मा महिलाको स्थिति उच्च नै रहेको छ । किनभने यहाँ के पुरुष के महिला, के बृद्धबृद्धा, युवायुवती, के केटाकेटी कुनै भेदभाव र असमानता पाइँदैन । त्यसैले यहाँको समाज अत्यन्त सरल तरिकाले अगाडि बढिरहेको पाउन सकिन्छ । तसर्थ रानीपोखरीका मगरहरूमा बडो मिजोसिलो, भद्र, सहयोगी भावना भएको एवं समाजसित घुलमिल गरी बस्ने र सबै जातिहरूसँग मेलमिलाप एवं सद्भाव रहेको पाइन्छ ।

## ३.६ शैक्षिक स्थिति

राष्ट्र, समाज एवं मानव विकासको मूल फुटाउने प्रमुख तत्त्व भनेको नै शिक्षा हो । शिक्षा विना कुनै पनि विकासका कल्पना गर्न सकिदैँन । त्यसैले शिक्षा मानव जीवनका आधार स्तम्भ हो भन्न सकिन्छ । यस विचारधारालाई मध्यनजर गर्दै रानीपोखरीका अगुवा व्यक्तित्त्व, बुद्धिजीवी एवं समाजसेवीहरूको पहलकदमीले रानीपोखरीका जनतालाई थोरै भए पनि शिक्षा लिन अवसर प्रदान गर्न २००७ सालको आन्दोलन पश्चात वि.सं.२०१५ सालमा बाल निकेतन प्रा.वि.को जन्म दिने काम गरे । उक्त विद्यालयमा हाल मा.वि.तहसम्मको पठनपाठन संचालन भइरहेको छ । त्यसपछि क्रमिक रूपमा त्यस क्षेत्रमा ७ वटा विद्यालयहरू स्थापना भइसकेका छन् । जसमा अमरज्योति प्रावि, अजम्बरी प्रावि, जनप्रेमी प्रावि, दीपज्योति प्रावि गरी ४ प्रावि, बाल निकेतन मावि र दिपक मावि गरी २ मावि र १ उच्च मावि शिवसरस्वती उच्च माविले शिक्षा प्रदा गरिरहेका छन् । यस किसिमको सह्रानीय कार्यले गर्दा आफ्नै गाउँका विद्यालयबाट एस.एल.सी.दिने सुविधा प्राप्त गरी जनता लाभान्वित हुन पुगेका छन् भने अर्को तर्फ उच्च शिक्षा पनि आफ्नै गाउँमा प्राप्त गर्न पाएका छन् । यहाँका मानिसहरूको शिक्षाप्रति चासो र चिन्ता बढेको कारण शैक्षिक विकासको तिव्रतासँगै शिवसरस्वती उच्च माविले र अन्य दुईवटा माविले विद्यार्थीलाई उच्च मा.वि.सम्मको शिक्षा प्रदान गर्दै आइरहेको वर्तमान समयमा रानीपोखरीका शिक्षक स्थिति उल्लेखनीय रूपमा विकास भएको देख्न सकिन्छ ।

उच्च मा.वि.बाट शिक्षाशास्त्र संकाय र व्यवस्थापन संकाय सञ्चालन गरी हजारौं विद्यार्थीलाई शिक्षा प्रदान गरिरहेको छ । अहिले रानीपोखरीबासी विद्यार्थीहरू शहरका विश्व विद्यालय, कलेजहरूमा मानविकी, व्यवस्थापन, विज्ञान, इन्जिनियरिङ्ग जस्ता विषयमा स्नातकदेखि स्नातकोत्तर तहसम्म अध्ययन गरिरहेका छन् । तिनै कलिला बालबालिकाहरूलाई शिक्षा प्रदान गर्न रानीपोखरीका विद्यालयहरूको छोटकरी विवरण तल प्रस्तुत गरिएको छ ।

**रानीपोखरीका सामुदायिक सरकारी विद्यालयहरू**

| क्र.सं. | विद्यालयको नाम | स्थापना वर्ष | विद्यार्थी सङ्ख्या | ठेगाना |
|---|---|---|---|---|
| १. | बालनिकेतन मा.वि. | वि.सं.२०१५ | २१५ | पल्ट्याङ्ग |
| २. | अमरज्योति प्रा.वि. | वि.सं.२०२० | २९ | झिरुबास |
| ३. | दिपक मा.वि. | वि.सं.२०२९ | ४६० | ऋषिङपाटन |
| ४. | शिव सरस्वती उ.मा.वि. | वि.सं.२०३२ | ९०० | ऋषिङ |
| ५. | जनप्रेमी प्रा.वि. | वि.सं.२०४५ | ४८ | आङ्गडाँडा |
| ६. | दीपज्योति प्रा.वि. | वि.सं.२०४५ | ४५ | ऋषिङ खरखरे |
| ७. | अजम्बरी प्रा.वि. | वि.सं.२०५० | ६५ | धारुङ |

स्रोत : रानीपोखरी गा.वि.स.को भिलेज प्रोफाइल-२०७०

## ३.७ स्थानीय चाडपर्वहरू र सोरठी

नेपाल बहुजाति, बहुभाषी, बहुधर्म, बहुसंसकृति भएको धनी देश हो । त्यसैले पनि होला रानीपोखरीमा बसोबास गर्ने मगर जातिको पनि आफ्नो छुट्टै सांस्कृतिक पहिचान झल्काउने चैते चाड रानीपोखरीबासीको परिचय दिने चाड हो । ऐतिहासिक महत्त्व बोकेको यो चाड कहिलेदेखि मनाउँदै आइयो भन्ने विषयमा निर्क्योल गर्न निकै कठिन छ । यो चाड विशेष प्रकारले मनाउने हुनाले अन्य छिमेकी गा.वि.स.हरूमा रानीपोखरीको परिचय दिने चाड बनेको छ । यो चाड किन र कसरी मनाइयो भन्ने सन्दर्भमा केही अग्रज बुद्धिजीवीहरूका भनाइ अनुसार हाम्रा जिजु पुर्खाहरूले खोरिया (बारी) खन्ने क्रममा अत्यधिक थकाइ लाग्ने भएकाले थकाइ मेट्नका लागि विश्राम गर्न र सोही दिन घरमा मिठो परिकारहरू पकाएर खाने प्रचलन हुँदा यस चाड मनाउने प्रचलन बसेको हो भन्ने भनाइ छ ।

हरेक वर्ष चैत महिनामा पर्ने पहिलो तथा दोस्रो हप्ता चोखो मंगलवार पारी हरेक वर्ष यो चाड मनाइन्छ । सांस्कृतिक रूपमा यो चाडको छुट्टै पहिचान छ । विशेष गरेर यस चाडमा मरेर गएका पृतात्माहरूको सम्झनामा पिण्ड चढाउने (श्राद्ध गर्ने) प्रचलन छ । यस चाड मनाउने दिनमा साँझपख गोवरले लिपपोत गरेको चोखो ठाउँमा विभिन्न माछा, मासु, भात, खिर, रोटी, रक्सी आदि परिकारलाई साल वा चिउरीको पातको दुना, टपरीमा राखी आफ्ना मृत

देउ पितृहरूलाई चीरशान्तिको कामना गर्दै चढाउने गरिन्छ । यस अवसरमा आफ्ना चेलीवेटी परपाहुनालाई बोलाएर दूनामा चढाएका प्रसाद खान दिएपछि मात्र अन्य खानेकुरा दिइन्छ । इष्टमित्र, परपाहुनासँग मिठा भोजन खाएर रमाइलो गर्ने गरिन्छ । यसै अवसरमा स्थानीय क्लव, संघसंस्थाले विभिन्न प्रतियोगितात्मक खेलकुद कार्यक्रमको साथ सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गर्दछन् ।

रानीपोखरी गा.वि.स.मा धेरै प्रकारका स्थानीय चाडहरू रहेका छन् । यस गा.वि.स.मा ५० प्रतिशतभन्दा बढी मगरजाति बसोबास गरेका छन् । मगर जातिमा पनि धेरै थरीका थरहरू रहेकोमा निम्न थरहरू आले मगर, थापा मगर, सिंजाली मगर, लामकान मगर, पुलामी मगर, लङ्कापति मगर र व्रेता मगर इत्यादिको बहुलता बढी रहेको छ । अन्य जातिमा ब्राह्मण, क्षेत्री, गुरुङ्ग, नेवार, साही, कामी, दमाई, सार्की र अन्य जातिहरू रहेका छन् । यस क्षेत्रका हरेक जाति धर्म र लिङ्गका आधारमा भेदभाव नभई हामी सबै नेपाली एक हौं र सबैले काँधमा काँध मिलाई राष्ट्र विकासमा हातेमालो गर्नुपर्छ भन्ने मान्यताका साथ समाजमा मिलेर रहेका छन् । यहाँका स्थानीय चाडपर्वहरूमा दसैं, तिहार, तिज, माघेसंक्रान्ति, चैते दसैं, फागु पर्व यहाँका प्रमुख चाडहरू हुन् । त्यसैगरी जन्म, विवाह एवं विभिन्न धार्मिक अवसरमा रमाइलो गर्ने परम्परा रहेको पाइन्छन् भने दुःख सुखमा समेत एक अर्कालाई सहायता गर्ने संस्कार रहेको छ ।

रानीपोखरी क्षेत्रका मगर जातिमा धेरै स्थानीय चाडर्वहरू रहेका छन् । उक्त क्षेत्रमा लोक साहित्यिक परम्परा पनि रहेको र लोक नाटकहरू पनि प्रस्तुत गरेको पाइन्छ । जसमा प्रचलित प्राचीन नृत्य सोरठी हो । यो विशेष अवसरको समयमा, चाडपर्वमा, सान्त्वना, मनोरञ्जन दिने र संस्कारयुक्त शिक्षा दिने उद्देश्य सहित नृत्य र गायन आदिको समेत प्रयोग गरेको पाइन्छ भने यो आश्विन शुक्ल पक्षको नवरात्रीमा विधिवत शुरु गरेर हिउँदभरि र आश्विन कार्तिक महिनामा उत्साहजनक रूपमा नाच्ने प्रचलन रहेको सोरठी प्रायः गरेर श्रीपञ्चमीको दिन साङ्गे गरिन्छ । यो पौराणिक गाथा रामायणमा आधारित छ । यसले लोक जीवनका धर्म, संस्कृति र परम्परालाई बोक्दै एकपुस्तादेखि अर्को पुस्तासम्म लैजाने काम गर्दछ । यस सोरठी सम्बन्धी आउँदो अध्यायमा विश्लेषण गरिएको छ ।

# अध्याय चार

# रानीपोखरी क्षेत्रको मगर जातिमा प्रचलित सोरठी नाचको अध्ययन र विश्लेषण

तनहुँ जिल्लाको रानीपोखरी गा.वि.स.मा रहेका मगरजातिमा प्रचलित सोरठी नाच लोक साहित्यको लोक नाटक अन्तर्गतका एक प्रख्यात लोक नृत्य हो । यस क्षेत्रमा यसलाई पाङ्दुरे तथा मारुनी नाच पनि भन्ने गरिन्छ। तनहुँ जिल्लाभरि सोरठीलाई पाङ्दुरे र मारुनी नाच भन्ने गरिन्छ भने कतै कतै आनुष्ठानिक नाचको नामले पनि पुकारिन्छ। पाङदुरे भनेको कोदो हो र कोदो पाक्ने समय (असोज कार्तिक) मा देखाउने भएकोले यसलाई पाङदुरे नाच भनिएको हो । त्यसैगरी मारुनी शैलीमा (पुरुषलाई स्त्री झैं बनाएर नाचिने) नाचिने भएकोले मारुनी नाच भनिएको हो । यस नाचमा प्रारम्भमा आनुष्ठानिक विधि पूरा गरिने हुनाले यसलाई आनुष्ठानिक नाच पनि भनेको पाइन्छ । त्यसैगरी बागलुङ जिल्लाको गलकोट तिर यसलाई नचरी भनिन्छ भने पाल्पा जिल्लाको पश्चिमी भागमा नचन्या वा करङ नाच पनि भनिन्छ (पराजुली, २०६३:६) ।

नचरी भनेको नृत्योत्सव हो र नाचन्या पनि नचरी जस्तै हुन्छ । विशेष गरेर नेपालका मगर, गुरुङ्ग, कुमाले, दरै आदि जातिमा प्रचलित सोरठी नृत्य दसैंको कालरात्रीमा प्रारम्भ गरी हिउँदभरि नचाइने र प्रायः (विशेष परिस्थिति बाहेक) श्रीपञ्चमीको दिन साङ्गे गरिन्छ। सोरठी साङ्गे गरिसकेपछि त्यो वर्षभरि सोरठी नाच नाच्न नहुने र अन्य गायन, बजान पनि गर्न नहुने जनप्रचलन रहेको छ। विभिन्न ताल र लयमा विभिन्न नृत्य मुद्राहरू प्रयोग हुने यस नाटकमा नेपालको ग्रामीण क्षेत्रमा प्रचलित परम्परागत भेषभूषाको प्रयोग गरिन्छ । तसर्थ यस क्षेत्रका मगर जातिमा प्रचलित सोरठी नाचको अध्ययन  विश्लेषण तल गरिएको छ।

## ४.१ सोरठीको परिचय

नेपालको मध्य पहाडी भागमा प्रचलित लोकसाहित्यको विभिन्न विद्याहरूमध्ये लोकप्रिय विधा सोरठी हो । सोरठी शब्दको व्युत्पत्ति र अर्थ स्पष्ट छैन । विद्वान्हरूका बिच सोरठीको

अर्थमा मतैक्यता पाइँदैन । तत्सम शब्दको सौराष्ट्रीबाट तद्भव शब्द सोरठी भएको हो भन्ने तर्क शर्मा र लुइटेल (२०६३:४४५) को पाइए तापनि यी दुई शब्दका बिच अर्थगत सम्बन्ध भने भेटिदैन । जैसिङ्गे राजाले पन्ध्र वटी रानी पछि सोह्रौं रानी बिहे गर्न खोजेकाले सोह्रवटीबाट सोरठी शब्द बनेको अड्कल गर्न सकिन्छ । नदीमा बगाइएकी बालिकालाई सोह्रवर्ष पाली बाबुआमालाई फर्काएकाले सोरठी हुन सक्ने लोक विश्वास पनि रहेको छ । तिहारको लक्ष्मी पूजादेखि ठूली एकादशीसम्म विभिन्न पौराणिक तथा ऐतिहासिक आख्यानमा आधारित विभिन्न लय, ताल र शृङ्गारमा मारुनी नृत्यसहित गाइने एकप्रकारको लोकलय सोरठी भएको र सोह्र प्रकारले नाचिने र गाइने भएकोले यसको नाम सोरठी रहेको पनि बताइएको छ (थापा २०५०:२५) । सोरठीका पारखीहरूले भने सोह्रथरीका गीत गाइने भएकोले यस गीतको नाम सोरठी रहेको हो भन्दछन् । सोरठीको तात्पर्य जेसुकै भए तापनि यो सोरठी नामको पात्रको आधारमा नामकरण गरिएको एउटा लोकप्रिय र प्रसिद्ध नृत्यप्रधान लोकगीत हो ।

तनहुँ जिल्लातिर सोरठीलाई पाङदुरे नाच र मारुनी नाच पनि भन्ने गरिन्छ, स्याङ्जा जिल्लाको दक्षिणपूर्वी भागमा नचरी भन्दछन् । पाल्पा जिल्लाको पश्चिमी भागमा यसलाई नाचन्या भन्दछन् । यस्तै पाल्पाको केही क्षेत्रमा कराङनाच भनिन्छ (पराजुली, २०३६:६) । पश्चिमी क्षेत्रको मध्यभागमा सोरठीलाई प्रसिद्ध ऐतिहासिक गीत भनिन्छ (शाह, २०६२:२५) । सोरठीमा जैसिङ्गे राजा र हैमती रानीको जीवनी झल्काइएको पाठहरू पाइए पनि इतिहासमा यो नाम भने कतै पाइँदैन । तापनि सोरठीलाई ऐतिहासिक गीत भने मान्न सकिन्छ । नेपालीपन झल्काउने स्वर र लय तथा नृत्य भएको सोरठी खासगरी मगर, गुरुङ्ग, कुमाल, दरै, सार्की, कामी आदि जातिमा यसको प्रचलन रहेको छ ।

सोरठी आश्विन शुक्ल पक्षको नवरात्रिमा विधिवत् रूपमा प्रारम्भ गरी हिउँद भरि नै नाच्ने गाउने गरिन्छ । आश्विन-कात्तिक महिनामा उत्साहजनक रूपमा प्रचलनमा रहेको सोरठी प्रायः श्रीपञ्चमीका दिन साङ्गे गरिन्छ (पराजुली, २०३६:६३९) । त्यसपछि वर्षभरि नै सोरठी गीत र नाच औपचारिक रूपमा प्रस्तुत गरिदैन । नेपाली सोरठीमा आफ्नै मौलिक स्वरूप रहेको पाइन्छ । नेपाली चाडपर्व, पूजाआजा, उत्सव, हर्ष बधाइँ कही पनि पाङदुरे नाच नचाइदा सोरठी देखा पर्दछ । खासगरी इन्द्रजात्राको पर्वदेखि बैशाख पूर्णीमासम्म नाचिने समय मानिएको छ भने कृष्ण अष्टमीमा नृत्य जगाइ श्रीपञ्चमीका दिन सेलाउने प्रचलन रहेको र त्यसमा पनि अझ महत्त्वपूर्ण समय इन्द्रजात्रा (कात्तिक पूर्णिमा) हो । कात्तिक महिनामा सोरठी नाच हेर्नु भन्ने गाउँघरको चलन अद्यावधि हुँदैछ (पराजुली, २०६३:३३९) ।

सोरठीमा नेपालको ग्रामीण क्षेत्रमा प्रचलित परम्परागत भेषभूषाको प्रयोग गरिन्छ । विभिन्न ताल र लयमा विभिन्न नृत्यमुद्राको प्रयोग हुने यस नाचमा कोमल नृत्य प्रस्तुत हुन्छ । नेपाली सोरठी गीतमा प्रस्तुत गरिएको कथानक अधुरो रहेको छ । भारतको विभिन्न ठाउँमा सोरठी पाँवरा नामबाट विभिन्न गाथा गाउँले प्रचलन पाइन्छ । ती गाथा र नेपाली सोरठीको कथालाई जोडेरमात्र यसको पूरै कथानक बन्छ । भारतको कतिपय ठाउँमा यो गाथा लोककथाको रूपमा पनि प्रचलित रहेको पाइन्छ । विभिन्न ठाउँमा पाइने सोरठी कथाको अध्ययन गर्दा यसको स्वरूप खण्डकाव्यको आकृतिदेखि महाकाव्यको आकृतिसम्म भेटिन्छ । अतः यो बृहत लोककाव्यको रूपमा पनि परिचित छ ।

सोरठी सञ्चालन गर्ने मुख्य व्यक्तिलाई मोतीलाल पराजुलीका अनुसार रौरा ( गुरुबा/निर्देशक) र ऊ पछिको दोस्रो महत्त्वपूर्ण व्यक्तिलाई गुह्र्या (प्रमुख सहायक) भनिन्छ । सोरठीमा गीत गाउँने, बजाउने र नाच्ने गरी तिन समूह हुन्छन् । गीत गाउँने समूहलाई गर्राभाई वा गोडेभाइ भनिन्छ । यो गोडेभाइको दुई समूह हुन्छ । यसमा रौराको नेतृत्वमा पहिलो समूहका चारजना गर्रा र दोस्रो समूहका चारजना गुह्र्याले गीत गाउँछन् । गायनको क्रममा रौराले सर्वप्रथम गीत थालनी गर्दछ भने त्यसैगरी गीतलाई गुह्र्याले नेतृत्व गरेको दोस्रो समूहले उक्त गीतलाई छोप्ने वा पुनरावृत्ति गर्ने चलन छ (पराजुली, २०६३:७) ।

सोरठीको आरम्भ रौरा (गुरुवा) ले देवीदेवता सम्झेर मङ्गल गीत गाउँछ जसलाई सरस्वती जगाउने (बाध्ने) भनिन्छ । उक्त समयमा गुरुमादलेले मादल बजाएर ठोकान हाल्दछ । ठोकान हाल्नुलाई बाधन बन्धन पनि भनिन्छ । यस अवसरमा त्यहाँ उपस्थित लामा धामीहरू काम्न थाल्दछन् । यस क्रमलाई सरस्वती चढेको वा देवी चढेको भनिन्छ । मादलको साततालदेखि बाइसतालसम्म बजाएर कामेको वा सरस्वती चढेको हटाउने विधि विधान गरिन्छ । सोरेठी प्रारम्भ गर्दा मङ्गलगीत अनिवार्य मानिन्छ ।

सोरठी नृत्यप्रधान गीत भएकोले यसमा एउटा नृत्य समूह पनि हुन्छ । नृत्य मण्डलीमा जैसिङ्गे राजा हैमती रानी, सोरठी, जैसी, कटुवाल, सुढेनी आदि पात्रको नृत्य अभिनय गर्ने नर्तकहरू हुन्छन् । कृष्णचरित्र, रामायण, महाभारत र अन्य विषयवस्तुबाट सोरठीको कथा ल्याइए पनि मूलरूपमा नर्तकहरू पाँचजना हुन्छन् । तीमध्ये दुईजना स्त्रीभेषमा मारुनी हुन्छन् र तिनले नृत्यका साथ हेमावती रानी सोरठी वा अन्यपात्रको भूमिका गर्छन् भने एउटा पुसुङ्गे भनिने महत्त्वपूर्ण पात्र पनि हुन्छ ।

यसले बिचबिचमा ख्याल ठट्टा र स्वाङद्वारा थप रमाइलो गर्दछ भने दुईजना मादले रहेका हुन्छन् । यिनले पनि मादल बजाउँदै नृत्य गर्ने गर्दछन् । यी सबै पात्रहरू मिलेर गायन, वादन, नृत्य र अभिनय गर्दै सोरठी प्रदर्शन गर्दछन् । सोरठी गीत गाउँदा बिचबिचमा पुसुङ्गेको प्रहसन र ख्याली गीतहरू मिसाएर यसलाई लम्बाउने गरिन्छ । यसको प्रस्तुती लगातार केही दिनसम्म भइरहन्छ ।

नृत्य समूहमा सबै पुरुष पात्रहरू मात्र रहेका हुन्छन् र दुईजना पुरुष पात्रलाई स्त्रीका भेषमा मारुनी बनाइएको हुन्छ । त्यसैले पनि यस नाचलाई मारुनी नाच भन्ने पनि चलन छ । मारुनीले चौबन्दी चोली, घाँघर अथवा फरिया, पटुका, पछ्यौरी, कर्मु आदि पहिरनका साथ शिरबन्दी असर्फीको माला, फुलीमुन्द्री, बाला (रैया), चुरा, कल्ली आदि गहना पनि लगाउँछन् । पुर्सुङ्गेले सेतो भोटो, घाँघर, इस्टकोट, नैना सुटको फेटा पहिरन साथ पैसाको माला लगाएको हुन्छ ।

सोरठी प्रदर्शनमा संलग्न तेस्रो समूह वा वाद्यवादनहरू रहेका हुन्छन् । तीमध्ये एकलाई गुरुमादले भनिन्छ । अन्य वाद्यवादकहरूले झ्याली, मुजुरा, चाँप आदि बाजा बजाउँछन् (दुई मादले बाहेक अन्य वाद्यवादक नहुन पनि सक्छन्) गुरु मादलेले टोपी, इष्टकोट, भोटो, कछाड, पटुका, गादा आदि पहिरन लगाएको हुन्छ र उसले मारुनी तथा पुर्सुङ्गेसँग नृत्य समेत गर्दछ । सोरठी लामीताल र छोटी तालमा गाइन्छ र नाचिन्छ । यसरी एकैजनाले लामी ताल र छोटीताललाई बजाउन ज्यादै परिश्रम गर्नुपर्दछ । सोरठीमा उठान लामीतालबाट गरिन्छ र छोटीतालबाट फर्काउने काम गरिन्छ । गीत र नाचलाई रोमाञ्चित गराउन वा थप उत्साहित बनाउनका लागि बिचबिचमा ख्याली पनि गाउने तथा नाच्ने गरिन्छ । ख्याली सोरठीसँग निकट सम्बन्ध राख्ने हुनाले सोरठी गीत तथा नृत्यमा ख्यालीको प्रयोग भइरहन्छ ।

जैसिङ्गे राजा र हेमावती रानीसँग सम्बद्ध मूलकथानक एउटै भए तापनि विभिन्न स्थान, जाति र समुदायमा सोरठीका विभिन्न पाठहरू भेटिन्छन् । स्थानीय प्रभावका कारणले तथा भौगालिक र वर्गीय तथा जातीय कारणले विभिन्न पाठहरू भेटिन्छन् । (शर्मा, लुइटेल, ०६३:४४६) । सोरठीको सुरुवात सरस्वती जगाएर गरिन्छ भने समापन देवी बाँधेर वा सरस्वती पूजा गरेर गरिन्छ । सोरठीको आरम्भ मङ्गलाचरणबाट सुरु भइ आशिकाबाट समापन गर्ने गरिन्छ । यी दुई चरणभित्र विभिन्न खण्ड हुन्छन् । केही कथानकहरू क्षीण रहेका छन् भने केही पाठहरू पूर्ण तथा बृहत पनि छन् । सोरठीको मूल आख्यान भने मङगलाचरण र आशिकाको

बिचमा जन्मखण्ड, विवाहखण्ड, विदेशखण्ड, उदासखण्ड पनि रहेका छन् (शर्मा, लुइटेल, २०६३:४४६) ।

**(अ) जन्मखण्ड**

यस खण्डमा हेमावती गर्भवती हुनु, बालिका जन्मनु, चिना हेराउनु, बालिकालाई सुनको बासकमा बन्द गरेर नदीमा फाल्नु, कुमाले र माझीले त्यो सुनको बाकस भेटाउनु, माझीले बाकस र कुमालेले बालिका लिनुजस्ता प्रसङगलाई समेटिएको गीत तथा नृत्य रहेका छन् ।

**(आ) विवाह खण्ड**

यसमा राजा जैसिङ्गे शिकार खेल्न जानु, एकपछि अर्को वन चहार्दा पनि कुनै शिकार नभेटिनु, धपेडीले गर्दा राजालाई तिर्खा लाग्नु, कुमालेको घरमा पुगी पानी खानु, परमसुन्दरी सोरठीलाई देख्नु, सोरठीको सौन्दर्यबाट मोहित हुनु, विवाहको तयारी गर्नु विवाह मण्डपमै सोरठीले जैसिङ्गेलाई बाबु भनी चिन्नु र विवाह गर्न अस्वीकार गर्नु आदि प्रसङ्गलाई समेटिएको छ ।

**(इ) विदेश खण्ड**

यस खण्डमा राजा जैसिङ्गेले प्रायश्चित स्वरूप विदेशिने निधो गर्नु, रानीले विदेश जानबाट रोक्न खोज्नु, रानी छटपटिदै रुनु र धुमधामसँग राजाको खोजी गर्नु आदि प्रसङ्ग आएका छन् ।

**(ई) उदास खण्ड**

यस खण्डमा रानीले गोठालो, बटुवा, माइती आदिलाई जोगीको टिको लगाइदिन भन्नु, चारैतिर गुर्दौली फूल फुलेकोले त्यसैको बासनाबाट आकर्षित भइ राजा हिडे होलान् भनी सोच्नु आदि प्रसङ्ग यस खण्डमा रहेका छन् । यस खण्ड उदास र निरास चिन्तनलाई समेटिएको घटनाहरूलाई चित्रण गरेको पाइन्छ ।

## ४.२ सोरठीको विश्लेषण

रानीपोखरी क्षेत्रमा प्रचलित सोरठीलाई इतिहासदेखि अहिलेसम्म हेर्दा मूलतः विजयादशमी (दसैं) को कालरात्री (अष्टमीतिथि) को दिन भगवतीको मन्दिरमा बली गरेपछि धार्मिक अनुष्ठानसहित गर्राभाइहरू, गुरुबा, मादले, पुसुङ्गे तथा मारुनीहरूको सहभागितामा विधिवतरूपमा सुरुवात गरिन्छ भने यसको समापनमा एकरूपता पाइँदैन । केही वर्ष अगाडि दसैंको अष्टमी तिथिदेखि प्रारम्भ गरी तिहारको पञ्चमीसम्ममा समापन गर्ने प्रचलन थियो तर वर्तमान अवस्थामा औपचारिक समापन माघ महिनामा पर्ने श्रीपञ्चमीको दिनमा सरस्वतीको पूजा गरेपछि समापन गर्ने गरिन्छ ।

अनेकतामा एकता भएको रानीपोखरी क्षेत्रको ऐतिहासिक, सांस्कृतिक र सामाजिक विविधताका कारण यहाँका सोरठी पाठहरू र लयमा एकरूपता पाइँदैन । सोरठीलाई विभिन्न समुदायले नाच्ने, गाउने गरिए तापनि यस क्षेत्रमा ऐतिहासिक, पौराणिक, सामाजिक आख्यानलाई विषयवस्तु बनाउने प्रचलन छ । गीतको आख्यान र लय (भाका) को आधारमा यस क्षेत्रमा ठाडो सोरठी र लस्के सोरठी गरी दुई वर्गमा विभाजन गरिएको छ ।

### (क) ठाडो सोरठी

छिटो मादलको तालसँग छिटो लयमा गाइने तथा नाचिने सोरठी ठाडो सोरठी हो । विशेष गरी ठाडो सोरठी यस क्षेत्रमा कामी, दमाई, सार्की समुदायमा बढी प्रचलनमा रहेको छ । ठाडो सोरठीमा छोटी तालको प्रयोग गरिन्छ । यस काललाई देउडा ताल पनि भनिन्छ । ठाडो सोरठीमा रामायण, कृष्णचरित्र, श्रीमद्भागवत आदि पौराणिक ग्रन्थको आख्यानमा आधारित कथावस्तुमा गाउने तथा नाच्ने गरिन्छ । पौराणिक ग्रन्थमा आधारित भए तापनि पौराणिक ग्रन्थ रामायण, कृष्णचरित्रसँग हुबहु मिल्दो आख्यान भने पाइँदैन ।

### (ख) लस्के सोरठी

सोरठी गीत गाउँदा तथा नाच्दा ढिलो लयमा गाउने सोरठीलाई लस्के सोरठी भनिन्छ । लस्के सोरठी विशेष गरेर मगर समुदायमा बढी प्रचलनमा रहेको छ । लस्के सोरठीमा लामी तालको प्रयोग गरिन्छ । यसलाई डारी ताल वा लहरे तालको सोरठी पनि भनिन्छ । लस्के सोरठीमा मादल ढिलो तालमा बजाएर नाच्ने गरिन्छ ।

यस रानीपोखरी क्षेत्रमा विभिन्न जातजातिहरू बसोबास गर्दछन् । जस्तै : ब्राह्मण, क्षेत्री, मगर, नेवार, शाही, दमाइ, कामी, गुरुङ्ग आदि जातिहरू आपसमा मिलेर बसेका छन् । यिनीहरूमध्येको बढी बहुलता रहेको जाति मगरको बसोबास सबै क्षेत्रमा फैलिएको छ । यिनीहरू जन्म, छैटी, विवाह आदि संस्कारजन्य कर्म एवं विभिन्न चाडपर्वलाई मान्दछन् । साथै प्राचीनकालदेखि परम्परागत रूपमा गुरुशिष्य परम्परामा संरक्षित सोरठी नृत्य (मारुनी नाच) लाई आफ्नो मौलिक एवं विशिष्ट संस्कृतिको रूपमा बचाउँदै आएका छन् । अतः सोरठी नृत्य यस क्षेत्रको मगर समुदायको धार्मिक, सामाजिक, सांस्कृतिक आस्था सहित मनोरञ्जनको महत्त्वपूर्ण साधन हो । यस रानीपोखरी क्षेत्रमा प्रचलित सोरठी लोकनृत्य विशेषतः रामायणको कथामा आधारित गीति विशेषतायुक्त नृत्य हो, जसमा स्थानीय भाषिक रूप र श्रृङ्गारमा स्थानीय भेषभूषाको प्रचुर मात्रामा प्रयोग भएको देखिन्छ । सोरठी अर्थात मारुनी नृत्यलाई कतिपय विद्वान्हरूले आमा रुवाउने कथावस्तु भएकोले मारुनी नृत्य एवं मगर भाषामा मास्त रुङ्गे 'मारुङ्गे' हुन्छ । यसको अर्थ सजाइएकी महिला वा नृत्यको महारानी भनेर मारुनीकै सेरोफेरोमा यसको अर्थ खोज्ने गरिन्छ । यसको मूल कथावस्तु पौराणिक रामायण ग्रन्थको आख्यानमा आधारित भए पनि छुट्टै स्थानीय मौलिक चरित्र पाइनु यसको विशेषता हो । यसको आरम्भ मंगलगानबाट केही आनुष्ठानिक औपचारिकता सहित पुरुष पात्रद्वारा स्त्री पात्रको अभिनय गरी प्रदर्शित हुन्छ ।

मोतीलाल पराजुलीका अनुसार- सोरठी नाच मारुनी शैलीमा नाचिने एक उत्कृष्ट नाटक हो । मारुनी शैलीका लोकनाच अन्तर्गत (१) मारुनी सोरठी (२) मारुनी चरित्र र (३) मारुनी ख्याली गरी तिन प्रकारको भएको बताइएको छ (पराजुली २०६३:७) ।

(१) **मारुनी सोरठी** : राजा जैसिङ्गेको जीवनीमा आधारित गीत गाएर नाचिने नाच मारुनी सोरठी हो । यसमा दुई मारुनी, एक पुर्सुङ्गे र दुई मादले र एक ढटुवारे जस्ता पात्रहरूले अभिनय गरेका हुन्छन् । तर कतै कतै चाहिँ यी पात्रहरूमा थपघट पनि पाइन्छ । यस नाचमा साखी बाँध्ने गीत गाइसकेपछि सोरठीको कथा अनुसार गीत गाएर नाचिन्छ । सोरठीको गीत र अभिनय सकिएपछि बन्धन फुकाउने गीत गाई साङ्गे गरिन्छ । मारुनी नाचहरूमध्ये सबैभन्दा महत्त्वपूर्ण नाचको रूपमा मारुनी सोरठी नाचलाई लिइन्छ ।

(२) **मारुनी चरित्र** : मारुनी चरित्र पौराणिक विषयमा आधारित कथानक भएको मारुनी शैलीमा नाचिने नाटक हो । यसमा दुई मारुनी, दुई पुर्सुङ्गे, दुई मादले र एक ढटुवारे

पात्रहरू मिली रामचरित्र वा कृष्णचरित्रका गीतहरू गाएर नाचिन्छन् । विभिन्न ठाउँमा प्रदर्शन गरिने कृष्णचरित्रमा एक मारुनी, एक पुर्सुङ्गे, दुई मादले र एक ढटुवारे पात्रहरू नचाउने प्रचलन पाइन्छ । यहाँ मारुनीले राधा र पुर्सुङ्गेले श्रीकृष्णको नेतृत्व गरेका हुन्छन् । यस्तै रामचरित्रमा एक मारुनी, दुई पुर्सुङ्गे नाच्ने प्रचलन छ । मारुनीले सीता र दुई पुर्सुङ्गेले राम र लक्ष्मणको प्रतिनिधित्व गर्दछन् । यी नाचमा कुनै आनुष्ठानिक बन्धन नहुने हुँदा बाह्रै महिना नचाउन सकिन्छ ।

(३) **मारुनी ख्याली** : मारुनी शैलीमा नाचिने स्वतन्त्र वा मुक्त नृत्य नै मारुनी ख्याली हो । सामान्यतया दुई मारुनी, एक पुर्सुङ्गे, दुई मादले र एक ढटुवारे रहने एवं साखी बाध्ने र बन्धन फुकाउने गीत पनि गाइने र बिच बिचमा मुक्त वा स्वतन्त्र झ्याउरे गीत वा दोहोरी गीत गाएर नाचिने चलन छ । यसमा सरस्वती नाच तथा अन्य स्वतन्त्र मुक्त नाचहरू पनि देखाउने प्रचलन छ । यस नाचमा पनि कुनै आनुष्ठानिक बन्धन नहुने हुँदा बाह्रैमासे देखाउन सकिन्छ ।

## ४.३ सोरठी लोकनृत्यको परम्परा

नेपाली समाजमा लोक नाटकको प्रचलनलाई हेर्दा यो लोकसाहित्यको निकै प्रचलित लोकप्रिय विधाको रूपमा देखिन्छ । मूलतः लोकनृत्य र लोकगीतबाट अफ्नो आधार निर्माण गरी सर्वसाधारण जनतालाई मनोरञ्जन प्रदान गर्ने उत्तम विद्याको रूपमा यसले आफ्नो स्थान सुरक्षित राखेको पाइन्छ । लिच्छवीकाल मल्लकाल हुँदै नेपालको एकीकरणको क्रममा लोकनाटकले आफ्नो स्वरूपलाई केही परिर्वन ल्याएको देखिन्छ । विशेषगरी बहादुर योद्धाहरू एकीकरणको अभियानमा लागिरहेको बेला जागरणका भावनाले ओतप्रोत वीररस प्रधान नाच र गानको प्रचलन थियो । धेरै समय एकीकरणमा लगानी भए पनि बचेको थोरै समयमात्र विशेषगरी चाडपर्वमा सान्त्वना र मनोरञ्जन दिने खालका नृत्य, गायन आदिको प्रयोग गरेको पाइन्छ । आधुनिक नेपालको निर्माणपछि मौखिक परम्पराको रूपमा विकसित हुँदै आएका लोकनाटकलाई नेपाली भाषाका माध्यमबाट विभिन्न व्यक्तिले प्रदर्शन गर्न थाले । यो परम्परा नेपाली भाषामा मात्र सीमित नरही विभिन्न भाषा र समुदायमा पनि नाटक मञ्चन तीव्र हुँदै गयो । लोकजनमानसका हृदयमा रहेका भावनालाई पोख्ने क्रममा भिन्न गाउँ गाउँ र बस्ती बस्तीमा पनि लोकगीत, गाथा र नाट्यसंवादको अभिव्यक्ति हुन थाल्यो । विशेषगरी बालन,

सोरठी, मारुनी, घाटु, गोपीनाच, चरित्र आदि लोकनाटक र अन्य विभिन्न लोकनाट्यको प्रचलन व्यापकरूपमा भएको बुझिन्छ ।

सोरठी लोकनृत्य विशेषतः नेपालको विभिन्न जिल्लाहरू स्याङ्जा, पाल्पा, तनहुँ, लमजुङ, तनहुँ, म्याग्दी, पर्वतलगायतका अन्य जिल्ला तथा ठाउँहरूको मगर जातिमा बहुप्रचलित प्राचीन लोकनृत्य हो । यो नृत्य विशेषगरी रामायण, कृष्णचरित्र आदि गाथामा आधारित रहेको देखिन्छ । यस लोकनृत्यमा मारुनी (पुरुषपात्रलाई स्त्री बनाएर) सिंगारेर नचाइने नाच भएकोले पनि यसलाई रानीपोखरी क्षेत्रमा मारुनी नाच भन्ने प्रचलन पनि पाइन्छ ।

तनहुँ जिल्लाको रानीपोखरी गाउँ विकास समितिको मगर समुदायमा प्रचलित लोकनृत्य सोरठीको उत्पत्ति र विकास कहिले भयो भन्ने ठोस प्रमाण भेटाउन सकिएको छैन । गुरु परम्पराबाट एक पछि अर्कोमा पुस्तामा हस्तान्तरण हुँदै आएको अनुमान रहेको छ । यस सम्वन्धि जुनसुकै अडकलबाजी भएता पनि रानीपोखरीमा सोरठी नाच निकै पुरानो मान्न सकिन्छ । यस गा.वि.स.मा खासगरी धार्मिक, पौराणिक कथा रामायण, कृष्णचरित्र एवं श्रवण कुमारको गाथामा आधारित रहेको पाइन्छ

## ४.४ सोरठी लोकनृत्यको संरचना

कुनै पनि लोक विधाका आफ्नै संरचनात्मक तत्त्वहरू रहेका हुन्छन् । यीनै संरचनागत तत्त्वहरूको उपयुक्त संयोजनबाट एउटा पूर्ण लोकविद्या बन्दछ । सोरठी वहुआयामिक कथा भएको गाथा हो । सोरठीको संरचक तत्त्वहरू कथावस्तु, पात्र, अभिनय, संङ्गीत, रङ्गमञ्च विधान, परिवेश, भाषासंवाद, भेषभूषा, दृश्य योजना एवं उद्देश्य हुन । यस सोरठी नृत्यको संरचनालाई निम्नानुसार देखाउन सकिन्छ ।

### ४.४.१ सोरठीको कथानक संरचना

सोरठी बहुआयामिक घटना भएको कथा हो । यसमा सोरठी र बृजभारको कथा, जैसिङ्गे राजा र व्यासमुनिको कथा, गोरखनाथ र बृजभारको कथा, बृजभार र हेमावतीको कथा, बृजभार र लिलावतीको कथा, बृजभार र सुनकेशरीको कथाको संयुक्त रूप पाइन्छ । यिनै सम्बन्धबाट सोरठीको कथाले विशाल आकार लिएको छ । सोरठीलाई स्थानीयता अनुसार विभिन्न कथाहरू कृष्णचरित्र, रामायण तथा महाभारतका कथावस्तुलाई गीति रूपमा नृत्यद्वारा चित्रण गरिन्छ ।

सोरठी गीतमा संयोगान्त गीत हुन्छ । यसको प्रारम्भ सुखद् क्षणबाट भए पनि विभिन्न दुःखपूर्ण घटनाशृङ्खलाहरू जोडदै कथान्त वियोगान्त बन्दछ तर यो वियोगान्तलाई इन्द्रले टारिदिन्छन । यी सबै घटनामा करुण रस, अदभूत रस, र शृङ्गार रसको समिश्रण पाइन्छ । कथानक संरचनाको दृष्टिले मध्यकालीन प्रेमाख्यान परम्परासँग यो कथा पनि नजिक छ । पात्र बहुलता, घटना बहुलता, रोमाञ्चक कथावस्तुको संयोजनले गर्दा कथा जटिल जस्तो अनुभव हुन्छ, तर सरल शब्दावलीमा कौतुहलपूर्ण वातावरणको सृजना गर्दा यो कथाले पाठकहरूको मन जित्न सफल देखिन्छ । रानीपोखरीमा विभिन्न कथावस्तुमा आधारित रहेर सोरठी नृत्य प्रदर्शन गर्ने प्रचलन छ । विभिन्न समूह अनुसार रामायण, कृष्णचरित्र, श्रवणकुमार आदिका गाथामा रहेको कथावस्तु प्रचलित छ । बहुप्रचलित रामायणको कथा वस्तुलाई तल प्रस्तुत गरिएको छ ।

### ४.४.२ कथावस्तु

अयोध्याका राजा दशरथका तिनवटी रानी हुनु, तर ती तिनै कौशिल्या, सुमित्रा र केकईबाट कुनै सन्तान नहुँदा राजा दुःखी छन् । राजाले आफ्ना दुःखेसो वैद्यसँग पोख्छन र पुत्र पाउने खोखती प्राप्त गरी रानीलाई खान दिन्छन् । रानीहरूले ओखती खाएपछि गर्भ रहन्छ । त्यसपछि कौशिल्या, सुमित्रा, केकईबाट क्रमशः राम, लक्ष्मण र भरतको जन्म हुन्छ । पुत्र प्राप्ती भएकोले राजा दशरथलाई मात्र नभएर पूरै अयोध्यावासीलाई ठूलो हर्ष हुन्छ । राम, लक्ष्मण, भरत रात, दिन, महिना हुँदै समर्थवान हुन्छन । ती राजकुमारहरूले पितासँग धनुष, भाला, कुकुर आदिको माग गर्छन । पिता दशरथले पनि ती सबै छोराहरूलाई दिन्छन् । वनमा वकुल्लाको वगाल देख्छन र मार्छन् । लक्ष्मणले आफूले खाने की बाबालाई लगिदिने भन्दै फेरि मृगका वथानै शिकार गर्छन् । लक्ष्मणले दाजु रामसँग काँचो शिकार खान नहुने सल्लाह दिँदै वनमा प्यास लाग्यो भने समस्या होला भन्दछन् । शिकार खेल्ने खानेक्रममा रामलाई निकै तिर्खा लाग्छ । राम लक्ष्मणलाई पानी खोज्न पठाउँछन् । लक्ष्मण, निवुवा, कदम्व आदिको रुखमा चढेर टाढासम्म पानी हेर्छन् । तर उनलाई कतै पानी नजर पर्दैन । आफूले धेरै प्रयास गर्दा पनि पानी पाउन नसकेको गुनासो दाजुसँग गर्छन् । रामले जहाा हाँस र बकुल्ला हुन्छन् त्यही पानी हुन सक्छ भन्दै पुनः पानी खोज्न पठाउँछन् । लक्ष्मणले त्यसै गर्छन् नभन्दै बकुल्ला, हाँस र पानी बोक्ने पधेर्नीहरूलाई पनि देख्छन् । तिनै पधेर्नीसँग पानीको याचना गरिन्छ । हामी शिकारीलई पानी देऊ भनेपछि ती पधेर्नीहरूले आफूहरू त कामीकी छोरी भएकाले पानी कसरी दिऊँ

भन्छन् । राम लक्ष्मणले तिमीहरू कामीकी छोरीहरू भए हामी पनि कामीकै छोरा हौं । जसरी भए पनि आफूहरूलाई पानी पिलाउने अनुरोध गर्छन् । चिनाजानी भएपछि पानी दिने कुरा पधेर्नीबाट हुन्छ । राजकुमारहरूले आफूहरू अयोध्याका राजा दशरथका छोरा राम र लक्ष्मण भएको परिचय दिन्छन् । यसैगरी पधेर्नीमध्येकी बिचकी गोरी पधेर्नीले आफू जनक ऋषिकी कुमारी सीता भएको परिचय दिई राम लक्ष्मणलाई आफ्नै घर लग्छिन् । राजा जनककी रानीले राजासँग छोरीले पाहुना ल्याएकी जानकरी गराउँछिन् । जनकद्वारा यिनीहरू हाम्रै कुटुम्ब हुन् नातेदार र परमेश्वर पनि हुन भन्दै आफ्नी कन्या सीताको विवाहका लागि निम्तो गर्न सुपारी काट्न लगाउँछन् । चारैतिर उर्दी फिराउँछन् । राम लक्ष्मणले आफूले कति जन्ती ल्याउने भन्छन् राम पनि लक्ष्मणलाई जन्ती, हात्ती, घोडा, लुगा, गहना तयार पार्न भन्छन् । लक्ष्मण त्यसै अनुसार गर्दछन् । कलस्यौली, मड्यौली, भरिया, थाम, लिङ्गो गाडिन्छ । चँदुवा टाँगिन्छ, तोरन बाँधिन्छ र विधिपूर्वक विवाह सम्पन्न भएपछि लावाँलस्कर सहित सबै जन्ती सहित राम लक्ष्मण अयोध्यातर्फ लाग्छन् । विवाहमा खुव रमाइलो हुन्छ ।

श्रवणकुमारका आमाबाबु अन्धा-अन्धी रहेका छन् । उनीहरू आफूहरूलाई तीर्थ लैजान आफ्ना छोरालाई आग्रह गर्छन् । श्रवणकुमार कसरी लैजान सक्छु र भन्दा भोकिया बनाएर त्यसमा राखेर काशी आदि तीर्थ लैजान अह्राउँछन् । आफ्ना आमाबाबुलाई लिएर श्रवणकुमार तीर्थ जान भनी हिड्छन् । बाटामा आमाबाबुलाई तिर्खा लाग्छ र पानी खुवाउन भन्छन् । श्रवणले तिमीहरूलाई कहाँ राखेर पानी लिन जाउँ ? जमिनमा राखु भने सर्पले डस्छ कि आकासमा राखे जटायु लाग्छ कि के गरुँ भन्छन् र रुखमा भुण्ड्याएर हामा माटाको मटुलो लिएर पानीको खोजीमा खोलामा पुग्छन् । पानी भर्दा आवाज आउँछ त्यो आवाज सुनेर राजा दशरथले वाण छोड्छन् । हरिण जस्तो मानेर छोडेको वाण श्रवणकुमारलाई लाग्छ । म त मरे मामा अब यी अन्धा-अन्धीलाई सिहार गर भनी प्राण त्याग्छन् । राजा दशरथ पानी लिएर अन्धा-अन्धी भएको ठाउँमा पुग्छन् र पानी खाऊ दिदी पानी खाऊ भिनाजु भन्छन् तर उनीहरू पानी खान मान्दैनन् । राजा दशरथ आफूलाई सराप दिएर भए पनि पानी खान भन्छन् । अन्धा-अन्धीबाट आफ्नो छोरालाई जसले हानेको छ, त्यसलाई त्यहीँ वाण फर्केर मर्न परोस् भनी सराप दिन्छन् ।

राजाले त्यो वाण घोटेर नदीमा बगाइदिन्छन् । पछि त्यही नदीको माछो दशरथकहाँ पाउरको रूपमा पुग्दछ । राजाले माछा काट्दा वाणरूपी माछाको काँडो बिभ्दछ । राजा आत्तिन्छन् वैद्यलाई डाँक्न पठाउँछन् । यसै अवस्थामा कैकेयी रानीले राजासँग छल गरेर वाचा

बँधाई कौशिल्यालाई भण्डारबाट निकाली आफै भण्डार्नी बन्छिन् । रामलाई बनवास र भरतलाई रजाइँ प्राप्त हुन्छ ।

राम लक्ष्मण वन जान तयार हुन्छन् । लक्ष्मणले आफ्ना् प्यारो अयोध्यालाई कसरी बिर्सेर जाने होला भन्छन्, चिराग, झोली, तुम्बी, गेरुवा, कण्डा तयार हुन्छन् । जोगीको भेषमा तयार भएका रामसँग लक्ष्मणले वन जाने बाटो कता हो ? भन्दै पूर्वतर्फ सूर्यले, पश्चिमतर्फ जलले, उत्तरतर्फ हिमालले र दक्षिणतर्फ अउलले दु:ख दिन्छ । जिउको अपराध हुने भयो भन्छन् । यसैबेला सीताले पनि सँगै जाने प्रस्ताव राख्छिन् । वनमा अनेक दु:ख पाइने हुनाले राम अनेक तरहले सम्झाउँछन् । तर नमानेपछि सँगै लैजान स्वीकार गर्छन् । राम लक्ष्मण र सीता वनतर्फ प्रस्थान गरेपछि सबै अयोध्यावासी रामको पछि लाग्छन् । राम भरतलाई बाह्र वर्ष राज्य गर्न भन्छन् र वनतर्फ लाग्छन् ।

वनमा नै रहँदा सीतालाई विभिन्न किसिमका अपशकुन (अलच्छिन) हुन्छ । गोडाले गोडा कन्याउने, उठी उठी सुपो केलाउने, उठेरै केश कोर्ने, नङले सिन्को चिर्ने, यस्तो काम सीताबाट हुन्छ । जसलाई अलच्छिन मानिएको छ । राम, लक्ष्मण र सीता चित्रकुटमा झुपडी बनाएर बस्छन् । सीताको दाहिने आँखो फर्फराउँछ । यसैगरी रामको सपनामा खराउ हराउँछ । सपनाको विचारले लक्ष्मणले पनि केही अपशकुन हुने विचार गर्दछन् ।

रामको फूलबारीमा सुनको मृग आउँछ । मृग देखेर सीतालाई मृगको छालाबाट चोली सिलाउने विचारले राम मृग मार्न जान्छन् तर त्यो मृग मृग नभएर छल्न आएको राक्षस हुन्छ । राम भने त्यसलाई मार्न भनेर पछिपछि गएका हुन्छन् । सीताले लक्ष्मणलाई दाजुलाई कहाँ छोडेर आयौ भन्छिन् । लक्ष्मणले दाजु मृग मार्न गएका छन्, म घर कुर्न आएँ भन्छन् । सीता कि रामलाई लिन जाऊ कि मलाई सिहार भन्छिन् । सीताको यस्तो भनाइ सुनेर लक्ष्मणले रेखो काडेर भाउजूलाई रेखो ननाँघ्न भनेर दाजुको खोजीमा जान्छन् । यसै अवस्थामा एउटा जोगी भिक्षा माग्न आउँदा सीताले बस्न भन्छिन् । तिम्रो घरमा बस्दिन भिक्षा देऊ भन्छ । हामी आफै त कन्दमूल खान्छौ तिमीलाई के भिक्षा दिउँ भन्छिन् । जोगी तिमीहरू जे खान्छौ त्यही भिक्षा देउ भन्छ । रेखाभित्रबाट लिन मान्दैन । बाहिरबाट भिक्षा दिन खोज्दा सीतालाई नै रथमा राखेर उडाउँछ । बाटोमा जटायु पंक्षीले दु:खी सीतालाई देखेर बाटो रोकी तिमी कस्की छोरी हौ ? कस्की बुहारी हौ भनी प्रश्न गर्छ । सीताले आफू रामकी पत्नी भएको जानकारी दिन्छन् ।

राम लक्ष्मण घर आउँदा आफ्नो घर खाली देखेर दु:खी हुन्छन् । रामले सीतालाई कसले लग्यो कहाँ लग्यो कसैको छलमा परिन् कि लजमा परिन्, रावणको लग्यो कि बासुकी नागले

भन्दै विलाप गर्छन् । खोज्दै जाँदा ऐंसेलुको काँडामा सीताको केश देख्छन् । राम ऐंसेलुलाई चाँदी जस्तै फुलोस सुनै जस्ता फलेस् भनेर आशीष दिन्छन् र अगाडि बढ्छन् । बाटामा जटायुसँग भेट हुन्छ । जटायुले सबै कुरा सुनाएर प्राण त्याग्छ । देब्रे कान्छी औंलाले जटायुको सतिगति गर्छन् ।

लङ्कामा सीता आफूजस्तो अभागिनी कोही नभएको भन्दै रातदिन रामको नाम जपेर बिताउँछन् । सिसौको छहारीमा राक्षसनीको पहरामा रातदिन बिलाप गर्छिन् । लङ्किनी रावणलाई सीतालाई लिएर गल्ती गऱ्यौ सीतालाई फर्काउन आग्रह गर्छे । रावण लड्न मर्न तयार हुन्छ तर सीतालाई फर्काउन मान्दैन ।

राम लक्ष्मणलाई बेलौती टिप्न पठाउँछन् । शिवजीको फूलबारीको रक्षक हनुमान हुन्छन् । लक्ष्मणले एक दानो टिप्न नपाउँदै हनुमानले पक्रन्छन् । हनुमान र लक्ष्मणको युद्ध हुन्छ । लक्ष्मण मुर्छा पर्दछन् र राम राम भन्छन् । राम त्यही ठाउँमा आउँछन् । राम शिवजीसँग अङ्कमाल गर्छन् । यसबाट शिवजीको कुष्टरोग निको हुन्छ । शिवजीको शरीर कञ्चन सफा जस्तो हुन्छन् । यस्तो देखेर शिवजीले हनुमानलाई आजैदेखि तिमी रामको भक्त भयौ अब तिमी रामसँगै जाऊ भनी पठाउँछन् । हनुमान माफी माग्छन् र रामको भक्त बन्छन् ।

सीताको खोजी गर्ने तयारी हुन्छ । हनुमानलाई औंठी चिनो दिएर सात समुद्रपारी पठाइन्छ । बाटामा राक्षेसले बाधा पुऱ्याउँछ । त्यसबाट बच्दै हनुमान अगाडि बढ्छन् । बाटामा मितबासँग भेट हुन्छ कुराकानी हुन्छ । त्यसपछि हनुमान लङ्काको एउटा पँधेरामा पुग्छन् र सीताको घैटोमा औंठी खसाल्छन् । सीताले पानी सार्दा औठी पाउँछिन् । सीताले यहाँ कोही भए बोल भन्छिन् । हनुमान र सीताको भेट परिचय भलाकुसारी हुन्छ । हनुमान फल खान आज्ञा माग्छन् । सीताबाट आज्ञा पाएपछि फल खान्छन् साथै बँगैचा पनि नष्ट गर्छन् । त्यहाँ कुर्न बसेका राक्षसहरूलाई मार्छन् । अनेक राक्षेसहरू हनुमानलाई छोप्न आउँछन् भने उता रावणबाट विभिषणलाई देश निकाला गरिन्छ । विभिषण रामको शरणमा जान्छन् । आखिरमा हनुमान मेघानाथको पासोमा बाँधिन्छन् । कुम्भकर्णलाई जगाइन्छ ऊ अच्छिमै खाएँ बिचछमै खाएँ यो झुसे बाँदरलाई के राखौंला भन्छ । हनुमानको पराक्रम देखेर रुन थाल्छ । हनुमान पुच्छरमा आगो लगाइँ देऊ म आफै मर्छु भन्छन् । हनुमानको पुच्छरमा कपडा बाँधेर तेल राखी आगो लगाइन्छ । हनुमानले लङ्का दहन गर्छन् । र समुद्रमा गएर पुच्छर चोब्छन् र राम भए ठाउँ पुग्छन् । समुद्रमा पुल हालिन्छ र युद्ध हुन्छ । युद्धमा लक्ष्मण घाइते हुन्छन् । हनुमानले हिमालयबाट ओखती ल्याउँछन् र खुवाइन्छ । लक्ष्मणलाई निको हुन्छ । फेरि घमासान युद्ध

हुन्छ । रगतको भलले समुद्र हुन्छ । लक्ष्मणको वाणले मेघनाथ ढल्छ । लङ्काको सर्वनास देखेर रावण लड्न आउँछ । उसको एउटा शिर काटे अर्को शिर पलाउँछ । विभीषण रामलाई शिर नथाप्न भन्छन् । नाभीमा वाण हान्न लगाउँछन् र रावण पनि ढल्छ । मूर्छित परेको रावणले हे राम तिम्रै हात मेरो मरण रहेछ भन्छ । राम लक्ष्मणलाई रावणसँग उपदेश लिन पठाउँछन् । रावण लक्ष्मणलाई स्वर्गमा जाने सुनको भऱ्याङ बनाऊ मेरोजस्तै शासन चलाऊ भन्छन् । लक्ष्मणले खै के उपदेश दियौ मुखभरि झारपात खाऊ भन्छन् । रावणको पनि मृत्यु हुन्छ । रामले लङ्काको राज्य विभीषणलाई बुझाएर आफूहरू सबै अयोध्या फर्कन्छन् ।

### ४.४.३ सोरठीका कथानक विकासका अवस्था

सोरठी लोक नृत्य पौराणिक गीति कथामूलक नृत्य हो । यसको उपर्युक्त कथावस्तुमा स्थानीय रङ्ग समेत पाइन्छ । कथावस्तु पौराणिक रामायणको कथालाई समेट्दै अगाडि बढेको देखिन्छ । सोरठी नृत्यलाई संस्कृत साहित्यका पाँचवटा कार्यावस्थाको नियम अनुसार पनि विश्लेषण गर्न सकिन्छ ।

क) प्रारम्भ : अयोध्याका राजा दशरथलाई पुत्रको अभाव खड्किनु (पुत्र कामना गर्नु)

ख) यत्न : पुत्र प्राप्तिले खुसीयाली छाउनु (विवाह)

ग) प्रात्याशा : राम वनवास, दशरणको मृत्यु

घ) नियताप्ति : रावणको मृत्यु

ङ) फलागम : सीताराम भेट, विजय उत्सव

### ४.४.४ सोरठीमा पात्र विधान

सोरठी नृत्यप्रधान लोकगीत हो । सोरठीका विभिन्न पात्रहरूले कथावस्तुको प्रस्तुतीकरणका क्रममा आ-आफ्नो प्रकारको भूमिका निर्वाह गर्दछन् । पात्रहरूले नृत्य अभिनय एवं प्रस्तुतीकरणमा भूमिका निर्वाह गर्ने आधारमा सोरठीका पात्रहरूलाई मुख्य पात्र वा सहायक पात्रको रूपमा हेरिएको छ । सोरठी नृत्यमा सहभागी हुने ती पात्रहरूलाई क्रमशः प्रस्तुत गरिएको छ ।

**क) गुरु (रौरा)**

सोरठीको नृत्य तथा गीतका लागि निर्देशन दिने पात्रलाई गुरुवा वा रौरा भनिन्छ । गुरुवा सोरठी नृत्यको मुख्य पात्रको रूपमा रहन्छ । गुरुवाले मादल लिएर नाचका तालमा नियन्त्रण र निर्देशन गरेको हुन्छ । त्यस्तै मूलगीत आलाप गर्ने (झिक्ने) र गर्रा भाइहरूलाई (

सहयोगी गायक) गीत सिकाउने काम पनि गुरुवाकै हुन्छ । सोरठीमा प्रारम्भदेखि पूजा अनुष्ठान गर्ने, बन्धन बाँध्ने र सोरठीलाई नचाइ सेलाउने (बिसर्जन गर्ने) काम गुरुवाले नै गर्दछ । अतः रौरा वा गुरुवाले सोरठीको निर्देशन तथा विशेषज्ञ दुबैको काम गरेको हुन्छ ।

**ख) मारुनी (मारुङ्गे)**

पुरुषलाई नारीको रूपमा सिँगारेर बनाइएको यो पात्र यस लोकनृत्यको आकर्षण हो । नारीको भेषभूषामा अभिनय गर्ने पात्र मारुनी हो । यहाँ मारुनीले सोरठीको चरित्रको भूमिका निभाएको हुन्छ । मूलतः सोरठीमा दुईवटा मारुनी रहनु आवश्यक हुन्छ । तापनि ठाउँ र प्रचलनअनुसार १,२,३ आदि संख्यामा मारुनी नचाएको पनि पाइन्छ । मारुनीहरू प्राचीन तथा स्थानीय भेषभूषामा रहन्छन् । चौबन्दी चोली, घाँघर, पटुका पछ्यौरा लगाउँछन् तथा हातमा रुमाल लिएका हुन्छन् । स्थानीय गरगहना कानमा कुण्डल, पाटेसुन, घाँटीमा जन्तर, सिक्री, आदि मारुनीले लगाउने गहना हो । मारुनीले गीतको कथावस्तु र मादलको तालअनुसार घुमीघुमी अभिनयात्मक नृत्य गर्दछन् ।

**ग) पुर्सुङ्गे**

सोरठी लोकनृत्यको प्रमुख पात्र मध्येको एक पात्र पुर्सुङ्गे पनि एक हो । मारुनीसँगसँगै नाच्ने भएकोले यस पात्रलाई नृत्यको महाराज पनि भनिन्छ । यस पात्रले पनि स्थानीय भेषभूषा भोटो, कछाड वा जामा, इष्टकोट, सेतोफेटा आदि पहिरन लगाउँछ । कानमा कुण्डल र अन्य पुरुषहरूले लगाउने गरगहना यस पात्रले लगाएको हुन्छ । नायिका सोरठीसँग प्रेम गर्नु र दर्शकहरूलाई आकर्षण गर्न आकर्षक अभिनय गर्नु यसको जिम्मेवारी हो ।

**घ) ढटुवारे**

सोरठीको नृत्यमा मारुङ्गेलाई जिस्क्याउँदै दर्शकलाई हँसाउने पात्र ढटुवारे हो । यस पात्रलाई जोकर पनि भनिन्छ । विशेष हँसाउने किसिमको पहिरन लगाएर उट्पट्याङ्ग नृत्य तथा अभिनय गर्दै दशर्कलाई मनोरञ्जन प्रदान गर्नु यस पात्रको भूमिका हो । यस पात्रको स्थानीय भेषभूषा, भोटो, इष्टकोट, भाङ्ग्रा, कछाड, बिर्के टोपी, सिंगारिएको मुखाकृति भएको पोशाक हुन् । कुनै ठाउँमा ढटुवारेलाई लवरणँडे वा जोगी पनि भनिन्छ ।

**ङ) गर्रा**

गरुवाले झिकेको गीतलाई छोप्ने वा गाउने पात्रलाई गर्रा वा सहयोगी गायक भनिन्छ । यिनीहरू मञ्चको बाहिर बसेर गीत गाउँछन् । यसरी विभिन्न पात्रले विभिन्न भूमिका पूरा गर्दछन् । गर्राभाइहरू पनि ४/४ जनाको दुई समूहमा पङ्क्तिबद्ध हुन्छन् ।

**च) मादले**

मारुनी र पुसुङ्गेको साथमा मादल बजाएर नाच्ने पात्र मादले हो । विभिन्न तालमा नाचको स्वरूप परिवर्तन गर्ने काममा यिनीहरूको मुख्य भूमिमा रहन्छ । दुईजनाको सङ्ख्यामा रहने मादलेहरू पनि स्थानीय भेषभूषामा हुन्छन् ।

**छ) मुजुरे**

मादलेको तालमा मुजुरा बजाउने सहयोगी पत्रलाई मुजुरे भनिन्छ । सङ्गीतलाई अझै आकर्षक बनाउने भूमिका मुजुरेको हुन्छ ।

### ४.४.५ सोरठीको परिवेश

सोरठीको परिवेशमा विशाल परिवेशको चित्रण यहाँ मुख्यतः अलौकिक परिवेश र लौकिक परिवेशको चित्रण गरिएको हुन्छ । लोकसमुदायको सामूहिक अवचेतनले स्वीकार गरेका स्वर्ग जादु तथा जादुमयकार्य र कल्पनालोकको उडान अलौकिक परिवेश हुन् । सोरठी कथाभित्र स्वर्गको चित्रण गरिएको छ । साथै मानिस ज्यूँदै स्वर्गमा जानु, मोहनी बाँसुरी, जादुको असाधारण शक्ति जादुमयी उडान, जादुमहल, जादुयुद्ध, मृत मानिस जादुद्वारा बाँच्नु आदि कार्यहरू सामूहिक अवचेतनका उपज हुन् र सोरठीमा यी सबै अलौकिक परिवेशको चित्रण पाइन्छ ।

लौकिक परिवेश भन्नाले पृथ्वी र मानवसँग सम्बन्धित यथार्थ वातावरणलाई सम्झनु पर्छ । सोरठी चित्र चित्रण गरिएका भौगोलिक स्थानहरू लौकिक परिवेश हुन् । वृजभारको मूलथलो भारतको चितौरागढ अनुमान गरिएको छ । त्यहाँबाट प्रारम्भ गरिएको उनको यात्रा हेवाञ्चलपुर अमरपुर, रत्नपुर (विहार), फूलपुर सहर (उत्तरप्रदेश), केदलीवन (देहरादुन), सुवुकी नगर, हेवलपुर, जमुनापुर, सोरठपुर, (सुरत सहर, गुजरात) तथा दक्षिणी भारत भोजपुर, चम्पापुर र लीलापुर एवं नेपालको गण्डकीसम्म भएको पाइन्छ । प्रेम र गुरु आज्ञाको पालनको निम्ति एक युवकद्वारा गरिएको जीवनको उत्सर्गलाई यस कथामा राम्रोसँग चित्रण गरिएको छ । यी सबै यथार्थहरू काल्पनिक हुन् ।

### ४.४.६ सोरठीमा अभिनय र रङ्गमञ्च

सोरठी नृत्यप्रधान लोकगीत हो । यो कुनै निश्चित आयोजित रङ्गमञ्चमा अभिनय गरिदैन । गाउँघरमा कुनै घर आँगन वा सार्वजनिक स्थलमा खुल्ला ठाउँमा यसको अभिनय गरिन्छ । कुनै ठाउँमा सामान्य छादनमा ध्वजापतका सहितको सिङ्गारिएको रङ्गमञ्चको

व्यवस्था भएको पनि पाइन्छ । यस नृत्यमा अङ्कदृश्यको व्यवस्था हुँदैन न त कुनै पर्दाको व्यवस्था हुन्छ । सोरठीको नृत्य वा अभिनय गीत र मादलको तालअनुसार भिन्नभिन्न हुन्छ । गायकहरूका अनुसार यसको नाचमा १६ ताल, १६ भाका र १६ प्रकारका अभिनय हुनछन् तर सामान्य दर्शकले यी विविध ताल र लयलाई छुट्याउन सक्दैनन् । यस नाचको अध्ययनमा २२ भाका र ४ ताल भेटिएका छन् । यस नाचमा आङ्गिक, वाचिक र आहार्य अभिनय हुन्छ । विभिन्न भाका र गीतहरू फेरिएर यसको गीतिअभिनय सकिएपछि सोरठी पूर्ण हुन्छ । यो सामूहिक कोमल नृत्य हो ।

### ४.४.७ सोरठीका उद्देश्य

सोरठी मनोरञ्जनपूर्ण नृत्यप्रधान लोकगीत हो । ग्रामीण क्षेत्रका जनसामान्यको मनोरञ्जनको माध्यम लोकउत्सव, लोकनृत्य भएकोले सोरठीको प्रदर्शन पनि मनोरञ्जन नै हो । सोरठीका माध्यमले लोकशिक्षा दिनु यसको अर्को उद्देश्य हो भने लोक धार्मिक आस्थाको संरक्षण पनि यसको उद्देश्य रहेको छ । यिनै तिन उद्देश्यलाई पूर्ति गर्ने उद्देश्यले सोरठीको प्रदर्शन हुँदैआएको छ । वर्तमान समयमा गाउँघरमा कुनै सामाजिक कार्य सम्पन्न गर्न आवश्यक आर्थिक सङकलन गर्ने उद्देश्य पनि रहि आएको छ ।

### ४.४.८ सोरठीको भेषभूषा

रानीपोखरी गाविसमा नाचिने यस सोरठीमा परम्परागत संस्कृति झल्काउने चौबन्दी मखमली चोलो, पछ्यौरा, पटुका आदि पहिरनका साथै घाँघर, गुन्यूको साथमा कण्ठी (ठूलोपोते) पोते चुरा माला आदि गहना लगाउने हुनाले शिल्प विद्यानमा तडकभडक तथा आडम्बर हुँदैन । पुरुषपात्र पुर्सुङ्गेको पनि टाउकामा फेटा, भोटो र इस्टकोट काँधमा मजेत्रो आदि परम्परागत नै रहेको पाइन्छ । पहिला मारुनी पुर्सिङ्गे पात्रका खाली खुट्टा नाचिने परम्परामा भने सुधार गरिएको पाइन्छ । यसै गरा मारुनीको शिरमा मुकुटबिना पनि नाचिएको पाइन्छ ।

### ४.४.९ सोरठीको भाषाशैली

भाषा मानवीय भावना तथा विचारहरूको सञ्चार गराउने माध्यम हो । भाषाकै माध्यमबाट विचारको आदानप्रदान गरिन्छ । गीत, गाथा, साहित्य कथा आदिको निर्माण पनि भाषाबाट नै हुन्छ । हरेक भाषाले आफ्नो मानक रूप निर्धारण गरेको पाइन्छ र आफ्ना पाठक

वा श्रोताहरूको मनोभावको हस्तान्तरण गर्ने कार्यमा एकरूपता ल्याएको पाइन्छ । तर लोकस्तरमा बनेका गीत, गाथा, कथा, काव्य आदिमा भाषाको स्थानीय रूपलाई प्रयोगमा ल्याइने हुनाले मूल (मानक) भाषाका प्रयोक्ताहरूका निमित्त स्थानीय भाषा वा भाषिकाहरू केही दुर्वोध्य हुन्छन् ।

सोरठी अभिनय मात्र नभएर लोकभाषामा निर्मित गाथा पनि हो । यो मानक नेपाली भाषाभन्दा भिन्न प्रकृतिको भाषामा निर्मित छ । यसमा संस्कृत, नेपाली, हिन्दी, भोजपुरी र मगर भाषाको मिश्रित प्रयोग पाइन्छ । यी भाषाका शब्दहरू पनि विकारयुक्त रूपमा प्रयोग भएको हुनाले सोरठीमा प्रयुक्त भाषा कठिन हुन्छ । नेपाली भाषाका मौलिक झर्रा शब्दहरू पनि स्थानीय प्रभावका आधारमा सोरठीमा भिन्न किसिमको प्रयोग भएका हुन्छन् । रानीपोखरी क्षेत्रमा नाचिने सोरठी नाचमा गाइने गीतमा पनि स्थानीय लोकभाषाको प्रचुर मात्रामा प्रयोग भएको पाइन्छ । प्रश्नोत्तरात्मक एवं संवादात्मक भाषाशैलीको प्रयोग गरी यस नृत्यलाई आकर्षक तुल्याइएका हुन्छन् । यहाँ सोरठी गीतमा प्रचलित भाषाका रूपहरू र तिनका मानक नेपालीमा अर्थ तल प्रस्तुत गरिएका छन् :-

भयै - भाई

बरियात- जन्ती

सररथ - सामर्थवान

तमु - तिमी

हामू-हामी

गरिभै-गर्भ

बाबै -बाबा

हरिषै - हर्ष खुसी

पहिलय -पहिला

औतार-अवतार

माहादेउ - महादेव

ओखती -औषधि

बालै-छोरा, नानी

पुरवय-पूर्व

लक्षिमण -लक्ष्मण

फाइदेऊ -फुकाइदेउ

तितरी -तित्रो, चित्रो चरो

पँधेर्नी - पानी बोक्ने आइमाई

ऐयारी - शिकारी

प्रमेश्वर -परमेश्वर

भय -भाइ

दिदै-भेर्ने - दिदी-भिनाजु

जिहारा - ज्यान

भिखिया - भिक्षा

सुरय -जस्तो, जस्तै

दुबार - द्वार, ढोका

तितरी - तित्रो चित्रो चरो

माथि उल्लेखित स्थानीय भाषाको प्रयोगले सोरठी नृत्य हृदयस्पर्शी र रोचक भएको छ । सोरठीमा स्थानीय भाषाका साथै दोहोरी गायन शैलीको प्रयोग ज्यादा पाइन्छ । उदाहरणको लागि तल नमुनाको रूपमा उदाहरण प्रस्तुत छ । जस्तै :-

समूह-क

हो ! कति ल्याऊँ हात्ती र घोडा कति ल्याऊँ जन्ती र बरियाँत

हो ! एक लाख हात्ती र घोडा हो हो । एकै र लाख जन्ती र बरियात

हो ! कति र ल्याऊँ गहना गुरिया कति ल्याऊँ लत्ताकपडा

हो ! शिर पाव गहना गुरिया हो ! हो ! सिरै पाऊलत्तकपडा !

समूह-ख

कोनैवर जाऊँ दाजै बनि र बास

पुरवै वर जाऊँ भने हो ! सुरपले छकैला सुरयको लागैला दाष

पक्षिभेवर जाऊँ भने जललै छेकैला जलैको लागैला दोष ।

दक्षिर्णेवर जाऊँ भने अउलले छकैला भउलको लागैला दोष

मरा दाजै जिहाराको भयो अपराध ।

समूह-क

काहाँबाट आवैला लटेजोगी अलकै जगाई

पुरवैबाट हो आवैला जोगी अलकै जगाई

हामु त खान्छौं कण्ड र मुल कहि भिखिया दिउँ हामुले

जो जो भिखिया खावैला माई सोही भिखिया देऊ हामुलाई ।

समूह-क, ख

हो ! कसले हौ चेली बुहारी कसके हौ तमुनारी

हो ! दशरथके चेली बुहारी उनै परभुके नारी ।

उल्लेखित लोकभाषाको प्रयोग र प्रश्नोत्तरात्मक शैलीमा गरिएको वार्तालापको प्रस्तुतीले यस सोरठी नृत्यको उत्कृष्ट विशिष्टता झल्काउने काम गरेको छ ।

## ४.५ सोरठीको विशेषता

सोरठी ऐतिहासिक तथा धार्मिक कथामा आधरित नृत्यप्रधान लोकगीत हो । यसमा आनुष्ठानिक तत्त्व, सङ्गीत तत्व, परम्परागत भेषभूषा, गीतिनृत्य तत्त्व, नारी पात्रको प्रधानता, सन्दिग्ध ऐतिहासिकता, मौखिक अभिव्यक्ति, आदि विशेषताहरू छन् । मङ्गलगान, आनुष्ठानिकता, सन्दिग्ध ऐतिहासिकता, रोमाञ्चक प्रेमाख्यान, पुरुषपात्रद्वारा स्त्रीपात्रको अभिनय, परम्परागत मौखिक अभिव्यक्ति, सङ्गीतात्मकता, खुल्ला रङ्गमञ्च तथा दृश्य विधान, परम्परागत भेषभूषा, स्था  नीयता, कथानकयुक्त गीतिनृत्य आदिलाई सोरठीको मुख्य विशेषता नै मानिन्छ (पराजुली, २०६३:७) ।

अतः ती विशेषताहरूलाई मूलभूत रूपमा निम्न बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ :-

### ४.५.१ मङ्गलगान

कुनै पनि कार्य गर्दा अनिष्ठ नहोस् भनी देवीदेवताहरूको पुकारा गर्ने नेपाली लोक परम्पराको प्रभाव सोरठीमा पनि परेको छ । सोरठीमा मङ्गलाचरणलाई सरस्वती जगाउने वा बन्धन बाँध्ने भन्दछन् । सोरठी गीत र नाच निर्विघ्न रूपले पूर्णहोस् भन्ने कामनाले देवीस्तुति गरिन्छ । सोरठीमा धेरै तन्त्र युद्धको चर्चा पाइन्छ । जादुगरहरूले सोरठी नाचमा कुनै बिघ्न नपारून् भन्ने उद्देश्यले पनि मङ्गलगान गाउँने परम्परा छ । सोरठीमा मादले, नर्तकहरू तथा

गर्राहरूले तन्त्रविधिसहित विगुँत लगाउने प्रचलन छ । सोरठीभित्र प्रयोग भएका केही मङ्गल सूचक गीतहरू यस प्रकार छन् ।

प्रथम प्रमाण है धरती माता
धरती माता, धरतीमाता
समय रछ निरमल
हो सखी मादल बाँध है
उही पछि प्रमाण चन्द्र र सूर्य
चन्द्र र सूर्य, चन्द्र र सूर्य
तुमारे माया
समय रछ निरमल
हो सखी मादल बाँध है
ठावै ठावै देउराली माता
शिरै हामरो
नटेश्वरी देवता
शिरै हामरो

यसरी आफ्ना इष्टदेवताहरूलाई माङ्गलिक प्रमाण गरी सोरठी नाच प्रारम्भ गरिन्छ । यो सोरठीको आफ्नो मौलिक विशेषता हो ।

**४.५.२ आनुष्ठानिकता**

सोरठी लोकनृत्य आनुष्ठानिक तथा संस्कारबद्ध लोकनृत्य हो । विभिन्न ठाउँ र प्रचलनअनुसार सोरठी नृत्यको प्रारम्भ गर्दा देवीदेवताको पूजा आराधना गरिन्छ । अध्ययन गरिएको रानीपोखरी गाविसमा यस अनुष्ठान गर्दा सुरुमा दीप जलाउने, सरस्वतीको वन्दना गाउने आदि गरिन्छ । विशेषत नवरात्रिको कालरात्रिमा कालीको पूजाआजा गरी सुरु गर्ने र वसन्त पञ्चमीमा पुनः सरस्वतीको पूजा गरेर यसको समापन गरिने जस्तो आफ्नै किसिमको आनुष्ठानिक पद्धति यस गाविसमा रहेको छ । यसरी सोरठीमा शक्तिकी देवी कालीको पूजा प्रारम्भ गरी र विद्याकी देवी सरस्वतीको पूजा गरी समापन गराउनुले स्थानीय जनतामा देवीप्रतिको विश्वास प्रकट भएको पाइन्छ । कतिपय ठाउँमा हिमचुली, देउचुली र वरचुली जस्ता प्राकृतिक देवताको पूजा गर्ने प्रचलन छ भने कही सत्यनारायणको पूजा गरी नटेश्वरीलाई धूपधुवार गरी सोरठी प्रारम्भ गरिन्छ । यो कार्य गर्दा मारुनीमा कम्प उत्पन्न हुने पनि गर्दछ ।

#### ४.५.३ रोमाञ्चक प्रेमाख्यान

सोरठी रोमाञ्चक प्रेमाख्यान हो । यस प्रेमाख्यानमा वृजभार र सोरठीको प्रेम प्रसङ्ग साह्रै महत्त्वपूर्ण छ । आफ्नो प्रियसीलाई भेट्न बृजभारलाई जति कठिनाई भोग्नुपऱ्यो त्यो पढ्दा हाम्रो हृदय रोमाञ्चित हुन्छ । बृजभारको रूपबाट मोहित युवतीहरूको विवाह प्रस्ताव, काम विक्षिप्त युवतीहरूको प्रेमीमाथि गरेको विभत्स आक्रमण, जादुगरी युद्ध आदि यस आख्यानमा रोमाञ्चक पक्ष हुन् । यो आख्यान नेपाली साहित्यको मध्यकालीन प्रेम आख्यानसँग मिल्दो छ ।

#### ४.५.४ पौराणिक कथावस्तु

रानीपोखरी गाविसमा प्रचलित सोरठी नृत्य मूलतः रामायणको कथावस्तुमा आधारित छ, तापनि यसको साथसाथै अन्य कथावस्तुहरू पनि पाइनुको साथै स्थानीय विशेषता पाइन्छन् ।

#### ४.५.५ अनौपचारिक रङ्गमञ्च

रानीपोखरी गाविसमा नाचिने सोरठी नाच घरको आँगन, चोक, मठमन्दिर, मेलाजात्रा, उत्सव भएका ठाउँमा खुल्लारूपमा नाचिन्छ । यस नृत्यका लागि सजिसजाउ गरिएको औपचारिक रङ्गमञ्चको आवश्यकता पर्दैन । अत्यन्तै आडम्बर विहीन खुल्ला आँगन यसका लागि पर्याप्त रङगमञ्च हो ।

#### ४.५.६ सङ्गीतात्मकता

गीत, बाजा र नाचको समुच्चा रूपलाई सङ्गीत भनिन्छ । सङ्गीतका बारेमा यस पक्षलाई मनन गर्दा सोरठीमा यी तिनै तत्त्वको समिश्रण पाइन्छ । यहाँ लयात्मकता, भाव अभिव्यञ्जना,ताललय, सुरसहितको वाद्यवाद्यन (मादल, झ्याली, चाँप, मुजुरा) तथा आङ्गिक, वाचिक एवं अभिनयको संयोग पाइन्छ । प्राचीन भाषिक अभिव्यक्ति भएको हुनाले गीतको रागात्मक अभिव्यक्ति केही कमजोर अनुभव भए पनि लयाश्रित अभिनयले गर्दा यसको दृश्य रूप आकर्षक हुन्छ (पराजुली, २०६३:१३) ।

#### ४.५.७ परम्परागत भेषभूषा

सोरठीका पात्रहरू परम्परागत भेषभूषामा रहन्छन् । प्रायः पुरुष पात्रले भोटो, कछाड, भाङ्ग्रा, इष्टकोट, नैनसुटको फेटा आदि लगाउँछन् भने मारुनीको चौबन्दी चोली, मजेत्रो, पटुका, घाँघर वा सारी नेपाली परम्पराअनुसारका सुनका गहनाहरू पोते, मुगलमाला, चाँप आदि पहिरिन्छन् । सोरठीको विशेष आकर्षण आफ्नो निजीपन र परम्परागत भेषभूषाले नै गर्दछ । यसमा आफ्नो जातीय पहिरनलाई महत्त्व दिइएको हुन्छ । सोरठीको पहिरनले जातीय परम्पराको भेषभूषालाई अद्यावधि जीवित राखेको छ ।

### ४.५.८ स्थानीयता

सोरठी नेपाल र भारतको विभिन्न क्षेत्रमा नाचिन्छ, गाइन्छ । यसका विभिन्न रूपहरू हुन्छन् । र हरेक रूपमा स्थानीय संस्कृति, भूगोल र रीतिरिवाजको प्रभाव परेको हुन्छ । सोरठी नृत्य नाटिका नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको धरोहर हो तापनि सोरठी गाथाको रूपमा यसको स्वरूप भारतको विभिन्न प्रान्त हुँदै गुजरातसम्म फैलिएको छ । हरेक ठाउँमा पाइने गाथाहरूमा स्थानीय संस्कृति र जातीय संस्कृतिको प्रभाव परेको छ ।

### ४.५.९ मादलको तालअनुसारको नाच

सोरठी नृत्यमा गीतको बोल र अभिनयबिच त्यति तालमेल भएको पाइँदैन । नाच मादलको तालमा निर्धारित हुन्छ । मादलको बोलहरूले नै नाच्नेहरूलाई विभिन्न तरिकाबाट नाच्न कर लगाउँछ । मादलको आशयबाट गीतलाई पटक पटक दोहोर्‍याइन्छ । जब मादलको ताल काटिन्छ तब गीत र नाच एकै साथ रोकिन्छ । प्रायः मादल नरोकिदासम्म गीत दोहोर्‍याइन्छ । साथै यसमा प्रयोग हुने मादल, झ्याली, चाँप र मजुरा आदि पनि लोकबाजाहरू नै हुन्छन् ।

### ४.५.१०. पुरुषपात्रद्वारा स्त्रीपात्रको अभिनय

यस लोकनृत्यको निजी विशेषताभित्र पर्ने एउटा पक्ष पुरुषपात्रद्वारा स्त्रीपात्रको रूपसहित अभिनय गर्नु हो । यस नृत्यमा पुरुष पात्रले नारी पात्रको श्रृंगार गरेर अभिनय गर्छन् । विशेषगरी मारुनी ठिटो युवकलाई बनाइन्छ । यसरी पुरुष पात्रलाई सिंगारपटार गरी स्वास्नी मानिस बनाइएकोले वा मारुनी सिंगारेर नाचिने नृत्य भएकोले नै यस नृत्यलाई मारुनी नृत्य पनि भन्ने गरिन्छ ।

### ४.५.११ परम्परागत मौलिक अभिव्यक्ति

यस गा.वि.स.मा नाचिने सोरठी लोकनृत्य परम्परागत रूपमा एक पुस्ताबाट अर्को पुस्तामा गुरु परम्परामा मौखिक रूपमा सर्दै जाँदा गीत तथा अन्य पक्षमा समेत मौलिकता थपिदै गएको पाइन्छ । कथावस्तुमा पनि पौराणिक रामायणको भन्दा केही भिन्न र सरल स्वाभाविक जीवन सुहाउँदा विषयहरू यसका मौलिक एवं रोचक विशेषता मानिन्छ ।

### ४.५.१२ धर्म तथा संस्कृतिमूलक जनजीवन

लोकधर्म, लोकाचार वा लोकविचारलाई प्रस्तुत गर्ने क्रममा सोरठी नृत्यले पनि महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । मानिसका अन्तर्मनमा रहेका धार्मिक भावनाहरूलाई यस लोकनाचका मध्यमबाट अभिव्यक्ति गरिएको पाइन्छ । सोरठीको प्रचलन रहेका जातिहरूमा

विषयवस्तुलाई प्रस्तुत गर्ने क्रममा आ-आफ्नो धार्मिक परम्परा वा संस्कृति अनुरूप देवी देवताहरूको पूजाअर्चना आदिलाई प्रस्तुत गरेको पाइन्छ । परम्परागत लोक नृत्य सोरठीमा विद्यमान धार्मिक स्वरूपले लोक धर्मका निम्न प्रचलनलाई चित्रण गरेको छ ।

(क) लोक धर्म

(ख) लोक विश्वास

**(क) लोक धर्म**

लोक धर्म जनजीवनको आस्था एवं निष्ठाको प्रतीक हो । लोकाचार र लोक विचारको समन्वित रूप लोक धर्ममा पाइन्छ । जीवनमा प्रचलित रीतिरिवाजलाई लोक धर्मका रूपमा लिइन्छ (पराजुली, २०४८:३-५) ।

संस्कृति र परम्पराका धनी मगर समुदायको कलाको रूपमा वा प्रचलनको रूपमा रहेको सोरठी नृत्यको सम्पूर्ण कथावस्तुलाई नियाल्दा यसले पौराणिक कथावस्तु भित्र लोक धर्मको चर्चा गरेको पाइन्छ । प्रथमतः धार्मिक अस्थाद्वारा प्रभावित रीतिरिवाज अनुसार सोरठी नृत्यको शुभारम्भ गरिन्छ । देवी देवता सम्भने, बत्ती, धुप बालेर फूल चढाएर पूजा गर्ने विधिविधान रूपमा नवरात्रको कालरात्रीमा गुरुबाले देवीको पूजा गर्ने बसन्त पञ्चमीमा नृत्य गरी समापन गरिन्छ । यसरी सोरठीमा समाजमा विद्यमान देवीदेवताप्रति आस्था एवं विश्वासका भाव भल्केको छ । जस्तै :-

पुरवय समभम कविला औतार हा हा ! पक्षिमय समभम महासागर
हो ! हो ! उत्तरय समभम हो ! कैलाश महादेउ !
हा ! हा ! दक्षिण समभम हा ! हा ! हा ! यमै र लोग
हा ! हामु खेलछम हा हेर हामु खेलछम् भई नीच हो ! हो ! रक्षा गरिदेऊ
काला भैरव समभम समभम गोरखनाथ हा ! हामु खेलछम् रक्षा गरिदेऊ
चण्डी काली समभम समभम वागेश्वरी हा हामु खेलछम रक्षा गरिदेऊ
तेत्तीस कोटी होतै लिई जाऊ हा ! हा ! नाचको रथ देवी
हा ! हा ! सिरैमा चढाऊ हा ! हा ! हामु खेलमछ् हा हेर हामु खेलछम्

हाम्रो लोक धर्ममा ढुङ्गा, पहाड, पर्वतलाई देवता मान्ने प्रचलन छ । यस नृत्यमा पनि सोही अनुसार हिमचुली, देवचुलीजस्ता उच्च पहाडका देवताका साथै चण्डी, कालाभैरव, बागेश्वर, काली आदि स्थानीय देवताहरू सम्भिन्छ । यसैले यहाँको सोरठी नृत्यले लोकधर्मलाई पनि समेटेको छ ।

## (ख) लोक विश्वास

सामाजिक मान्यताका रूपमा रहेका र लोक जीवनमा चलिआएका परम्परागत विश्वास र धारणाहरू लोक विश्वास हुन् । अतः लोक विश्वाससँग सम्बन्धित सोरठी नृत्यमा विद्यमान तत्त्वहरू निम्नानुसार छन् ।

### अ) स्वप्नमा विश्वास

नेपाली लोक समुदाय तथा जनमानसले स्वप्नलार्य भावी शुभ तथा अशुभ घटनाका सङ्केतका रूपमा लिएको पाइन्छ । सोरठीको कथावस्तुमा सीताहरण हुने बेला राम सपनामा खराउ हराएको देख्छन् । यसले नेपाली लोक समाजमा विद्यमान लोक विश्वासलाई सङ्केत गर्दछ । जस्तै :-

लौन किन हो राजै लोन किन हो दाहिने आँखा फुर्फुरायो लौन किन हो
हे मनै डरायो रानी मनै डरायो मेरो पनि सपनमिा खराउ हरायो
क्यै त हुने भो दाजै क्यै त हुने भो सपनीको विचारले क्यै त हुने भो ।

### आ) अलक्षिन लाग्नु

हाम्रो लोक जीवनमा कतिपय मानव व्यवहारलाई लक्षिन र अलक्षिनको रूपमा हेर्ने चलन छ । सोरठी कथामा यसको प्रयोग भएको छ । जस्तै :-

गोडियाले गोडिया कन्याऊ रानी गोडियाले गोडिया कन्याऊ
एक अलक्षिन कर रानी सीता उठी उठी सुपडी केलाऊ
एक अलक्षित कर रानी सीता उठी उठी केश कोर
एक अलक्षिन कर रानी लगियाले सिनकी चिर

### इ) मानवेतर प्राणीमा मानवीय व्यवहार

नेपाली लोक समाजमा रहेका लोक कथाहरूमा झैं यस लोकनृत्यमा पनि मानवेतर प्राणीमा मानवीय व्यवहार पाइन्छ । सीता हरणपछि ऐसेलुलाई आशीर्वाद दिएको जटायु पंक्षीसँग संवाद भएको पाइन्छ । जस्तै :-
ऐसेलुको झाँगैमुनी झरिगयो केश हो ! हो ! सीता रानी हरीलग्यो लङ्काको देश
आशिकै देऊ दाजै आशिकै देऊ हो ऐसेलुको विरुवालाई आशिकै देऊ
चाँदी जैसो फुले सुनै जैसो फले भलै भल मनुष्य खाला
हो देखेथ्यौ कि कल्लरे भाइ हम्रै सीता देखेथ्यो कि नाई

आकासैमा जटायु राजाले रथही र थम्चायो
हो ! कसके हौ चेली बुहारी कसके हौ तमु नारी ।
भेटैमा भयो दाजै भेटैमा भयो हो जटायु राजासँग भेटै र भयो
राम लक्षिमनलाई सबै कुरा सुनाएर मितबाबै परलोक भई
देब्रेकान्छी अङ्गुलीले सतीगति गरी लोन बाबै स्वरिगैको बास

तनहुँ जिल्लाको रानीपोखरी क्षेत्रका मगर जातिमा प्रचलित लोक साहित्यिक परम्परा अन्तर्गत लोक नाटक सोरठीको एक विशेष स्थान रहेको छ । यो विशेष अवसरमा, चाडपर्व, पूजाआजा, हर्ष-बधाई दिने समयमा नाचिने गरिन्छ र सोरठी आश्विन शुक्ल पक्षको नवरात्रीमा विधिवत रुपमा शुरु भई हिउँदभरि नाच्ने गाउने गरिन्छ । प्रायः यो श्रीपञ्चमीको दिनमा उत्साहजनक रुपमा साङ्गे गरिन्छ । यसले लोक जीवनको धर्म, संस्कृति र परम्परालाई एक पुस्तादेखि अर्को पुस्तासम्म लैजाने विशिष्ट काम समेत गर्दछ । लोक नाटक सोरठी श्रृति (मौखिक) परम्परामा जीवित छ । विभिन्न देवीदेवताको आह्वान गरी उनीहरूको शरण परेर आरम्भ गरिने सोरठीको मंगलगान, गुरूपरम्परा, आनुष्ठानिकता, पुरुषपात्रद्वारा स्त्रीपात्रको अभिनय, नृत्य र सङ्गीतको प्रधानता, निश्चित विधि-विधानमा आधारित, अनौपचारिक दृश्य विधान, परम्परागत भेषभूषा आदि सोरठीको विशेषता हुन् भने स्थान, समय, जाति वा वर्ग अनुसार फरक हुनु अर्को विशेषता हुन् । यस क्षेत्रमा मारुनी चरित्रमा आधारित सोरठीमा पौराणिक रामायण कथावस्तु रहेका छन् । दशरथ राजा, रानीहरु, राम-लक्ष्मणको शिकार यात्रा, सीतारामको विवाह, वनवास, रावणसित युद्ध र विजय तथा पुनःअयोध्या फिर्ता हुने जस्ता विविध सरल कथावस्तु एवं गीतात्मक प्रस्तुतीकरण भएको सोरठीमा लोक जीवनका धर्म, संस्कृति, रीतिरिवाज एवं चालचलन समेत उल्लेख गरिएको छ । साथै मादल, मुजुरा र हातका तालीमा सङ्गीतात्मक माधुर्य छर्दै सर्वसाधारणका आँगन, चोकमा प्रदर्शित हुने सोरठीले राष्ट्रियतामूलक, धर्म-संस्कृतिमूलक, वीरतामूलक, ऐतिहासिक एवं सामाजिक लोक जीवनको चिनारी समेटेको छ । यसमा पूजा, आराधना, पर्व, उत्सव, मेला, जात्रा जस्ता लोक धर्म, ज्योतिष एवं शुभ-अशुभ, लच्छिन-अलच्छिन, पुर्नजन्म, तन्त्रमन्त्रमा विश्वास जस्ता लोक विश्वासलाई समेत समेटिएको छ । तसर्थ, यस क्षेत्रका मगर जातिमा प्रचलित लोक नाटक सोरठीले परम्परागत संस्कृतिको पहिचान अवलम्बन गर्नुको साथै यो नेपालको एक प्राचीन सम्पदा पनि हो । त्यसकारण यस्ता लोक संस्कृति र संस्कार बोकेको लोक सम्पत्तिहरुको जगेर्नाको लागि हामीले आ-आफ्नो ठाउँबाट संरक्षण र सम्बर्द्धन गर्न समयमै लाग्नुपर्ने देखिन्छ ।

# अध्याय पाँच

# उपसंहार

## ५.१ सारांश

गण्डकी अञ्चल तनहुँ जिल्लाको रानीपोखरी क्षेत्र पनि भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक दृष्टिकोणले आफ्नै मौलिकपन भएको क्षेत्र हो । लोक साहित्यको विभिन्न विधाले झाङ्गिएको यस क्षेत्रमा नृत्य प्रधान लोकगीत, सोरठीको सर्वाधिक स्थान रहेको छ । रानीपोखरीका सबैजसो गाउँबस्तीमा पुस्तौं पुस्तादेखिको प्रचलित हुँदै आएको लोकसंस्कृतिहरू मध्ये सर्वाधिक महत्त्व राख्ने मौलिक परम्परा लोकनाटक सोरठी नृत्य हो ।

तनहुँ जिल्लाको रानीपोखरी क्षेत्रका मगर जातिमा प्रचलित सोरठीको एक अध्ययन गर्ने क्रममा यसका समस्याहरू र उद्देश्यहरूलाई यस अध्ययनमा देखाईएको छ । तनहुँ जिल्लाको रानीपोखरी क्षेत्रमा बसोबास गर्ने मगर जातिमा प्रचलित सोरठीको स्वरूप र परम्परा के कस्तो छ ? यसको सांस्कृतिक महत्त्व र प्रभाव कस्तो रहेको छ र सोरठीको कथ्यवस्तु र शिल्प विधि आधार के कस्तो छ ? भन्ने समस्याको पहिचान यस अध्ययन-पत्रमा गरिएको छ । यसको उद्देश्य नै ती समस्याहरूको पहिचान गर्नु रहेको छ । सोरठीको विषयमा विभिन्न विद्वान् तथा अनुसन्धानकर्ताहरूबाट अध्ययन र विश्लेषण गरिएको पाइन्छ । अझैसम्म पनि रानीपोखरी क्षेत्रमा प्रचलित रामायण तथा श्रवण कुमारको कथामा आधारित सोरठीको अध्ययन विश्लेषण कुनै पक्षबाट हुन नसकेकोले उक्त अभाव पूर्तिको लागि यो अध्ययन गरिएको छ ।

लोक साहित्य अन्तर्गत लोक नाटक पर्दछ । लोक साहित्य लोक र साहित्य जस्ता दुई शब्दको मिलापबाट बनेको हो । जसको अर्थ लोक अर्थात जनताको साहित्य भन्ने हुन्छ । जनताको कल्याण र हितको लागि जनकल्याणको भावनाले अभिप्रेरित शिष्ट अभिव्यक्ति नै लोक साहित्य हो भन्ने अर्थ बुझिन्छ । यसलाई ग्राम साहित्य, जन साहित्य, अशिष्ट साहित्य आदि शब्दले पुकारेको समेत पाइन्छ । लोक साहित्य अन्तर्गत रहेका लोक नाटक विभिन्न विधाहरूमध्य लोकप्रिय विधा हुन् र लोकहरू माझमा प्रचलित नाटकलाई नै लोक नाटक

भनिन्छ । प्राचीन भनाई अनुसार नाटक सबै वर्गका व्यक्तिहरूले मनोरञ्जन प्राप्त गर्ने साधन हुन् । लोक नाटकको तात्पर्य विशिष्ट शिक्षित समाजभन्दा निरक्षर, साधारण जनसमुदायले मनोरञ्जन प्राप्त गर्ने साधन भन्ने बुझिन्छ । लोक नाटकको अर्थ नै लोक+नाटक अर्थात लोकको अर्थ जनता वा समुदाय हो भने नाटकको अर्थ अभिनय वा अवस्थाको अनुकरण गर्नु भन्ने हुन्छ ।

कुनै व्यावसायिक उद्देश्य नभई विशुद्ध मनोरञ्जनसँग सम्बन्धित लोक जीवनका सुख, दुःख, हाँसो-आँसु, आशा-उमङ्ग, पिर-जलन, पीडा एवं व्यथाहरूलाई विषयवस्तु बनाई लोकले चाहे अनुसारको ठाउँमा मञ्चन हुन सक्ने स्वतःस्फूर्त स्वाभाविक शुद्ध र विकार सहित नाट्य अभिनय नै लोक नाटक हो । यसका तत्त्वहरू कथानक, पात्र, अभिनय, सङ्गीत, भेषभूषा, भाषा, संवाद, उद्देश्य आदि रहेका छन् भने यसको वर्गीकरण विषयवस्तुको आधार, तत्त्वको आधार र कलाको आधारमा गर्न सकिन्छ । तसर्थ लोक नाटक लोक साहित्यको एक महत्त्वपूर्ण लोकप्रिय विधाहरू मध्ये लोक नाटक पनि एक हो ।

रानीपोखरी गा.वि.स. नेपालको गण्डकी अञ्चलको तनहुँ जिल्लाको पूर्वी दक्षिणी भेकमा भएको एक विशिष्ट गा.वि.स.मध्ये एक हो । यस गा.वि.स.मा मगरहरूको बहुलता बढी रहेको छ भने मगर बाहेक ब्राह्मण, क्षेत्री, गुरुङ्ग, नेवार, शाही, कामी, दमाई र अन्य जातिका मानिसहरू पनि बसोबास गर्दछन् । यो गा.वि.स.लोक संस्कृति र साहित्यिक परम्पराले धनी मानिने र परापूर्वकालदेखि नै ऋषिमुनीहरू तपस्या गर्ने तपोभूमिको रूपमा यो ठाउँ परिचित छ । तसर्थ स्थानीय बासिन्दाहरूले यस क्षेत्रलाई ऋषिङ्ग क्षेत्र पनि भन्ने गर्दछन् । बाइसे, चौविसे राज्यहरूको समयमा एकजना सेन राजाले आफ्नो प्यारी रानीलाई नुहाउनको लागि एक विशिष्ट पोखरी बनाएका थिए र त्यसै पोखरीमा रानीले नुवाइधुवाई गर्दथिन् । त्यसैले यस स्थानको नाम रानीपोखरी रहन गएको हो भन्ने स्थानीय बासिन्दाहरूको भनाइ रहेको छ । यस गा.वि.स.मा लोक संस्कृति र लोक साहित्यिक परम्परा रहँदै आएको पाइन्छ । जस्तैः लोक कथा, गाउँखाने कथा भन्ने र विशेष गरी लोक नाटक अन्तर्गत लोक नृत्यहरू- सोरठी नाच, मारुनी नाच, कौरा नाच, तीज गीत र अन्य यस क्षेत्रका आकर्षकहरू रहेका छन् । परापूर्व समयदेखि नै यस गा.वि.स.का बासिन्दाहरू धार्मिक स्वभावका रहँदै आएको र यहाँका स्थानीय चाडपर्वहरूमा दसैं, तिहार, तीज, चैते दसैं, माघे संक्रान्ति, फागुपूर्णिमा र अन्य चाडहरू पर्दछन् ।

यस क्षेत्रमा प्रचलित लोक साहित्यिक परम्परा अन्तर्गत लोक नाटक सोरठी पनि एक हो । यो विशेष अवसरमा वा चाडपर्व, पूजाआजा, हर्ष बधाईका समयमा नाचिने गरिन्छ र सोरठी

आश्विन शुक्लपक्षको नवरात्रीमा विधिवत् रूपमा शुरु भई हिउँदभरि नै नाच्ने गाउने गरिन्छ । प्रायः श्रीपञ्चमीको दिन उत्साहजनक रूपमा साङ्गे गरिन्छ । यो पौराणिक गाथा रामायणमा आधारित छ । यसले लोक जीवनको धर्म, संस्कृति र परम्परालाई एक पुस्तादेखि अर्को पुस्तासम्म लैजाने काम गर्दछ ।

यस क्षेत्रमा सोरठीलाई पाङदुरे तथा मारुनी नाच पनि भन्ने गरिन्छ । पाङदुरे भनेको कोदो हो र कोदो पाक्ने समयमा देखाइने भएकोले यसलाई पाङदुरे भनिएको हो । त्यसैगरी मारुनी शैलीमा (पुरुषलाई स्त्री बनाएर नाचिने) नाचिने भएकोले मारुनी भनिएको हो । विशेष गरी नेपालमा मगर, गुरुङ्ग, कुमाले, दराई आदि जातिमा प्रचलित रहेको पाइन्छ । सोरठी शब्दको व्युत्पत्ति र अर्थ स्पष्ट छैन । विद्वान्हरूबिच सोरठीको अर्थमा मतैक्यता पाइँदैंन । तत्सम् शब्दको सौरष्ट्रीबाट तद्भव शब्द सोरठी भएको भन्ने तर्क शर्मा र लुइँटेल (२०६३:४४५) को पाइएतापनि यी दुई शब्दको बिच अर्थगत सम्बन्ध भने भेटिदैंन । जैसिङ्गे राजाले पन्ध्रवटी रानीपछि सोह्रौं रानी विहे गर्न खोजिएकोले सोह्रवटीबाट सोरठी शब्द बनेको अड्कल गर्न सकिन्छ भने नदीमा बगाइएकी बालिकालाई सोह्रवर्ष पाली बाबुआमालाई फर्काएकोले सोरठी हुन सक्ने लोक विश्वास पनि रहेको छ ।

सोरठी संचालन गर्ने मुख्य व्यक्तिलाई रौरा (गुरुवा/निर्देशक) र ऊ पछिको महत्त्वपूर्ण व्यक्तिलाई गुह्या (प्रमुख सहायक) र गीत गाउने समूहलाई गर्राभाइ वा गोडेभाइ भनिन्छ । सोरठी आरम्भ रौराले देवीदेवता सम्झेर मंगल गीत गाउँछ जसलाई सरस्वती जगाउने भनिन्छ । सोरठीमा गीत गाउने, बजाउने र नाच्ने गरी तिन समूह हुन्छन् । सोरठी प्रारम्भ गर्दा मंगल गीत अनिवार्य मानिन्छ । सोरठीको शुरुवात सरस्वती जगाएर गरिन्छ भने समापन देवी बाँधेर वा सरस्वती पूजा गरेर गरिन्छ अर्थात् यसको आरम्भ मंगलाचरणबाट शुरु भई आशिकाबाट समापन गर्ने गरिन्छ । मंगलाचरण र आशिकाको बिचमा जन्म खण्ड, विवाह खण्ड, विदेश खण्ड, उदास खण्ड रहेका छन् ।

गीतको आख्यान र लय (भाका) को आधारमा यस क्षेत्रमा ठाडो सोरठी र लस्के सोरठी गरी दुई वर्गमा विभाजन गरिएको छ । छिटो मादलको तालसँग छिटो लयमा गाइने एवं नाचिने सोरठी ठाडो सोरठी हुन् र यसलाई देउडा ताल पनि भनिन्छ । यसमा रामायण, कृष्णचरित्र, पौराणिक ग्रन्थको आख्यानमा आधारित कथावस्तुमा गाउने तथा नाच्ने गरिन्छ भने लस्के सोरठी गीत गाउँदा तथा नाच्दा ढिलो लयमा गाउने सोरठीलाई लस्के सोरठी भनिन्छ । यसमा लामी तालको प्रयोग गरिन्छ र यसलाई डारी ताल वा लहरे तालको सोरठी पनि भनिन्छ ।

तसर्थ, यस रानीपोखरी क्षेत्रका मगर समुदायमा प्रचलित लोक नृत्य सोरठीको उत्पत्ति र विकास कहिले र कसरी भयो भन्ने ठोस प्रमाण भेटाउन सकिएको छैन । गुरु परम्पराबाट एकपछि अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको अनुमान रहेको छ । यस सम्बन्धी जुनसुकै अड्कलबाजी भए पनि रानीपोखरीमा सोरठी नाच निकै पुरानो मान्न सकिन्छ । यस गा.वि.स.मा खासगरी मारुनी चरित्रमा आधारित सोरठी पौराणिक कथा रामायण, कृष्णचरित्र एवं श्रवण कुमारको गाथामा आधारित रहेको पाइन्छ ।

## ५.२ निष्कर्ष

तनहुँ जिल्लाको रानीपोखरी क्षेत्रका मगर जातिमा प्रचलित सोरठीको प्रारम्भ सरस्वती बन्दनाबाट हुन्छ, जसमा सरस्वतीका साथै पूर्व, पश्चिम, उत्तर, दक्षिण, स्वर्गलोकमा स्थित देवी देवताहरूको स्तुति गरिन्छ । यस अध्ययनमा पौराणिक रामायण कथा विषयवस्तुमा आधारित सोरठी नृत्य र गीतको अध्ययन र विश्लेषण गर्न खोजिएको छ ।

कथावस्तुको प्रारम्भमा राजा दशरथका तिन वटी रानी भएर पनि एउटै पनि सन्तान नभएको, राजा औषधिको खोजी गर्न गएको र औषधिको प्रयोगले रानीहरूको गर्भ रहेको, छोराहरू जन्मिएको त्यसपछि राजा दशरथको जीवनमा र दरबारमा खुसीयाली छाउँछ । राम-लक्ष्मण सामर्थ्यवान् हुन्छन्, शिकार खेल्न जान्छन्, सीतारामको विवाह हुन्छ । राजा दशरथलाई श्रवण कुमारको अन्धा बुबाआमाको श्राप लाग्छ, राम, लक्ष्मण र सीताको वनवास, वनमा रावणद्वारा सीता हरण, सीताको खोजीमा हनुमान लङ्का पुग्छन् । लङ्का दहन, राम-रावणको युद्ध अनि विजय र रावणको मृत्यु पछि विभिषणलाई राज्य दिएर अयोध्या फिर्ता भएको कुरालाई कथावस्तुमा देखाइएको छ ।

सोरठीको मुख्य पात्रमा गुरुवा, मारुङ्गे र पुरुसिङ्गे एवं सहायक पात्र मादले, मजुरे, ढटुवारे र गायन सहयोगी रहेका देखिन्छ । सोरठीको अभिनय मादलको ताल र नृत्यमा आधारित छ । यसमा विभिन्न किसिमका लोक भाषाको प्रयोग पाइन्छ । जस्तै :- पहिलय, पुरवय, पक्षिमय, हामु, तुम, गरिभै, ऐह्यारी, तितरी, पँधेर्नी, भय, दुवार, भिखिया, जिहारा, बाबै, बालै, वरियात, हरिषै, फाइदेउ, सररथ इत्यादि शब्दहरूले स्थानीय भाषिक विशेषताहरूलाई समेटेको छ ।

सोरठी एक संस्कारबद्ध लोक नाटक हो । रानीपोखरी क्षेत्रका मगर जातिमा प्रचलित यस नृत्यमा सुरुमा सरस्वतीको प्रार्थना गरिनु, धूप, दीप, नैवेद्य, ध्वजा बाँधिनु, बडा दसैंको

कालरात्रीमा कालीको पूजा गरी आरम्भ र श्रीपञ्चमीका दिन सरस्वतीको पूजा गरी विसर्जन गरिनुले धार्मिक विश्वासलाई समेत यसले उजागर गरेको छ । जस्तै :-

पुरवय समभ्कम कविला औतार हा हा ! पश्चिमय समभ्कम महासागर
हो ! हो ! उत्तरय समभ्कम हो ! कैलाश महादेउ !
हा ! हा ! दक्षिण समभ्कम हा ! हा ! हा ! यमै र लोग
हा ! हामु खेलछम हा हेर हामु खेलछम् भई नीच हो ! हो ! रक्षा गरिदेऊ

उपरोक्त गीतमा लोक धर्ममा ढुङ्गा, पहाड, पर्वतलाई समेत देउता भन्ने प्रचलन देखिन्छ । तसर्थ, यहाँको सोरठी नृत्यले लोकधर्मलाई पनि समेटेको छ ।

आँगन खनाइ दाजै आँगन खनाइ हो राजगुरु पुरोहित मण्डप बनाई
आँगन खनाइ हो दाजै आँगन खनाइ...........
केराको थाम लिङाको फेरो हो चँदुवा र धागो तोरन
चँदुवा र धागो तोरन मेरा दाजै चँदुवा र धागो तोरन
धुप दीप सोयम्बर लगन गाँठो सिन्दुर हो ! छैन अब कुनै अपुरो
छैन अब कुनै अपुरोध पुरोहित छैन अब कुनै अपुरो ।
गोडा धोय माता पिता जल खाए सबैले सीतारामको भयो विवाह
सीतारामको भयो विवाह जगत सीता रामको भयो विवाह
दुलाहा र दुलही अनुमाइदिये अयोध्यामै लावा लस्कर
अयोध्यामै लावा लस्कर मेरा दाजै अयोध्यामै लावा लस्कर

उपरोक्त गीतमा सीतारामको विवाहको झझल्को पाइन्छ । यसमा चँदुवा, ध्वजा, केराको थाम, लगनगाँठो, गोडा धुने, जल खाने प्रसङ्गले सामाजिक एवं सांस्कृतिक मान्यतालाई स्पष्ट पारेको छ ।

सोरठीमा कतिपय प्राचीन व्यवहार प्रचलन समेत प्रकट भएको पाइन्छ । त्यस समयका तत्कालीन व्यवहार र स्वभावको बारेमा र सौता सौतामा देखिने डाहा र रिसको बारेमा पनि स्पष्ट देखाउन खोजिएको छ । जस्तै :-

केकईले कुलै गऱ्यो मेरा दाजै केकईले कुनै गऱ्यो
केकईले कुलै गऱ्यो...........
कौशिला सुमित्रालाई बाहिर निकाली केकईले कुलै गऱ्यो
केकईले कुलै गऱ्यो मेरा दाजै केकईले कुलै गऱ्यो
कौशिला सुमित्रालाई बाहिर निकाली केकईले उभिया भण्डार
केकईलाई उभिया भण्डार मेरा दाजै केकईलाई उभिया भण्डार

सोरठीमा अलच्छिन देखिनु, शुभ वा अशुभ हुनु भन्ने प्रसङ्गको रूपमा यसमा उल्लेखित गीतमा गोलाले गोडा कन्याउनु, उठेर सुप्पो केलाउनु, नङले सिन्को चिर्ने कामलाई अलच्छिनको रूपमा लिएको छ र यस्तो गर्न नहुने सन्देश र ज्ञान पनि देखाउन खोजिएको छ । जस्तै :-

गोडियाले गोडिया कन्याऊ रानी गोडियाले गोडिया कन्याऊ
एक अलक्षिन कर रानी सीता उठी उठी सुपडी केलाऊ
एक अलक्षित कर रानी सीता उठी उठी केश कोर
एक अलक्षिन कर रानी लगियाले सिनकी चिर

यस लोक नाटकमा रहेका गीतमा धेरै लोक सांस्कृतिक मान्यताहरू रहेको पाइन्छ । यसमा तल उल्लेखित गीतमा सीता हरण हुनु पूर्व सीताको दाहिने आँखा फर्फराउनु र रामको सपनामा खराऊ हरएको प्रसङ्गले तत्कालीन समयमा स्वप्न एवं अङ्ग फर्फराउनुलाई शुभ वा अशुभ रूपमा लिने लोक विश्वास रहेको देखाउन खोजिएको छ । जस्तै :-

लौन किन हो राजै लोन किन हो दाहिने आँखा फुर्फुरायो लौन किन हो
हे मनै डरायो रानी मनै डरायो मेरो पनि सपनमा खराउ हरायो
क्यै त हुने भो दाजै क्यै त हुने भो सपनीको विचारले क्यै त हुने भो ।

यस लोक नाटकमा राम लक्ष्मण शिकार खेल्न जाँदा पँधेर्नीहरूसँग भेटवार्तालापमा श्रृंङ्गारिक भावना प्रकट भएको छ । साथै जातीयताको भावना एवं जातीय भेदभाव तत्कालीन समयमा रहेको भन्ने समेत प्रकट भएको पाइन्छ । तर राम लक्ष्मणले स्वयंलाई पनि लोहारको छोराहरू भनेका प्रसङ्गबाट हामी सबै एक समान हौं भन्ने कुरालाई समेत त्यस समयमा बुझाउन खोजिएको पाइन्छ । जस्तै :-

हा ! देऊ न जलपान गोरी देऊ न जलपान
हा ! देऊ न जलपान गोरी देऊ न जलपान
हो वनै फिर्ने ऐयारीलाई देऊ न जलपान
हा ! वनै फिर्ने ऐयारीलाई देऊ न जलपान
हामी त केटी लोहारकी वेटी कसरी दिऊँ जलपान
हो ! हामी त केटी लोहारकी वेटी
कसरी दिऊँ जलपान ऐयारी कसरी दिऊँ जलपान
हो ! कसरी दिऊँ जलपान ऐयारी कसरी दिऊँ जलपान
हामी पनि केटा लोहारैका बेटा जसरिनी देऊ जलपान
जसरिनी देऊ जलपान हो गोरी जसरिनी देऊ जलपान

यस क्षेत्रमा प्रचलित सोरठीको मौलिक विशेषताहरू यो मंगलगानबाट शुरु गरिन्छ । आनुष्ठानिकता वा प्रारम्भ र विसर्जन सरस्वती देवीको पूजा आराधनाबाट हुन्छ । साथै मौखिक परम्पराबाट जीवित मारुनीको अनिवार्यता, परम्परागत भेषभूषा, निश्चित उद्देश्यका निम्ति प्रदर्शन, खुला ठाउँमा प्रदर्शन, स्थानीयता, ख्याली गीतको प्रयोग, गुरु परम्परामा निर्देशित र विधिपूर्वक साङ्गयता इत्यादि विशेषताहरू बोकेको यस लोक नाटकले वास्तवमा नै लोक साहित्यमा एक विशिष्ट स्थान ओगटेको छ । यसरी रानीपोखरी क्षेत्रमा प्रचलित सोरठी लोक नाटक स्थानीय संस्कृतिको परिचयाक हुनुको साथै स्थानीय भाषिक, सामाजिक विशेषताले सजिएको पाइन्छ ।

तनहुँ जिल्लाको रानीपोखरी क्षेत्रमा बसोबास गर्ने मगर जातिमा प्रचलित सोरठीको स्वरूप र परम्परा के कस्तो छ भन्ने कुराको स्पष्टसित पहिचान गर्न, यसको सांस्कृतिक महत्त्व र प्रभाव के कस्तो छ भन्ने कुरालाई बुझाउन र यसको कथ्यवस्तु र शिल्पविधि आधार के कस्तो छ भन्ने कुरालाई स्पष्टसित पहिचान गर्ने उद्देश्य सहित यो अध्ययन गरिएको हो । यसले लोक साहित्य तथा यसको मुख्य हाँगो लोक नृत्यलाई जीवन्तता प्रदान गर्न सहयोग पुऱ्याउनेछ । आजभोलि विदेशी गीत, नाच र नाटकहरूको अनुकरण बढिरहेको अवस्थामा एउटै लोक नृत्यको माध्यमबाट विविध सामाजिक, धार्मिक, पौराणिक, स्थानीय एवं जातीय आस्था र लोकविश्वास भएको स्थानीय जनतालाई एकताको सुत्रमा बाँध्दै प्रशस्त मनोरञ्जन एवं संस्कारयुक्त शिक्षा दिन यो लोक नाटक सफल भएको देखिन्छ । यो सरल कथावस्तु एवं गीतात्मक प्रस्तुतीकरण भएकोले यसमा लोक जीवनका धर्म, संस्कृति, रीतिरिवाज एवं चालचलन समेत उल्लेख गरिनुका साथै मादल, मुजुरा र हातका तालीमा सङ्गीतात्मक माधुर्य छर्दै सर्वसाधारणका आँगन, चोकमा प्रदर्शित हुने सोरठीले राष्ट्रियतामूलक, धर्म-संस्कृतिमूलक, वीरतामूलक, ऐतिहासिक एवं सामाजिक लोकजीवनको चिनारी समेत समेटेको छ । यसर्थ, यसका लोक कलाकारहरूको संरक्षण गर्न सकेमा मात्र एकातर्फ लोक संस्कृतिको जगेर्ना हुने देखिन्छ भने अर्को तर्फ विदेशी नक्कललाई केही मात्रामा भए पनि निरुत्साहित पार्न सकिने पनि देखिन्छ ।

त्यसकारण, निष्कर्षमा भन्नुपर्दा सोरठी रानीपोखरी क्षेत्रका र अन्य क्षेत्रका मगर जाति एवं अन्य विविध जातिहरुको एक सांस्कृतिक लोक नृत्य हो । यो नेपालकै प्राचीन सम्पदा पनि हो । बदलिँदो युग र विद्युतीय श्रव्य-दृश्य वा इन्टरनेट वा टि.भी. र अन्य थुप्रै संचारको प्रभावले विस्तारै यस्ता अमुल्य सम्पदाहरू लोप हुने अवस्थामा पुगेका छन् । नयाँ पुस्ताहरूको अभिरुचि

नभएकोले र बुढापाकाहरूको असमर्थता एवं मृत्यु हुँदै गइरहेकोले धेरैजसो लोक नाटकहरू लोप हुने स्थितिमा पुगेका छन् । त्यसैले यस्ता अमूल्य लोक साहित्यका लोक सम्पदाहरूको संरक्षण र सम्वर्द्धनको लागि सम्बद्ध निकायबाट यस्ता कार्यमा लागेका व्यक्ति, अनुसन्धाता एवं लोक कलाकारहरूलाई प्रोत्साहन गर्न अब नितान्त आवश्यक भएको र आफ्ना पुर्खाहरूको मुटुको ढुकढुकी एवं राष्ट्रको लोक सम्पदा जोगाउने कार्यमा युवाहरू समेत सचेत रहनुपर्ने साथै ग्रामीण बुद्धिजीवी एवं मगर समाज तथा युवा क्लव वा अन्य सम्बन्धित पक्षले यसको संरक्षण र सम्वर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्नु पर्दछ । यसकारण, सोरठीको स्वरूप र परम्परा, सांस्कृतिक महत्त्व र प्रभावका साथै कथ्यवस्तु र शिल्पविधि आधारको स्पष्ट पहिचान गर्न अझै अहम् भूमिका खेल्नुपर्ने र यस्ता प्राचीन लोकसंस्कृति एवं संस्कारको पहिचान बोकेका लोक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गर्ने कार्यमा समयमै आ-आफ्नो पक्ष एवं क्षेत्रबाट लाग्नुपर्ने देखिन्छ ।

# सन्दर्भ सामग्री


उपाध्याय, कृष्णदेव (१९८०), **लोक साहित्यका भूमिका**, इलाहावादः साहित्य भवन प्रा.लि. ।

उप्रेती, कुन्दन लाल (१९८०), **लोक साहित्य के प्रतिमान**, अलिगढः भारत प्रकाशन मन्दिर ।

कोइराला, शम्भु प्रसाद (२०५६), **लोकसाहित्यः सिद्धान्त र विश्लेषण**, विराट नगरः धरणीधर पुरस्कार प्रतिष्ठान ।

गिरी, जीवेन्द्र देव (२०५७), **लोक साहित्यको अवलोकन**, काठमाडौः एकता प्रकाशन ।

थापा, धर्मराज (२०३०), **गण्डकीका सुसेली**, काठमाडौंः साझा प्रकाशन ।

**-----------** र सुवेदी, हंसपुरे (२०४१), **नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौंः पाठ्यक्रम विकास केन्द्र, त्रि.वि. ।

**द इन्साइक्लोपिडिया** (१९६३ ई.), न्यूयोर्क, सिकागो वासिङ्गटोन डि.सी. अमेरिका, भोलुम ११ ।

पराजुली, मोतीलाल (२०४८), “लोक साहित्य”, **सोपान**, वर्ष १, अंक १, पृष्ठ ३-५ ।

**-----------** (२०६३), **सोरठी नृत्यनाटिका सैद्धान्तिक अध्ययन**, काठमाडौंः दीक्षान्त पुस्तक प्रकाशन ।

पन्त, कालीभक्त (२०२८), **हाम्रो लोक सांस्कृतिक इतिहास**, काठमाडौंः लेखक स्वयम् ।

पोखरेल, बालकृष्ण (२०५५), **नेपाली बृहत शब्दकोष**, काठमाडौंः ने.रा.प्र.प्र. ।

बन्धु, चूडामणि (२०५८), **नेपाली लोकसाहित्य**, काठमाडौंः एकता बुक्स प्रकाशन ।

बराल, केशरजङ्ग (२०५०), **पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति**, काठमाडौंः ने.रा.प्र.प्र. ।

**-----------** (२०६५), “सोरठी नाच र .....”, **मगर आवाज**, वर्ष १२, अंक १, पृष्ठ ५-७ ।

शर्मा, मोहन राज र लुइँटेल, खगेन्द्र प्रसाद (२०६३), **लोकवार्ता विज्ञान र लोक साहित्य**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

# परिशिष्ट-१

# रानीपोखरी क्षेत्रमा प्रचलित सोरठी गीतहरू

## (क) सरस्वती बन्दना

१. पहिलय समभ्रूम पहिलय समभ्रूम सरस्वती माई
हा ! हा ! हामु खेलमछ्ु हा ! हेर हामु खेलछम्
भई नीच हो ! हो रक्ष गरिदेऊ ।

२. पुरवय समभ्रूम पुरवय समभ्रूम कविला औतार
हा ! हा ! पक्षिमय समभ्रूम् हा ! हा ! पक्षिमय समभ्रूम्
हा ! हा ! हो महाँसागर ।

३. हो ! हो ! उत्तरय समभ्रूम हो ! हा उत्तरय समभ्रूम हो ! हो कैलाश महादेउ
हा ! हा ! दक्षिण समभ्रूम् ! हो ! हा दक्षिणय समभ्रूम् हा ! हा यमै र लोग

४. हा ! हा ! हामु खेलछम् हा ! हे र हामु खेलछम भई नीच हो रक्ष गरिदेऊ ।
हा ! हा ! हामु खेलछम् हा ! हे र हामु खेलछम भई नीच हो रक्ष गरिदेऊ ।

५. आकासय समभ्रूम् आकासय समभ्रूम् तारा नौलाख
हा ! हा ! पातालय समभ्रूम् पातालय समभ्रू हो ! हा वासुकी नाग
भई नीच हा ! हो रक्ष गरिदेऊ ।

६. स्वर्ग लोक समभ्रूम् स्वर्गलोग समभ्रूम् इन्द्रादिलोग
हा ! हा ! जनैलोग समभ्रूम् हा ! हा ! जनैलोग समभ्रूम्
मत्से वराह हा ! हो हामु खेलछम् हा ! हेर हामु खेलछम्
भई नीच हा ! हो ! रक्ष गरिदेऊ ।

७. पशुपति निलकण्ठ, पशुपति निलकण्ठ समभ्रूम् केदारनाथ
हा ! हा ! हामु खेलछम् हा ! हेर हामु खेलछम्
भई नीच हा ! हो ! रक्ष गरिदेऊ ।

८. कालभैरव समभ्रूम् कालाभैरव समभ्रूम् गोरखनाथ
हा ! हा ! हामु खेलछम् हा ! हामु खेलछम्
भई नीच हा ! हो ! रक्ष गरिदेऊ ।

९. चण्डीकाली समभ्रूम् चण्डीकाली समभ्रूम् बाघेश्वरी
हा ! हा ! हामु खेलछम् हा ! हामु खेलछम्

भई नीच हा ! हो ! रक्ष गरिदेऊ ।

१०. मादलै बाँधम् झ्याली बाँधम् मादलै बाँधम् झ्याली बाँधम्
हा बाँधम् कथताल हा ! हामु खेलछम् हा हेर हामु खेलछम्
भई नीच हा ! हो ! रक्ष गरिदेऊ ।

११. मारुनी बाँधम् पुरुसुङ्गे बाँधम् मारुनी बाँधम् पुरुसुङ्गे बाँधम्
बाँधम् सङ्गीसाथ हो हो हमु खेलछम् हो हो हामु खेलछम्
भई नीच हा ! हो ! रक्ष गरिदेऊ ।

१२. तेत्तीस कोटी हातै लिई, तेत्तीस कोटी हातै लिई हातै लिई जाऊ
हो ! हा ! नाचको रथ देवी हा ! हा ! नाचको रथ देवी
हा ! हा ! सिरैमा चढाऊ हा ! हा ! हामु खेलछम् हा ! हेर हामु खेलछम्
भई नीच हा ! हो ! रक्ष गरिदेऊ ।
तमु देवी हो ! हो ! सरस्वती सहारा नै तुम
हो ! हरि पुखय देश सूर्यचन्द्र सहारा नै तुम-२
तमु देवी हो ! हो ! सरस्वती सहारा नै तुम
हो ! हरि पश्चिमय देश रिषिश्वर माई सहारा नै तमु - २
तमु देवी ...........
हो ! हरि उत्तरय देश हिमालचुली माई सहारा नै तुम - २
तमु देवी.........
हो ! हरि दक्षिणय देश उनै जगन्नाथ सहारा नै तुम - २
तमु देवी

## (ख) जन्म खण्ड

१. दशरथ राजा के तिनवटी रानी एक पुत्र नही

१.१ हो ! हरि दशरथ राजाके तिनवटी रानी एक पुत्र नही
हो ! हरि दशरथ........

२. हा ! देऊ न गोसाई देऊ न गोसाई हो ! पुत्र पाउने ओखती देऊ न
हा देऊ न गोसाई देऊ न गोसाई हो ! पुत्र पाउने ओखती देऊ न

२.१ हो ! खाऊ न रानी हो खाऊ न राखी पुत्र पाउने ओखती आऊ न रानी
हो खाऊ न रानी हो..........

२.२ हो खायौ राजै हो खायौं राजै हो ! पुत्र पाउने ओखती खायौं राजै

हो खायौं राजै हो ............

३. हा गरिभै रह्यो रानी गरिभै रह्यो कौशिला सुमित्रालाई गरिभै रह्यो
हा गरिभै रह्यो रानी.............

३.१ हा ! हो एकै मास दुवै र महिना गरिभै रह्यो रानी
हा ! हो एकै मास दुवै र महिना गरिभै रह्यो रानी
हौ कौशिला सुमित्रालाई गरिभै रह्यो ।

३.२ हो ! हो दुवै मास तिने र महिना गरिभै रह्यो रानी - २
हो ! कौशिला सुमित्रालाई गरिभै रह्यो ।

३.३ हो ! हा ! तिनै मास चारै र महिना गरिभै रह्यो रानी - २
हो ! कौशिला सुमित्रालाई गरिभै रह्यो ।

३.४ हो ! हा ! चारै मास पाँचै र महिना गरिभै रह्यो रानी - २
हो ! कौशिला सुमित्रालाई गरिभै रह्यो ।

३.५ हो ! हा ! पाँचै मास छवै र महिना गरिभै रह्यो रानी - २
हो ! कौशिला सुमित्रालाई गरिभै रह्यो ।

३.६ हो ! हा छयै र मास सातै र महिना गरिभै रह्यो रानी - २
हो ! कौशिला सुमित्रालाई गरिभै रह्यो ।

३.७ हो ! हा सातै र मास आठै र महिना गरिभै रह्यो रानी - २
हो ! कौशिला सुमित्रालाई गरिभै रह्यो ।

३.८ हो ! हा आठै र मास नवै र महिना गरिभै रह्यो रानी - २
हो ! कौशिला सुमित्रालाई गरिभै रह्यो ।

३.९ हो ! हा नव र मास दशै र महिना गरिभै रह्यो रानी - २
हो ! कौशिला सुमित्रालाई गरिभै रह्यो ।

३.१० हा ! हो कौशिलालाई रामज्यू सुमित्रालाई लक्षिमण - २
कैकेहीलाई भरत चतुर हा ! कैकेइलाई भरत चतुर
ह ! ह ! कैकेहीलाई भरत चतुर मेरा राजै कैकेइलाई भरत चतुर

४. हा ! हो यसै दिनमा दशरथ राजालाई हरिषैज भयो
हा ! हो यसै दिनमा..........

४.१ हो ! हरि यसै दिनमा अयुध्या नगरी हरिषैज भयो
हो ! हो ! यसै दिनमा अयुध्या नगरी हरिषैज भयो ।

## (ग) बालखण्ड

१. समरथ भयो रामाज्यू लक्षिमण समरथ भयो रामज्यू

१.१ हा.....हो..... दिने बढने, रातले बढने समरथ भयो रामाज्यू

१.२ हा.....हो..... महिनाले बढने वरिषले बढने समरथ भयो रामज्यू
समरथ भयो रामज्यू.....

२. हा.....हो.....देऊ न बाबै देऊ न बाबै
हो.....हातै खेरि धनुकी देऊ न बाबै
देऊ न बाबै, देऊ न बाबै, हामे हातै खेरि धनुकी देऊ न बाबै ।

२.१ हा.....हो..... दिउला बालै हो दिउला बालै
हो..... हातै भरी धनुकी दिउला बालै
दिलाउ बालै हो............

२.२ हा......हो...... देऊ न बाबै देऊ न बाबै
हो.....हाते खेरी भलयी देऊ न बाबै
देऊ न बाबै हो.......

२.३ हा.....हो..... दिउला बालै हो दिउला बालै
हो..... हातै खेरि भलबी दिउला बालै
दिउला बालै हो.......

२.४ हा.....हो..... देउ न बाबै देऊ न बाबै
हो..... हो काँधै भिर्ने ठकुर देऊ न बाबै
देऊ न बाबै हो.....

२.५ हा.....हो..... दिउला बालै हो दिउला बालै
हो.......हो काँधै भिर्ने ठकुर दिउँला बालै
दिउला बालै हो.........

२.६ हा.......हो...... देऊ न बाबै देऊ न बाबै
हो.......हो छुनु मुनु कुकुर देऊ न बाबै
देऊ न बाबै हो

२.७ हा......हो...... दिउला बालै हो दिउला बालै
हो.......हो छुनु मुनु कुकुर दिउँला बालै
दिउला बालै हो..........

## (घ) विवाह खण्ड

१. हा ! पानीको लाग्यो पियास लक्षिमण पानीको लाग्यो पियास
पानीको लाग्यो पियास लक्षिमण पानीको लाग्यो पियास

१.१ निवुवाको डाली चढी हेर भयै पानीको लाऊ उपदेश
पानीको लाऊ उपदेश मेरा भयै पानीको लाऊ उपदेश

१.२ निवुवाको डाली चढी हेरें दाजै पानीको छैन उपदेश
पानीको छैन उपदेश मेरा दाजै पानीको छैन उपदेश ।

१.३ कदमैको डाली चढी हेरें दाजै पानीको छैन उपदेश
पानीको छैन उपदेश दाजै पानीको छैन उपदेश ।

१.४ कदमैको डाली चढी हेरें दाजै पानीको छैन उपदेश
पानीको छैन उपदेश दाजै पानीको छैन उपदेश ।

१.५ जहाँ होलान् हाँसै र बकुल्ला उनीनेर होला जलपान
उनीनेर होला जलपान लक्षिमण उनीनेर होला जलपान ।

१.६ देखें दाज्यै हाँस देखें दाज्यै बकुल्ला देखें दाजै दाजै पानी पँधेर्नी
हा ! देखें दाजै पानी पधेनी माझकी हो गोरी दान ।

२. हा ! देऊ न जलपान गोरी देऊ न जलपान
हा ! देऊ न जलपान गोरी देऊ न जलपान
हो वनै फिर्ने ऐयारीलाई देऊ न जलपान
हा ! वनै फिर्ने ऐयारीलाई देऊ न जलपान

२.१ हामी त केटी लोहारकी वेटी कसरी दिऊँ जलपान
हो ! हामी त केटी लोहारकी वेटी

२.२ कसरी दिऊँ जलपान ऐयारी कसरी दिऊँ जलपान
हो ! कसरी दिऊँ जलपान ऐयारी कसरी दिऊँ जलपान

२.३ हामी पनि केटा लोहारैका बेटा जसरिनी देऊ जलपान
जसरिनी देऊ जलपान हो गोरी जसरिनी देऊ जलपान

२.४ हामी त केटी चमारैकी बेटी कसरी दिऊँ जलपान
कसरी दिऊँ जलपान ऐयारीलाई कसरी दिऊँ जलपान

२.५ हामी पनि केटा चमारैका बेटा उसै गरी देऊ जलपान
उसै गरी देऊ जलपान हो गोरी उसै गरी देऊ जलपान

३. दिउँला जलपान हामी दिउँला जलपान चिनाजानी भइकन दिउँला जलपान

दिउँला जलपान हामी दिउँला जलपान

३.१ दशरथ चन्द्रका राजकुमार दाजुभाइ राम लक्षिमण
दाजुभाइ राम लक्षिमण हो गोरी दशरथ चन्द्रका राजकुमार
दाजुभाइ राम लक्षिमण हो गोरी दाजुभाइ राम लक्षिमण

३.२ जनक रिषिको म कुमारी सीता हिड अब हाम्रै घर जाम
हिड अब हाम्रै घर जाम रामज्यू हिड अब हाम्रै घर जाम

४. पाहुना पो ल्याई राजै पाहुना पो ल्याई हो ! छोरी सीता जानकीले पाहुना पो ल्याई
पाहुना पो ल्याई राजै पाहुना पो ल्याई हो छोरी............

४.१ यिनै हुन प्रमेश्वर यिनै हुन वर यिनै हुन् हाम्रा कुटुम्ब
यिनै हुन कुटुम्ब रानी यिनै हुन् हाम्रा कुटुम्ब
हा ! यिनै हुन् प्रमेश्वर......
हा ! यिनै हुन् हाम्रा कुटुम्ब ......

४.२ मिथली भरी उरदी फिराई सीताजीको कन्यादानलाई
सीताजीको कन्यादानलाई मेरा दाजै सीताजीको कन्यादानलाई

४.३ तिनै लोकका देवतालाई सुपारी काटे विवाहको निम्तो मान्नलाई
विवाहो निम्तो मान्नलाई मेरा दाजै विवाहको निम्तो मान्नलाई

५. हो ! हा ! कति ल्याउन हात्ती र घोडा कति ल्याऊँ जन्ती वरियात
हा ! कति ल्याउ हात्ती र घोडा ........

५.१ हो ! एक लाख हात्ती र घोडा हो ! हो ! एकै र लाख जन्ती वरियात
हो ! एकै र लाख जन्ती वरियात हा ! रामज्यू एकै र लाख जन्ती वरियात

५.२ हो ! कति ल्याऊँ गहना गुरिया हो कति ल्याऊ लत्ता कपडा
हो ! सिरै पाउ गहना गुरिया हो ! हो ! सिरै पाउ लत्ता कपडा

५.३ रचौं दाजै हो रचौं दाजै हात्ती घोडा बरियात रचौं दाजै
रचौं दाजै हो रचौं दाजै..........

६. हे रचौं दाजै रचौं दाजै लुगा लत्ता गहना रचौं दाजै
रचौं दाजै हो रचौं दाजै लुगा लत्ता गहना रचौं दाजै ।

६.१ रचौं दाजै रचौं दाजै हो ! डाडी दर्वार भरया रचौं दाजै
रचौं दाजै हो रचौं दाजै हो ! कलस्यौनी भड्यौली रचौं दाजै

६.३ रचें भयै रचें भयै हो ! विवाहको सारा सर्जम रचें भयै
रचें भयै हो रचे भयै हो ! विवाहको सारा सर्जम रचे भयै

६.४ धोजा पटाका दाजै धोजा पटाका झिलिमिलि मिथिल धोजा पटाका
धोजा पटाका दाजै हो ! धोजा पटाका झिलिमिलि मिथिल धोजा पटाका

७. आँगन खनाइ दाजै आँगन खनाइ हो राजगुरु पुरोहित मण्डप बनाई
आँगन खनाइ हो दाजै आँगन खनाइ...........

७.१ केराको थाम लिङ्गाको फेरो हो चँदुवा र धागो तोरन
चँदुवा र धागो तोरन मेरा दाजै चँदुवा र धागो तोरन

७.२ धुप दीप सोयम्बर लगन गाँठो सिन्दुर हो ! छैन अब कुनै अपुरो
छैन अब कुनै अपुरोध पुरोहित छैन अब कुनै अपुरो ।

७.३ गोडा धोय माता पिता जल खाए सबैले सीतारामको भयो विवाह
सीतारामको भयो विवाह जगत सीता रामको भयो विवाह

७.४ दुलाहा र दुलही अनुमाइदिये अयोध्यामै लावा लस्कर
अयोध्यामै लावा लस्कर मेरा दाजै अयोध्यामै लावा लस्कर

## (ङ) श्रवण खण्ड

१. लैजाऊ बालै हो ! लैजाऊ बालै हो ! दुवै अंधा अंधिनीलाई काँशीयलाई
लैजाऊ बालै हो ! लैजाऊ..........

१.१ हे ! कैसे लैजाऊँ बाबै हो ! कैसे लैजाऊँ हो ! दुवै अंधा अंधिनीलाइ कैसे लैजाऊँ
हो ! कैसे लैजाऊँ बाबै हो ! कैसे........

१.२ हे ! झोकिया बुन बालै झोकिया बुन हो दुवै अंधा अंधिनीलाई झोकिया बुन
हो झोकिया बुन बालै..........

१.३ बाबालाई दाहिने आमालाई देब्रो बिचैमा बालै श्रवण
बिचैमा बालै श्रवण श्रवण बिचैमा बालै श्रवण

२. तिरिखै लाग्यो बालै तिरिखै लाग्यो हो ! दुवै अंधा अंधिनीाई तिरिखै लाग्यो
तिरिखै लाग्यो बालै तिरिखै लाग्यो...........

२.१ हे ! कहाँ छोडी जाऊँ म त केमा राखी जाऊँ हो !
हे ! कहाँ छोडी जाऊँ म त केमा राखी जाऊँ हो !

२.२ जमिनमा राखूँ भने सरिपले डस्ला आकाशैमा जटायू लाग्ला
जमिनमा राखूँ भने सरिपले डस्ला आकाशैमा जटायू लाग्ला

२.३ वृक्षका डालिमा डोरीले बाँध बिचैमा राख श्रवण
बिचैमा राख श्रवण बालै हो ! बिचैमा राख श्रवण

३. हातै लिई माटैको मटुला खोली धालो बालै श्रवण
हो ! हातै लिई माटैको मटुला...........

३.१ हो ! हरि भुकु र भुकु आवाजै सुनी दशरथ राले छाड्यो वान
भुकुमा भुकु आवाजै सुनी दशरथ राजाले छाड्यो वान
हो ! नि राजाले छाड्यो वान दशरथ राजाले छाड्यो वान

३.२ हो ! हरि हरिना झैं हो आवाजै मानी श्रवणलाई लाग्यो वान
हरिना झैं हो आवाजै मानी श्रवणलाई लाग्यो वान

४. मरें मामै म त मरे मामै हो पालङ्गीको साग झैं मरे मामै
मरे मामै म त मरे मामै हो पालङ्गीको...........

४.१ अंधा र अंधिनी तिमी नै सह्यार हो ! अंधा अंधिनी तिमी नै सह्यार
म त मरें मामै म त मरें मामै हो पालङ्गीको साग झैं मरे मामै

५. पानी खाऊ दिंदै पानी खाऊ भेनै हो ! पानी खाऊ दिंदै पानी खाऊ भेनै
हो ! पछि आउँछन् भानिज पानी खाऊ दिंदै ..............

५.१ हे ! पानी खाँदैनौं हामी पानी खाँदैनौं हो भान्दै मार्ने पातकीको
पानी खाँदैनौं - २

५.२ पानी खाऊ दिंदै पानी खाऊ भेनै एक सराप दिएर पानी खाऊ भेनै
पानी खाऊ दिदै पानी खाउ भेनै एक सराप दिएर पानी खाउ भेनै

५.३ प्रदोषनलागोस् हामलाई प्रदोष नलागोस् हो ! सोही वान फर्केर मरन पसोस्
प्रदोषनलागोस् हामलाई प्रदोष नलागोस् हो ! सोही वान फर्केर मरन पसोस्

## (च) अयोध्या खण्ड

१. सोही वान हो ! घोटीमा घोटी समुन्द्रै बहाई
हा ! सोही वान घोटीमा घोटी समुन्द्रै बहाई

१.१ हो ! करि सोही दिन बुनौं हो जालिया त राती मारौं माछिया
हो ! दिन बुनौं जालिया त राति मारौं मछिया
मारिमा मारी दशरथ राजालाई पाहुर

१.२ हो ! हरि सोही माछिया हो
सोही माछिया मारिमा मारी दशरथ राजालाई पाहुर

१.३ हो ! हरि सोही माछिया हो काटीमा काटी फारी अङ्गुलीमा विझ्यो वान
सोही माछिया हो काटीमा फारी अङ्गुलीमा बिझ्यो वान

२. दह्यो रानी मेरा दह्यो रानी हो । अङ्गुलीमा वानै विभ्क्यो दह्यो रानी
दह्यो रानी मेरा दह्यो रानी हो । अङ्गुलीमा वानै विभ्क्यो दह्यो रानी

२.१ वैदै बोर्ला ल्याउ रानी वैदे बोलाई ल्याऊ हो ! यानय पावेलाई
वैदे बोलाई ल्याऊ रानी वैदे ल्याऊ हो ! सैयानय पावेलाई

२.२ एकाली वाचा दुवाली वाचा वाचै बाँधम् तिनै तेवली
एकाली वाचा दुवाली वाचा...........
मेरा राजै वाचा बाँधम् तिनै तेवली

३. केकईले कुलै गऱ्यो मेरा दाजै केकईले कुनै गऱ्यो
केकईले कुलै गऱ्यो...........

३.१ कौशिला सुमित्रालाई बाहिर निकाली केकईले कुलै गऱ्यो
केकईले कुलै गऱ्यो मेरा दाजै केकईले कुलै गऱ्यो

३.२ कौशिला सुमित्रालाई बाहिर निकाली केकईले उभिया भण्डार
केकईलाई उभिया भण्डार मेरा दाजै केकईलाई उभिया भण्डार

४. श्री राम लक्षिमणलाई लेख्यो वनिवास भरतलाई दियो रलाई
श्री राम लक्षिमणलाई लेख्यो...........

४.१ हातै लिय हो खरी पाती चतुर भोजैले लेख्यो
हातै लिय हो खरी पाती चतुर भोजैले लेख्यो

४.२ भित्रै पसे हो ! रामै चन्द्र लक्षिमणले देख्यो
हो भित्रै पसे हो रामै चन्द्र लक्षिमणले देख्यो ।

## (छ) आशीष

१. सुतै लाछि संघार रूपै लाछि दुवार, उघारैला हो
उघारैला घुरुक्कै र दुवार............
जैसा मन हो कहैला उईसो ईश्वरले पुऱ्याउला

२. गोठै भरी भैसी हरि गोठै भरी लक्ष्मी -२
जैसा मन हो कहैला उईसो ईश्वरले पुऱ्याउला

३. ढुङ्गा सरी धन माटै सरी अन्न -२
जैसा मन हो..........

४. पाँचै मार पुत्र तिनै मार कन्या -२
जैसा मन हो.........

५. दुबो झैं मलके हरि पिपलु झैं हलके -२
जैसा मन हो..........

६. काँस झैं फुले हरि बाँस झैं नुघे -२
जैसा मन हो..........

७. नाचने आयो भनि दुखै जहि नमाने -२
जैसा मन हो..........

८. नाचनेले दिएको आषीक घरै भण्डार भरियो
जुगै जुग अजम्बरी रह,
जैसा मन हो..........

९. सधैं हामी आवईनऊ सधैं तिमीले देवईनऊ
तम हे बस तुमारहे गृह हमु चलि जान्छौं
जैसा मन हो..........

१०. दोरपहरी धलक्यो हरि न्याउली चली गुरान्यो
झनिमा गुरर्‍यो न्याउली चरी मेरो मनै धरक्यो
जैसामन हो कहैला उईसो ईश्वरले पुऱ्याउला ॥

# परिशिष्ट-२

## अध्ययनका क्रममा सम्पर्क गरिएका सूचकहरूको नाम

| क्र.सं. | नाम थर | कैफियत |
|---|---|---|
| १. | विन्दु थापामगर | मुख्य स्रोत |
| २. | चन्द्रनाथ पण्डित | गा.वि.स.सचिव |
| ३. | राजु साङुमगर | सम्पर्क व्यक्ति |
| ४. | जंगविर आलेमगर | सम्पर्क व्यक्ति |
| ५. | दानबहादुर मगर | सम्पर्क व्यक्ति |
| ६. | गमबहादुर थापामगर | सम्पर्क व्यक्ति |
| ७. | बमबहादुर मगर | सम्पर्क व्यक्ति |
| ८. | शुभ सुन प्रयास मगर | सल्लाहकार |
| ९. | वने लामकान मगर | गुरुबा |
| १०. | बमबहादुर पुलामी | कलाकार |
| ११. | बमबहादुर थापा मगर | कलाकार |
| १२. | दानबहादुर लामकान मगर | कलाकार |
| १३. | रुद्र बहादुर ब्रेता मगर | कलाकार |
| १४. | टेक बहादुर लामकान मगर | कलाकार |

# परिशिष्ट-३

## सोरठी नाचका तस्वीरहरु













# परिशिष्ट-३

# रानीपोखरीमा प्रचलित सोरठीको अध्ययन

## स्थलगत सर्वेक्षण फारम

सूचक नं...................................(अध्ययनकर्ताको प्रयोजनको लागि)

सूचकको नाम.........................................ठेगाना...........................पेशा.................

उमेर.......................लिङ्ग...............सम्पर्क नं.....................................................

१. तपाईंको विचारमा सोरठी भनेको के हो ?

.............................................................................................................

२. सोरठी लोक नाटक तपाईंको गाउँमा अझै प्रचलनमा छ ?

.............................................................................................................

३. तपाईंको क्षेत्रतिर सोरठीलाई अन्य नाम पनि भनिन्छ कि ?

.............................................................................................................

४. तपाईंको क्षेत्रमा सोरठी गाउने चलन कहिलेदेखि भयो होला ?

.............................................................................................................

५. सोरठी कहिलेदेखि शुभारम्भ गरी कहिले समापन गरिन्छ ?

.............................................................................................................

६. सोरठी गाउनुको उद्देश्य तपाईंलाई के हो जस्तो लाग्छ ?

.............................................................................................................

७. सोरठीमा कुन कन बाजाको प्रयोग हुन्छ ?

.............................................................................................................

८. सोरठीमा कुन कुन पात्रहरू हुन्छन् ?

.............................................................................................................

९. सोरठीमा कस्तो भेषभूषाको प्रयोग गरिन्छ ?

.............................................................................................................

१०. सोरठीमा आख्यानको स्रोत के हो ?

……………………………………………………………………………………………

११. कुन उमेरका मानिसहरू सोरठी गाउन सक्रिय हुन्छन् ?

……………………………………………………………………………………………

१२. सोरठी नृत्यको विधिको प्रक्रिया के कस्तो हुन्छ ?

……………………………………………………………………………………………

१३. सोरठीमा देवी स्तुति किन गरिन्छ ? देवी बाध्दा के के सामग्री चाहिन्छ ?

……………………………………………………………………………………………

१४. सोरठीमा तपाइँले केही परिवर्तन देख्नुहुन्छ ?

……………………………………………………………………………………………

१५. सोरठी संरक्षण गर्न के कस्ता प्रयास भएका छन् ?

……………………………………………………………………………………………

१६. युवा पुस्तालाई सोरठीमा सक्रिय सहभागी गराउन के गर्नुपर्ला ?

……………………………………………………………………………………………

१७. अन्य ठाउँको सोरठी र तपाईंको ठाउँको सोरठीमा के फरक छ ?

……………………………………………………………………………………………

१८. सोरठीको बारेमा तपाइँको जानकारीमा भएका केही कुराहरू तथा सुझावको लागि :

……………………………………………………………………………………………

……………………………………………………………………………………………

……………………………………………………………………………………………

……………………………………………………………………………………………

……………………………………………………………………………………………

……………………………………………………………………………………………

……………………………………………………………………………………………

……………………………………………………………………………………………

सहयोगको लागि धन्यवाद ।